# स्थानीय अनुकुलन कार्ययोजना

# Local Adaptation Plan for Action (LAPA)

बैशाख २०८२

## रामारोशन गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### शान्तडा, अछाम

### सुदूरपश्चिम प्रदेश, नेपाल

**दस्तावेज :**

स्थानीय अनुकुलन कार्ययोजना - २०८२, रामारोशन गाउँपालिका, अछाम

**सर्वाधिकार** : रामारोशन गाउँपालिका, अछाम

**प्राविधिक सहयोग** : नेपाल ब्रोड सर्कल प्रा.लि., काठमाडौं

**निर्माण निर्देशिका :**

स्थानीय अनुकूलन कार्ययोजना खाका, २०७६

जलवायु परिवर्तन न्युनीकरण तथा अनुकूलन राष्ट्रिय कार्यान्वयन योजना (२०८०–२०८७)

स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना, २०६८
National Framework on Local Adaptation Plans for Action, 2011

राष्ट्रिय अनुकूलन योजना (NAP) २०२१-२०५०
National Adaptation Plan (NAP) 2021-2050

## जलवायु परिवर्तन अनुकुलनमा प्रयोग हुने केही महत्वपूर्ण शब्दावलीहरु

| नेपाली शब्द | English Word |
|---|---|
| अनुकूलन | Adaptation |
| अल्पीकरण | Mitigation |
| अवशिष्ट जोखिम | Residual Risk |
| उत्थानशीलता | Resilience |
| क्षमता | Capacity |
| क्षमता विकास | Capacity Building/Development |
| जनचेतना / जनसचेतना | Public Awareness |
| जल तथा मौसम सम्बद्ध प्रकोप | Hydro-meteorological Hazard |
| जलवायु परिवर्तन | Climate Change |
| जैविक प्रकोप | Biological Hazard |
| जोखिम | Risk |
| जोखिम विश्लेषण | Risk Assessment |
| जोखिम व्यवस्थापन | Risk Management |
| जोखिम स्थानान्तरण | Risk Transfer |
| दिगो विकास | Sustainable Development |
| पारिस्थितिक प्रणालीजन्य लाभ | Ecosystem Services |
| पुनर्लाभ | Recovery |
| पुर्व-चेतावनी प्रणाली | Early Warning System |
| पूर्वतयारी | Preparedness |
| पूर्वानुमान | Forecast |
| प्रकोप | Hazard |
| प्रतिकार्य | Response |
| प्रवलीकरण | Retrofitting |
| प्राकृतिक प्रकोप | Natural Hazards |
| भू-उपयोग योजना | Land use Planning |
| भैपरि योजना | Contingency Planning |
| भौगर्भिक प्रकोप | Geological Hazard |
| रोकथाम / निवारण | Prevention |
| वातावरणीय प्रभाव मूल्यांकन | Environmental Impact Assessment |
| वातावरणीय ह्रास | Environmental Degradation |

| नेपाली शब्द | **English Word** |
|---|---|
| विपद जोखिम व्यवस्थापन | Disaster Risk Management |
| विपद व्यवस्थापन | Disaster Management |
| विपद् | Disaster |
| विपद् जोखिम | Disaster Risk |
| विपद् जोखिम न्यूनीकरण | Disaster Risk Reduction |
| सङकटासन्न / सङकटासन्नता | Vulnerable / Vulnerability |
| सम्भाव्य विपद जोखिम व्यवस्थापन | Prospective Disaster Risk Management |
| सम्मुखता | Exposure |
| सामना क्षमता | Coping Capacity |
| सामाजिक-प्राकृतिक प्रकोप | Socio-natural Hazard |
| हरितगृह ग्याँसहरू | Greenhouse gases |

## गाउँपालिका अध्यक्षको सन्देश



जलवायु परिवर्तनको प्रतिकूल असर विश्वव्यापी चिन्ताको विषय बनेको वर्तमान सन्दर्भमा, दिगो विकास र वातावरणीय सन्तुलन कायम राख्न स्थानीय तहको भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको छ। विशेषतः पहाडी भौगोलिक बनावट, जलस्रोतहरूको उच्च संवेदनशीलता, र कृषिमा आधारित जीवनशैलीका कारण हाम्रो रामारोशन गाउँपालिका जलवायु जोखिमका दृष्टिले संवेदनशील क्षेत्रमा पर्दछ।

यस्ता चुनौतीहरूको दीर्घकालीन समाधान खोज्ने प्रयत्नस्वरूप नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय, EBA II परियोजना र रामारोशन गाउँपालिकाको सहकार्यमा तयार गरिएको "स्थानीय अनुकूलन कार्य योजना (Local Adaptation Plan of Action – LAPA)" एक दूरदर्शी दस्तावेज हो। यस योजनाले प्राकृतिक स्रोत-साधनको संरक्षण, समुदायको क्षमता अभिवृद्धि, वातावरणमैत्री विकास, तथा जलवायु जोखिम न्यूनीकरणमा दीर्घकालीन प्रभाव पार्नेछ भन्ने विश्वास लिएको छु।

यो कार्य योजना हाम्रो गाउँपालिकाको जलवायु सम्बन्धी आवश्यकता, जोखिमको स्तर, समुदायको आवाज, तथा स्थानीय ज्ञान र प्रविधिको समायोजनमा आधारित रही तयार पारिएको हो। यसले जलवायु अनुकूलन कार्यहरूलाई संस्थागत रूपमा अघि बढाउने, अनुदान तथा लगानीको स्पष्ट प्राथमिकता निर्धारण गर्ने, र स्थानीय सरकारको नेतृत्वमा वातावरणीय न्याय सुनिश्चित गर्ने मार्गचित्र प्रस्तुत गर्दछ।म यस ऐतिहासिक कार्यमा प्रत्यक्ष वा परोक्ष रूपमा योगदान पुऱ्याउनु भएका सम्पूर्ण सरोकारवाला निकायहरू'नेपाल सरकार, EBA परियोजना टोली, प्राविधिक सहयोगदाता, परामर्शदाता संस्था, कर्मचारी साथीहरू, जनप्रतिनिधिहरू, नागरिक समाजका प्रतिनिधि, महिला तथा युवा समूहहरू लगायत सम्पूर्ण स्थानीयवासीहरूप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु।

अन्त्यमा, यो योजना रामारोशन गाउँपालिकालाई जलवायु अनुकूल, पारिस्थितिक सन्तुलनयुक्त र समृद्ध स्थानीय तहको रूपमा रूपान्तरण गर्ने अभियानमा एक दिगो पाटो सावित होस् भन्ने शुभकामना व्यक्त गर्दछु।

**मान बहादुर साउद**
अध्यक्ष
रामारोशन गाउँपालिका, अछाम
जेष्ठ,२०८२

## गाउँपालिका उपाध्यक्षको सन्देश

**"जलवायु न्यायको सुरुवात स्थानीय स्तरबाट हुन्छ - जहाँ हरेक आवाजले योजना बनाउँछ, र हरेक कदमले भविष्य बदल्छ।"**




आजको युगमा जलवायु परिवर्तन केवल वैज्ञानिक वा वातावरणीय बहसको विषय मात्र होइन, यो **समाजिक न्याय, समावेशी विकास, र महिला तथा सीमान्तकृत समुदायको अधिकारसँग गहिरो रूपमा जोडिएको** मुद्दा हो। विशेषतः पहाडी र ग्रामीण क्षेत्रहरूमा जलवायु परिवर्तनले कृषि प्रणाली, पानीको उपलब्धता, स्वास्थ्य अवस्था र जीविकोपार्जनमा प्रत्यक्ष असर पारिरहेको सन्दर्भमा, त्यसको दीर्घकालीन समाधानको बाटो स्थानीय तहबाटै खोजिनुपर्छ भन्ने बुझाइ हाम्रो हो।

यसै धारणा अनुसार, रामारोशन गाउँपालिकाले तयार पारेको **"स्थानीय अनुकूलन कार्य योजना (Local Adaptation Plan of Action-LAPA)"** एक ऐतिहासिक र प्रेरणादायी दस्तावेज बनेको छ। यो योजना **सामाजिक समावेशिता, लैङ्गिक समानता, समुदायको नेतृत्व र वातावरणीय चेतनालाई संस्थागत गर्ने साझा योजना** हो। **नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, EBA II आयोजना**, तथा प्राविधिक सहयोगदाता **नेपाल ब्रोड सर्कल परामर्शदाता कम्पनी**को साथमा, यस योजनाले हाम्रो पालिकामा जलवायु जोखिम न्यूनीकरण र वातावरणमैत्री विकासलाई व्यवहारमा उतार्ने स्पष्ट मार्गचित्र दिएको छ।

म यो योजनाको निर्माणमा योगदान दिने सबै सरोकारवाला 'जनप्रतिनिधिहरू, कर्मचारी साथीहरू, स्थानीय संघ-संस्था, युवा, महिला समूह तथा समुदायलाई धन्यवाद दिन चाहन्छु। विशेषतः महिलाहरू, कृषकहरू, र स्थानीय अगुवाहरूको अनुभव, आवाज र सहभागिताले यो योजना जीवन्त बनेको छ।

आशा छ, **LAPA** मार्फत हामी केवल जलवायु परिवर्तनको असर कम गर्ने होइन, **एक न्यायपूर्ण, समावेशी र सुरक्षित समाज निर्माणतर्फ** पनि ठोस पाइला चाल्न सफल हुनेछौं।

**सिर्जना देवी बुढा**
उपाध्यक्ष
रामारोशन गाउँपालिका, अछाम
जेष्ठ,२०८२

## शुभकामना - प्रमुख प्रशासकीय अधिकृत

**"स्थानीय योजना, दिगो विकास र जलवायु प्रतिरोधी भविष्यतर्फको सुनिश्चित कदम।"**



वातावरणीय सन्तुलन र जलवायु अनुकूलता आजको समयको अपरिहार्य आवश्यकता बनिसकेको छ। हाम्रो गाउँपालिका जस्तो जैविक विविधतायुक्त, प्राकृतिक स्रोतमा निर्भर तथा पहाडी भौगोलिक बनावट भएको क्षेत्रमा जलवायु परिवर्तनको असर प्रत्यक्ष रूपमा देखिँदै आएको छ। यस्तो चुनौतीपूर्ण परिवेशमा, स्थानीय स्तरमै दीर्घकालीन समाधान पहिल्याउने उद्देश्यले सुरु गरिएको **स्थानीय अनुकूलन कार्य योजना (LAPA)** निर्माण कार्य एक अत्यन्तै सराहनीय र दूरदर्शी पहल हो।

नेपाल सरकार, **वन तथा वातावरण मन्त्रालय**, **EBA II आयोजना**, तथा हाम्रो **रामारोशन गाउँपालिका**को सहकार्यमा, **नेपाल ब्रोड सर्कल परामर्शदाता कम्पनी**को प्राविधिक सहायतामा निर्माण गरिएको यो कार्ययोजना केवल योजना निर्माणको प्रक्रिया मात्र होइन, **स्थानीय समुदायको सहभागिता, आवाज र आवश्यकता समेटिएको बहुआयामिक दस्तावेज** हो। यस योजनाबाट प्राप्त मार्गदर्शनको आधारमा गरिने अनुकूलन कार्यहरूले हाम्रो गाउँपालिकाको प्राकृतिक स्रोतको संरक्षण, जल स्रोतहरूको दिगो उपयोग, विपद् जोखिम न्यूनीकरण, र वातावरणमैत्री पूर्वाधार विकासमा मद्दत पुऱ्याउनेछ। साथै, यसले वातावरणीय न्याय, सामाजिक समावेशिता र महिला तथा सीमान्तकृत समुदायको सशक्तीकरणलाई पनि प्राथमिकता दिएको देखिन्छ।

हाम्रो पालिकाले यस योजनालाई केवल दस्तावेजमा सीमित नराखी व्यवहारमा उतार्ने प्रतिबद्धता जनाएको छ। त्यसका लागि सबै वडाका जनप्रतिनिधिहरू, कर्मचारीहरू, स्थानीयवासी, युवा समूह, नागरिक समाज, तथा सरोकारवाला निकायहरूबीच सहकार्य र सहमति अत्यन्त आवश्यक हुनेछ। यस सन्दर्भमा, म यो योजनाको निर्माणमा प्रत्यक्ष वा परोक्ष रूपमा सम्लग्न **नेपाल सरकार, EBA परियोजना, नेपाल ब्रोड सर्कल परामर्शदाता कम्पनी, गाउँपालिका अध्यक्षज्यू, समस्त जनप्रतिनिधि, कर्मचारी तथा स्थानीय समुदाय**लाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

अन्त्यमा, **"स्थानीय अनुकूलन कार्य योजना"** मार्फत हाम्रो गाउँपालिकाले जलवायु परिवर्तनका चुनौतीहरूको सामना गर्दै सुरक्षित, समावेशी र दिगो विकासतर्फ अघि बढोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

**राम बहादुर भण्डारी**
प्रमुख प्रशासकीय अधिकृत
रामारोशन गाउँपालिका, अछाम
जेष्ठ,२०८२

# कार्यकारी सारांश

मानव जाति र समग्र जीव जगतको भविष्यसँग प्रत्यक्ष रूपमा जोडिएकाले पछिल्लो समय जलवायु परिवर्तन विश्वव्यापी एजेण्डाको रूपमा स्थापित हुँदै आएको छ। वैज्ञानिक अनुसन्धानहरूले देखाएअनुसार हरितगृह ग्यास उत्सर्जनका कारण विश्व तापक्रममा तीव्र वृद्धि भई जलवायु प्रणाली अस्थिर बनेको छ, जसको असर विश्वका सबै भू–भागमा देखिन थालेको छ। यद्यपि, धनी र विकसित राष्ट्रहरूको तुलनामा गरिब र विकासोन्मुख मुलुकहरू, जस्तै नेपाल, अझ बढी प्रभावित भएका छन्। विभिन्न अध्ययनहरूले नेपाललाई जलवायु परिवर्तनको उच्च जोखिम भएका मुलुकहरूको सूचीमा राखेका छन्, जसमा कृषि, जल स्रोत, वनजङ्गल, जैविक विविधता, पूर्वाधार, पर्यटन र जनस्वास्थ्य जस्ता क्षेत्रहरू प्रत्यक्ष रूपमा प्रभावित छन्।

रामारोशन गाउँपालिका जस्तो पहाडी भौगोलिक संरचना भएको क्षेत्रमा जलवायु परिवर्तनको असर झनै संवेदनशील रूपमा देखिन थालेको छ। यहाँको कृषि प्रणाली अस्थिर मौसम, बाढी, पहिरो, असिनापात तथा असिन्चित भू–भागको सिँचाइ अभावका कारण गम्भीर संकटमा परेको छ। विगत केही वर्षहरूमा बेमौसमी वर्षा, खडेरी, बालीको नोक्सानी, र प्रकोपजन्य असरहरूले कृषक समुदायलाई प्रत्यक्ष मारमा पारेको छ। यस्तै, गाउँपालिकाभित्रका नदी, खोल्सा, जलाशय तथा साना मुहानहरूको वहावमा कमी, प्रदूषण तथा जैविक असन्तुलन देखिन थालेको छ, जसले जल स्रोतमा भर पर्ने जनजीवन र जीवजन्तुलाई असर गरिरहेको छ।

वन क्षेत्रतर्फ हेर्दा, गैरदेशीय प्रजातिको फैलावट, वन्यजन्तुको बसोबासमा असहजता, तथा वन विनाशका घटनाहरूले जैविक विविधताको सन्तुलनमा असर पारेको छ। साथै, जलवायु परिवर्तनका कारण भौतिक पूर्वाधार–जस्तै सडक, सिँचाइ, खानेपानी तथा आवासीय संरचना–प्रति पनि जोखिम बढ्दो क्रममा रहेको छ। तापमान वृद्धिसँगै देखिएको रोगको प्रवृत्ति, श्रम क्षमता ह्रास र बसाइँसराइले गाउँपालिकाको जनस्वास्थ्य र श्रम उत्पादन क्षमतामा नकारात्मक प्रभाव पारिरहेको छ।

यी सबै जोखिमहरूलाई न्युनिकरण गर्न र प्रभावकारी व्यवस्थापन गर्न अब जलवायु अनुकूलन तथा सहनशीलता अभिवृद्धिका उपायहरू अवलम्बन गर्नु अपरिहार्य भइसकेको छ। त्यसका लागि सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा स्थानीय समुदायको सहभागितासाथ नीति, योजना र कार्यक्रम तयार पार्नु जरुरी छ। जलवायु वित्त, पूर्वाधार सुदृढीकरण, वातावरणीय सचेतना, र स्थानीय अनुकूलन रणनीतिहरू रामारोशन गाउँपालिकाको दिगो विकासका आधार बन्न सक्छन्।

## बिषय सूची


गाउँपालिका अध्यक्षको सन्देश ..... i

गाउँपालिका उपाध्यक्षको सन्देश ..... ii

शुभकामना - प्रमुख प्रशासकीय अधिकृत ..... iii

कार्यकारी सारांश ..... iv

बिषय सूची ..... v

चित्रहरुको सूची ..... viii

तालिकाहरुको सूची ..... ix

परिच्छेद एक – स्थानीय अनुकुलन कार्ययोजनाको औचित्य तथा मान्यता ..... 1

१.१. पृष्ठभूमि ..... 1

१.२ स्थानीय अनुकुलन कार्ययोजनाको सन्दर्भ तथा औचित्य ..... 2

१.३. स्थानीय अनूकुलन कार्य योजनाको मान्यता एवं निर्देशक सिद्धान्तहरु ..... 5

१.४. स्थानीय अनुकूलन कार्ययोजनाको लक्ष्य तथा उद्देश्य ..... 7

१.४.१. लक्ष्य ..... 7

१.४.२. उद्देश्य ..... 8

१.४.३. लक्ष्य तथा उद्देश्य प्राप्तिका सूचकहरु ..... 9

१.५. स्थानीय अनुकूलन योजना र विपद् जोखिम व्यवस्थापन बीचको अन्तरसम्बन्ध ..... 10

१.५.१. नीतिगत अन्तरसम्बन्ध ..... 10

१.५.२. उद्देश्यगत समायोजन ..... 11

१.५.३. कार्यन्वयनमा अन्तरसम्बन्ध ..... 11

१.५.४. स्थानीय तहका लागि रणनीतिक आवश्यकता ..... 12

परिच्छेद दुइ – रामारोशन गाउँपालिकाको परिचय ..... 14

२.१. भौगोलिक अवस्था ..... 14

२.२. राजनैतिक र प्रशासनिक संरचना ..... 14

२.३. प्राकृतिक श्रोतको अवस्था ..... 15

२.३.१. वन सम्बन्धि विवरण ..... 15

२.३.२. भू-उपयोग विवरण ..... 15

२.३.३. जलश्रोत विवरण ..... 17

२.४. जनसांख्यिक, सामाजिक तथा आर्थिक विवरण....18
२.५. वन तथा वातावरण र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको अवस्था....48
परिच्छेद तीन – स्थानीय अनुकुलन कार्ययोजना बिधि, प्रक्रिया र विश्लेषण....57
३.१. जलवायु परिवर्तन सम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि....57
३.२. संकटासन्नता, जोखिम विश्लेषण तथा वस्तुगत विवरण....57
३.२.१. प्रकोपको ऐतिहासिक घटनाक्रम....58
३.२.२. परिवर्तित मौसमी पात्रो तथा प्रकोप पात्रो र बाली पात्रो....58
३.२.४. तापक्रम र बर्षाका तथ्यांकहरुको विश्लेषण....63
३.२.५. सामाजिक स्रोत तथा संकटासन्नता नक्सांकन....63
३.२.६ प्रकोपको स्तरीकरण....64
३.२.७. जोखिम विश्लेषण....71
३.२.८. प्रकोप तथा जोखिमको स्तर विश्लेषण....75
३.२.९. संकटासन्न वर्ग तथा समुदाय पहिचान....77
३.२.१०. जीविकोपार्जनका स्रोतहरु माथिको प्रभाव विश्लेषण....81
३.२.११. विषयगत क्षेत्रमा पारेको प्रभाव....84
३.२.१२. पारिस्थितिकीय प्रणालीको संकटासन्नता तथा जोखिम विश्लेषण....88
परिच्छेद चार – जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका रणनीतिहरुको पहिचान 95
४.१. अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन योजना....95
४.२. अनुकुलन तथा जोखिम न्युनीकरणका कार्यहरूको प्राथमिकीकरण....99
परिच्छेद पाँच – जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण मुलप्रवाहिकरण....112
५.१ आवधिक योजना तथा विकासका नीतिहरुमा मूलप्रवाहीकरण....112
५.२ स्थानीय तहको वार्षिक योजना, बजेट तर्जुमा र अनुगमन तथा मूल्यांकन प्रक्रियामा मूलप्रवाहीकरण....113
परिच्छेद छ – अनूगमन तथा मुल्याङ्ढन योजना....116
परिच्छेद सात – अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यहरुको तर्जुमा र कार्यान्वयन....120
सन्दर्भ सामग्री....122
अनुसूचीहरु....123
अनुसुची १: स्थानीय अनुकुलन कार्ययोजना तयारीको क्रममा सहभागीहरुको विवरण....123

अनुसुची २: तस्वीरहरु .......... 149
अनुसुची ३: नक्साहरु .......... 160

## चित्रहरुको सूची

चित्र 1: पालिकाको भू-उपयोग नक्सा ........ १७
चित्र 2: पालिकामा पारिवारिक संरचना ........ २१
चित्र 3: धर्म अनुसारको जनसंख्या ........ २१
चित्र 4: जातजाति अनुसारको जनसंख्या ........ २२
चित्र 5: मातृभाषा अनुसार जनसंख्या ........ २३
चित्र 6: आर्थिक काम गरेको अवधिको आधारमा जनसंख्या ........ ३८
चित्र 7: आर्थिक रूपमा निष्क्रिय हुनुका कारण अनुसार जनसंख्या ........ ३८
चित्र 8: आर्थिक क्रियाकलापको पेशा अनुसारको जनसंख्या ........ ३९
चित्र 9: आर्थिक क्रियाकलापको औधोगिक क्षेत्र अनुसारको जनसंख्या ........ ३९
चित्र 10: अपाङ्गताको प्रकारअनुसार जनसंख्या ........ ४२
चित्र 11: अपाङ्गता भएको व्यक्तिको आर्थिक अवस्था ........ ४२
चित्र 12: बसाइँसराइका कारण अनुसारको जनसंख्या ........ ४४

## तालिकाहरुको सूची


तालिका १: स्थानीय अनुकूलन योजना र विपद् जोखिम व्यवस्थापन (DRM) को अन्तरसम्बन्ध ........... 11
तालिका २: पालिकाको वडा विवरण ........ 14
तालिका ३: पालिकाको भू-उपयोग विवरण ........ 15
तालिका ४: वडागत रुपमा घरधुरी संख्या तथा घरको स्वामित्व अनुसार घर (परिवार) संख्या ........ 18
तालिका ५: उमेर समूह र लिङ्ग अनुसार जनसंख्या ........ 19
तालिका ६: विशेष उमेर समूह र लिङ्ग अनुसार जनसंख्या ........ 19
तालिका ७: वडागत जनसंख्या तथा जनघनत्व ........ 23
तालिका ८: सामान्यतया अनुपस्थित (देश भित्र र विदेशमा) घरपरिवार र लैंगिक जनसंख्या ........ 24
तालिका ९: घरको जगको प्रकार अनुसार परिवार संख्या ........ 25
तालिका १०: घरको बाहिरी गारोमा प्रयोग गरिएको सामग्रीअनुसार परिवार संख्या ........ 26
तालिका ११: घरको छानामा प्रयोग गरिएको सामग्रीअनुसार परिवार संख्या ........ 27
तालिका १२: घरको भुँईको प्रकारअनुसार परिवार संख्या ........ 28
तालिका १३: खाने पानीको मुख्य श्रोतको आधारमा परिवार संख्या ........ 28
तालिका १४: खाना पकाउन प्रयोग गरिने मुख्य इन्धनको आधारमा परिवार संख्या ........ 29
तालिका १५: बत्ति बल्न प्रयोग गरिने मुख्य स्रोतका आधारमा परिवार संख्या ........ 30
तालिका १६: शौचालय सुविधा अनुसार परिवार संख्या ........ 32
तालिका १७: वडा अनुसारको गरिबी दर ........ 33
तालिका १८: परिवारमा उपलब्ध साधन तथा सुविधा अनुसार परिवार संख्या ........ 34
तालिका १९: घरायसी स्तरमा (पारिवारिक) सम्पन्नता विवरण ........ 35
तालिका २०: जनासांखिक सम्पन्नता विवरण ........ 36
तालिका २१: सम्पति (घर, जग्गा) मा महिलाको स्वामित्व अनुसार परिवार संख्या ........ 37
तालिका २२: वडागत रुपमा अपाङ्गताको स्थिति ........ 39
तालिका २३: अपाङ्गता भएका व्यक्तिहरूको साक्षरता स्थिति ........ 40
तालिका २४: लिङ्गका आधारमा कृषि र गैर-कृषि रोजगारीको स्थिति ........ 42
तालिका २५: लिङ्गका आधारमा अपाङ्गता भएका व्यक्तिको कृषि र गैर-कृषि रोजगारीको स्थिति ........ 43
तालिका २६: १०-१७ वर्ष उमेर समूहका बालबालिकाको रोजगारी स्थिति ........ 43
तालिका २७: जीवनभर बसाईँसराइको स्थिति ........ 43
तालिका २८: विधवा र एकल महिला सम्बन्धि विवरण ........ 44
तालिका २९: वडा अनुसार घरको गुणस्तर ........ 45
तालिका ३०: जलवायु सम्बन्धि पालिकाको सूचकांक ........ 46
तालिका ३१: बनक्षेत्र सम्बन्धि पालिकागत विवरण ........ 46
तालिका ३२: शिक्षण संस्था सम्बन्धि विवरण ........ 47
तालिका ३३: शिक्षक संख्या विवरण ........ 47

तालिका ३४: कृषक परिवार संख्या, क्षेत्रफल तथा सिँचाई सम्बन्धि विवरण..................................51
तालिका ३५: अस्थायी बाली लागेका जग्गाको विवरण (क्षेत्रफल हेक्टरमा)..................................51
तालिका ३६: बगैंचाको रुपमा लगाइएका स्थायी बाली सम्बन्धि विवरण (क्षेत्रफल हेक्टरमा)........... 52
तालिका ३७: कृषि सामाग्रीको प्रयोग अनुसारको विवरण ......................................................... 52
तालिका ३८: पशु-पंक्षी सम्बन्धि विवरण ............................................................................. 53
तालिका ३९: कृषि ऋण / अनुदान सम्बन्धि विवरण.............................................................. 54
तालिका ४०: जलवायु परिवर्तन बारे जानकारी राख्ने र कृषिमा जलवायु परिवर्तनले असर गरेको परिवार सम्बन्धि विवरण ........................................................................................................ 54
तालिका ४१: कृषि तालिम, निर्णयमा सहभागिता, तथा कृषिमा दिइएको सरदर समय अनुसार १० बर्ष वा सो भन्दा माथी उमेरका कृषक परिवारको जनसंख्या................................................................ 55
तालिका ४२: प्रमुख उत्पादन अनुसारको परिवार संख्या सम्बन्धि विवरण ..................................... 55
तालिका ४३: कृषि चलनबाट भएको प्रमुख उत्पादनको मुख्यतः प्रयोग अनुसार परिवार संख्या सम्बन्धि विवरण........................................................................................................................ 56
तालिका ४४: कृषि आम्दानीबाट मात्र खान पुग्ने अवधी अनुसारको परिवार संख्या विवरण............... 56
तालिका ४५: वडागत संकटासन्नता ....................................................................................... 63
तालिका ४६: प्रकोप अनुसारको जोखिम विश्लेषण.................................................................... 74
तालिका ४७: प्रकोप अनुसार जोखिमको स्तर......................................................................... 76
तालिका ४८: प्रकोप अनुसारको संकटासन्न वर्ग तथा समुदाय ..................................................... 79
तालिका ४९: प्रकोप अनुसार जीविकोपार्जनका स्रोतहरु माथिको प्रभाव ..........................................81
तालिका ५०: कृषि पारिस्थितिकिय प्रणालीको संकटासन्नता तथा जोखिम ...................................... 89
तालिका ५१: जलाधार पारिस्थितिकिय प्रणालीको संकटासन्नता तथा जोखिम..................................91
तालिका ५२: वनजङ्गल पारिस्थितिकिय प्रणालीको संकटासन्नता तथा जोखिम ................................ 92
तालिका ५३: पारिस्थितिकय प्रणालीहरुको तुलनात्मक जोखिम.................................................... 94
तालिका ५४: जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका रणनीतिहरुको पहिचान........................................................................................................................ 96
तालिका ५५: जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण योजनाहरुको प्रथमिकिकरण 101
तालिका ५६: योजना तर्जुमा प्रक्रियामा समायोजन गर्नुपर्ने पक्षहरू ............................................ 115
तालिका ५७: अनुगमन तथा मूल्यांकन योजना खाका............................................................ 117
तालिका 58: अनुगमन सूचकहरू (Monitoring Indicators), नमूना.................................... 118

# परिच्छेद एक – स्थानीय अनुकुलन कार्ययोजनाको औचित्य तथा मान्यता

## १.१. पृष्ठभूमि

नेपाल जलवायु परिवर्तनको असर सबैभन्दा बढी पर्ने मुलुकहरूमध्ये एक हो । यहाँ पछिल्ला केही दशकदेखि बाढी, पहिरो, डढेलो, खडेरीजस्ता घटनाले मानिसको ज्यान, सम्पत्ति र पूर्वाधारमा ठूलो क्षति पुऱ्याउँदै आएको छ । यसका साथै, कृषि, पानीका स्रोत, वन, जीवजन्तु र वनस्पति, मानव स्वास्थ्य, पर्यटन, ऊर्जा र विकासका अन्य क्षेत्रमा समेत जलवायु परिवर्तनको प्रतिकूल प्रभाव देखिएको छ ।

जलवायु परिवर्तनको समस्यालाई समाधान गर्न नेपाल सरकारले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा विभिन्न पहल गर्दै आएको छ । त्यसै क्रममा, जलवायु परिवर्तनको जोखिम कम गर्दै समाजलाई दिगो र सशक्त बनाउने उद्देश्यले राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ लागु गरिएको छ । यसअघि पनि राष्ट्रिय अनुकूलन कार्ययोजना (NAPA 2010) र राष्ट्रिय अनुकूलन योजना (NAP 2021–2050) तयार पारिएका थिए, र तिनीहरू कार्यान्वयनको प्रक्रियामा छन् । त्यसैगरी, स्थानीय अनुकूलन कार्ययोजना खाका (LAPA Framework) वि.सं. २०६७ मा तयार गरि स्थानीय तहहरूमार्फत सफलतापूर्वक लागू गरिएको थियो । यस खाकाले अन्तर्राष्ट्रिय तहमा समेत राम्रो मान्यता पाएको छ र अन्य देशहरूले पनि यो अवधारणा अनुकरण गरेका छन् ।

नेपाल अब संघीय शासन प्रणालीमा प्रवेश गरिसकेको छ, जसमा संघ, प्रदेश र स्थानीय तह रहेका छन् । यस्तो संरचनाले विकास निर्माण, स्रोतको व्यवस्थापन र जनजीविकाका धेरै जिम्मेवारी स्थानीय तहलाई दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार, गाउँपालिका र नगरपालिकाहरूले आफ्नै अधिकार क्षेत्रभित्र दीर्घकालीन र वार्षिक योजना बनाउन सक्छन्, जसमा वातावरण संरक्षण, जलवायु परिवर्तन, लैङ्गिक समानता, सामाजिक समावेशीकरण, विपद् व्यवस्थापन र सुशासनलाई समेत समावेश गर्नुपर्नेछ । यसले स्थानीय तहको योजना प्रक्रियामा जलवायु परिवर्तनसम्बन्धी विषय समेट्ने राम्रो अवसर प्रदान गरेको छ ।

राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ को उद्देश्य नै जलवायु परिवर्तनसँग सम्बन्धित मुद्दालाई सबै तह र क्षेत्रका नीति, रणनीति तथा योजनामा समावेश गर्नु हो । यस नीतिमा जलवायु परिवर्तन व्यवस्थापनका कामहरू स्थानीय तहमार्फत कार्यान्वयन गरिने स्पष्ट उल्लेख छ । त्यसैले, पुरानो शासन प्रणालीअनुसार बनेको लापा खाका २०६७ लाई अहिलेको संघीय संरचनाअनुसार संशोधन गरि समय सान्दर्भिक बनाइएको हो । यो नयाँ खाकाले स्थानीय तहलाई जलवायु परिवर्तनको प्रभाव व्यवस्थापन गर्न र दीर्घकालीन जलवायुमैत्री विकास योजना तर्जुमा तथा कार्यान्वयन गर्न सहयोग पुर्याउनेछ । साथै, वातावरणसम्बन्धी कानुनअनुसार समुदायले बनाउने अनुकूलन योजनाहरू तर्जुमा गर्न र कार्यान्वयनमा पनि यो खाका उपयोगी हुनेछ । यसले स्थानीय सरोकारवालाबीच

नियमित समन्वय र संवाद कायम गरी, अनुकूलन, विपद् जोखिम न्यूनीकरण र दिगो विकासका लागि अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनमा समेत मद्दत गर्नेछ ।

## १.२ स्थानीय अनुकुलन कार्ययोजनाको सन्दर्भ तथा औचित्य

जलवायु परिवर्तन भन्नाले दीर्घकालीन रूपमा पृथ्वीको औसत तापक्रम, मौसमको स्वरूप, हावापानी प्रणाली, र अन्य जलवायु सम्बन्धी तत्वहरूमा आउने परिवर्तनलाई जनाउँदछ। सामान्य अर्थमा बुझ्दा मौसम भनेको पृथ्वीको कुनै निश्चित स्थानमा छोटो अवधिभित्र अनुभव गरिने हावापानीको अवस्था हो, जसमा तापक्रम, आर्द्रता, हावा, बादल, वर्षा, र हावाहुरी जस्ता घटक समावेश हुन्छन भने जलवायु भनेको कुनै स्थानको लामो समयसम्म देखिने औसत मौसमीय अवस्था हो, जुन कम्तिमा १० बर्ष देखि ३० वर्ष वा सोभन्दा बढी अवधिको तथ्यांकहरूको आधारमा निर्धारण गरिन्छ र सो लामो समयमा अनुभव गरिएको मौसमिय परिवर्तनलाई जलवायु परिवर्तन भानिन्छ ।

संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन महासन्धि (UNFCCC) अनुसार, जलवायु परिवर्तन भन्नाले प्राकृतिक प्रणालीका साथै मानवजनित क्रियाकलापहरूबाट जलवायु (दीर्घकालीन मौसम) मा पर्ने प्रत्यक्ष वा अप्रत्यक्ष प्रभावलाई बुझाउँछ, जसले विश्वव्यापी वा क्षेत्रीय रूपमा मौसमको औसत अवस्थालाई दीर्घकालीन रूपमा परिवर्तन गर्दछ।जलवायु परिवर्तन प्राकृतिक कारणहरू (जस्तै ज्वालामुखी विस्फोट, पृथ्वीको कक्षीय परिवर्तन आदि) तथा मानवजनित गतिविधिहरू (जस्तै हरितगृह ग्यास उत्सर्जन, वन विनाश, औद्योगिकीकरण, भू-उपयोग परिवर्तन आदि) का कारणले हुनसक्छ।

नेपाल जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरू सामना गरिरहेको मुलुक हो। विशेषगरी कृषि, जलस्रोत, जैव विविधता, मानव स्वास्थ्य, र वासस्थान जलवायु परिवर्तनका कारण प्रभावित भएका क्षेत्रहरू हुन्। नेपाल सरकारले जलवायु परिवर्तनसँग सम्बन्धित अनुकूलन उपायहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि "स्थानीय अनुकूलन कार्ययोजना (Local Adaptation Plan of Action - LAPA)" लागू गरेको छ । LAPA को अवधारणा नेपाल सरकारले २०११ मा "राष्ट्रिय अनुकूलन कार्ययोजना (National Adaptation Programme of Action - NAPA)" कार्यान्वयन गर्नका लागि ल्याएको हो। यसले समुदायस्तरमै जलवायु परिवर्तनका प्रभावहरूको मूल्यांकन गरी स्थानीय स्रोत, साधन, सीप, र प्रविधिको अधिकतम प्रयोग गर्दै अनुकूलन रणनीति अवलम्बन गर्न मद्दत गर्दछ।

जलवायु परिवर्तन प्राकृतिक प्रक्रिया भए पनि मानवजनित क्रियाकलापहरूले यसलाई तीव्र बनाइरहेका छन्। वन विनाश, औद्योगिकीकरण, खनिज इन्धनको अधिक प्रयोग, र अव्यवस्थित शहरीकरण जस्ता कारणहरूले हरितगृह ग्यासको उत्सर्जन बढाउँदै जलवायु प्रणालीलाई असन्तुलित बनाएका छन्। नेपालमा हरितगृह ग्यास उत्सर्जन न्यून भएता पनि ग्लोबल क्लाइमेट रिस्क इन्डेक्स २०२१ अनुसार नेपाल जलवायु परिवर्तनबाट अत्यधिक प्रभावित १० देशमध्ये दशौं स्थानमा रहेको छ। जलवायु परिवर्तनका कारण विश्वभर लाखौं मानिसले ज्यान गुमाएका छन् भने विश्व अर्थतन्त्रमा अर्बौं डलर बराबरको क्षति पुगेको छ। नेपालमा तापक्रम वृद्धिका कारण हिमनदीहरू पग्लनु, हिमतालहरू

फुट्ने जोखिम बढ्नु, अनियमित तथा अत्यधिक वर्षाका कारण बाढी, पहिरो, खडेरी जस्ता प्राकृतिक प्रकोपहरूको वृद्धि हुनु प्रमुख असरहरू देखिएका छन्। कृषि उत्पादनमा गिरावट आउनु, जलस्रोतमा कमी आउनु, खानेपानी, सिंचाइ, र ऊर्जा उत्पादन प्रणाली अस्थिर बन्नु लगायतका समस्याहरू उत्पन्न भएका छन्, जसले विशेष गरी विपन्न वर्ग, महिला, बालबालिका, वृद्धवृद्धा, र प्राकृतिक स्रोतमा निर्भर समुदायहरूलाई गहिरो प्रभाव पारेको छ।

जलवायु परिवर्तन न्यूनीकरणका लागि नेपाल सरकारले विभिन्न रणनीतिहरू अवलम्बन गरेको छ। सन् २०६७ मा लागू गरिएको राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका प्राथमिकता पहिचान गर्ने पहिलो औपचारिक प्रयास हो। यसपछि, जलवायु परिवर्तन नीति २०६७ लागू गर्दै दीर्घकालीन मार्गचित्र तयार गरिएको छ। स्थानीय तहमा प्रभावकारी अनुकूलन योजना कार्यान्वयन गर्न स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना (National Framework on LAPA) २०६७ लागू गरिएको छ। यस नीतिले स्थानीय तहका आवश्यकताहरू पहिचान गरी जलवायु अनुकूलन परियोजनाहरूको कार्यान्वयनमा मार्गदर्शन गर्छ। दीर्घकालीन रूपमा, नेपाल सरकारले राष्ट्रिय अनुकूलन योजना (NAP) को तयारी गरिरहेको छ, जसले सन् २०३० र २०५० सम्मका लागि जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन रणनीतिहरू समेट्नेछ।

स्थानीय अनुकूलन कार्ययोजना (LAPA) जलवायु परिवर्तनको असरलाई समुदायस्तरमै न्यूनीकरण गर्न बनाइएको प्रभावकारी नीति हो। प्रत्येक समुदायका विशेष आवश्यकताहरूलाई मध्यनजर राख्दै LAPA विभिन्न क्षेत्रीय तथा प्राकृतिक विशेषतामा आधारित रणनीति तयार गर्छ। जलवायु परिवर्तनको असर स्थानीय तहमा फरक देखिने भएकाले, समुदायको आवश्यकताअनुसार रणनीति बनाइन्छ। स्थानीय जनता, सरकारी निकाय, तथा सरोकारवालाहरूको सहभागितामा निर्णय लिइन्छ। दिगो विकास रणनीतिसँग समायोजन गरी आर्थिक, सामाजिक, र भौतिक पूर्वाधारको दीर्घकालीन टिकाउपन सुनिश्चित गरिन्छ। बाढी, पहिरो, खडेरी जस्ता प्राकृतिक प्रकोपहरूबाट बच्न योजनाबद्ध कार्यहरू गरिन्छ। साथै, स्थानीय तहलाई जलवायु अनुकूलन योजना कार्यान्वयन गर्न सहयोग पुऱ्याइन्छ।

नेपाल सरकारले जलवायु अनुकूलन योजनाहरूलाई अझ प्रभावकारी बनाउन २०७६ मा परिमार्जित स्थानीय अनुकूलन कार्ययोजना संरचना (Revised LAPA Framework) लागू गरेको छ। यस परिमार्जित संरचनाले जलवायु अनुकूलन योजनालाई अझ स्पष्ट ढंगले कार्यान्वयन गर्न स्थानीय सरकारलाई आवश्यक नीतिगत मार्गदर्शन प्रदान गर्छ। यसले स्थानीय सरकारहरूलाई जलवायु अनुकूलन योजनामा थप सशक्त बनाउनेछ, जलवायु सहनशीलता (Climate Resilience) प्रवर्द्धन गर्नेछ, जसले दिगो विकासलाई सहयोग पुऱ्याउनेछ। नेपालले अन्तर्राष्ट्रिय जलवायु प्रतिबद्धताहरू कार्यान्वयन गर्न सहज बनाउनेछ। यस नीतिले स्थानीय स्तरमा विभिन्न सरोकारवालाहरूबीच सहकार्य तथा संवादलाई सशक्त बनाउने छ, जसले जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम

न्यूनीकरण तथा व्यवस्थापन, र दिगो विकाससँग सम्बन्धित अन्तर्राष्ट्रिय संझौताहरू कार्यान्वयन गर्न सहयोग गर्नेछ।

नेपाल जलवायु परिवर्तनको असरहरू तीव्र रूपमा भोगिरहेको देशहरूमध्ये एक हो। हिमाली क्षेत्रमा हिमनदीहरू पग्लनु, बाढी र पहिरोको वृद्धि हुनु, र कृषि उत्पादन घट्नु जलवायु परिवर्तनको मुख्य असरहरू हुन्। यस्ता समस्याहरूलाई दीर्घकालीन रूपमा सम्बोधन गर्न नेपाल सरकारले स्थानीय अनुकूलन कार्ययोजना (LAPA) जस्ता नीति अवलम्बन गरिसकेको छ। यदि यी नीतिहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकियो भने, नेपालले जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्दै दिगो विकासको मार्गमा अघि बढ्न सक्छ।

जलवायु परिवर्तन प्राकृतिक प्रक्रिया भए तापनि, मानवीय गतिविधिहरूले यसको गति तीव्र पारेका छन्। वन विनाश, औद्योगिकीकरण, खनिज इन्धनको अत्यधिक प्रयोग र अव्यवस्थित शहरीकरणले हरितगृह ग्यास उत्सर्जन बढाएर जलवायु प्रणाली असन्तुलित बनाएको छ । नेपालले थोरै मात्रामा ग्यास उत्सर्जन गरे पनि विश्वका अति प्रभावित देशमध्ये पर्ने गर्दछ । जलवायु परिवर्तनका कारण नेपालमा हिमनदी पग्लने, बाढी र पहिरो बढ्ने, कृषि उत्पादन घट्ने र जलस्रोतमा कमी आउने समस्याहरू देखिएका छन्, जसले विशेष गरी विपन्न समुदायलाई गहिरो असर पारेको छ ।

यी समस्याहरू न्यूनीकरण गर्न नेपाल सरकारले विभिन्न रणनीति अवलम्बन गरेको छ । सन् २०६७ मा राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) लागू गरी पहिलोपटक जलवायु प्राथमिकता पहिचान गरिएको हो । त्यसपछि जलवायु परिवर्तन नीति ल्याई दीर्घकालीन योजना तयार गरियो र स्थानीय स्तरमा प्रभावकारी कार्यान्वयनका लागि स्थानीय अनुकूलन कार्ययोजना संरचना (LAPA Framework) विकास गरियो। अहिले नेपाल सरकारले दीर्घकालीन योजना (NAP) बनाउने तयारी गरिरहेको छ, जसले २०३० र २०५० सम्मका रणनीति समेट्नेछ ।

स्थानीय अनुकूलन कार्ययोजना (LAPA) समुदायको आवश्यकता र स्थानको विशेषताअनुसार रणनीति बनाउने प्रभावकारी नीति हो । स्थानीय तह, समुदाय र सरोकारवालाको सहभागितामा योजना तयार गरिन्छ, जसले प्राकृतिक प्रकोप न्यूनीकरण र दिगो विकासलाई टेवा पुर्याउँछ ।

२०७६ मा परिमार्जित LAPA संरचना लागू गरिएको छ, जसले स्थानीय सरकारलाई अझ स्पष्ट दिशा र क्षमता प्रदान गर्नेछ । यसले नेपाललाई अन्तर्राष्ट्रिय जलवायु प्रतिबद्धता पुरा गर्न र दिगो विकास हासिल गर्न मद्दत गर्नेछ ।

यसरी, नेपाल जलवायु परिवर्तनबाट प्रभावित भए पनि प्रभावकारी नीतिहरू लागू गरी दिगो भविष्यको दिशामा अघि बढ्न प्रयासरत छ ।

नेपालमा जलवायु परिवर्तनको असर न्यून गर्न तथा समुदायको अनुकूलन क्षमतामा वृद्धि गर्न स्थानीय अनुकूलन कार्ययोजना (LAPA) एक प्रभावकारी रणनीति हो । यसले समुदायस्तरमै जलवायु परिवर्तनका जोखिम न्यून गर्न, स्थानीय स्रोत परिचालन गर्न, तथा दीर्घकालीन दिगो विकासलाई सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्छ। जलवायु परिवर्तनका कारक तत्वमा न्यून भूमिकाका बावजुद यसबाट सिर्जित प्रभावहरुका सन्दर्भमा निम्न कारणहरूले LAPA को औचित्य पुष्टि गर्दछ :

**स्थानीय स्तरमै समस्याको समाधान**

जलवायु परिवर्तनका असरहरू क्षेत्र विशेषमा फरक-फरक देखिने भएकाले स्थानीय समुदायको आवश्यकतानुसार योजना बनाउनुपर्ने आवश्यकता पर्दछ। LAPA ले स्थानीय विशेषताअनुसार अनुकूलन रणनीति तय गर्न मद्दत गर्छ ।

**स्थानीय जनसहभागिता र सशक्तिकरण**

LAPA को तयारी र कार्यान्वयनमा स्थानीय समुदाय, स्थानीय निकाय, र सरोकारवालाहरूको प्रत्यक्ष संलग्नता हुन्छ । यसले उनीहरूको क्षमतावृद्धि गर्दै वातावरणीय समस्यासँग जुध्ने सामर्थ्य बढाउँछ ।

**जलवायु अनुकूलनलाई विकास प्रक्रियासँग जोड्ने**

LAPA ले स्थानीय विकास योजनासँग जलवायु अनुकूलन रणनीति एकीकृत गर्ने भएकाले दिगो विकासका लागि महत्त्वपूर्ण छ । यसले कृषि, जलस्रोत, स्वास्थ्य, पूर्वाधार, र जैव विविधतासँग सम्बन्धित योजनाहरूसँग समायोजन गर्न मद्दत गर्छ ।

**विपन्न तथा संवेदनशील समुदायको संरक्षण**

जलवायु परिवर्तनको असर सबैभन्दा बढी विपन्न समुदायमा पर्ने भएकाले LAPA ले ती समुदायलाई प्राथमिकता दिँदै जलवायु सहनशीलता (Climate Resilience) बढाउने लक्ष्य लिएको छ ।

**वित्तीय स्रोत परिचालन र दीर्घकालीन प्रभाव**

LAPA मार्फत स्थानीय निकाय, सरकार, तथा अन्तर्राष्ट्रिय सहयोगदाताबाट जलवायु कोष (Climate Fund) परिचालन गरी अनुकूलनका कार्यक्रम कार्यान्वयन गर्न सकिन्छ ।

## १.३. स्थानीय अनूकुलन कार्य योजनाको मान्यता एवं निर्देशक सिद्धान्तहरु

स्थानीय अनुकूलन कार्ययोजना (LAPA) खाका २०७६ लाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नका लागि निम्न उल्लेखित निर्देशक सिद्धान्तहरू निर्धारण गरिएका छन्, जसले योजना निर्माणदेखि कार्यान्वयनसम्मको सम्पूर्ण प्रक्रियालाई मार्गदर्शन गर्छन् ।

**१. ऊर्ध्वगामी (Bottom-up)**

अवधारणाः
LAPA कार्ययोजना तयार गर्दा स्थानीय स्तरबाट नै प्रक्रिया सुरु गरिन्छ, जसमा समुदायका सदस्य, सरोकारवाला तथा व्यक्तिहरूको मौलिक ज्ञान, सीप र अनुभवलाई प्राथमिकता दिइन्छ ।

भूमिकाः

- स्थानीय जनताको सहभागीता सुनिश्चित हुन्छ, जसले योजनाको स्वामित्व बढाउँछ ।
- स्थानीय भूगोल, सामाजिक-सांस्कृतिक अवस्था तथा आवश्यकता पहिचान गरेर उपयुक्त समाधान चयन गर्न सहयोग पुर्याउँछ ।
- समुदाय आफैंले समस्या चिन्ने र समाधानको बाटो देखाउने भएकाले योजना व्यवहारिक र दीर्घकालीन हुन्छ ।

२. समावेशी (**Inclusive)**

अवधारणाः
संकटासन्नता (vulnerability) को आधारमा समुदायको वर्गीकरण गरिन्छ । अति विपन्न, सीमान्तकृत, महिला, दलित, आदिवासी जनजाति, अपांगता भएका व्यक्ति, वृद्ध र बालबालिकाजस्ता समूहको पहिचान गरिन्छ र तिनीहरूको आवश्यकता अनुसार योजना बनाइन्छ ।

भूमिकाः

- योजना सामाजिक न्यायमा आधारित हुन्छ ।
- सबै वर्ग र समूहको आवाज सुनिन्छ र उनीहरूको आवश्यकता सम्बोधन गरिन्छ ।
- असमानतामा आधारित जोखिम न्यूनीकरण सम्भव हुन्छ ।
- विकासको लाभमा सबैको समान पहुँच सुनिश्चित हुन्छ ।

३. तत्परता (**Responsive)**

अवधारणाः
जलवायु परिवर्तनबाट सिर्जना हुने जोखिम तथा आवश्यकतालाई चाँडो, सजिलो र प्रभावकारी ढंगले सम्बोधन गर्ने क्षमता ।

भूमिकाः

- योजनाले समयमै प्रतिक्रिया दिन्छ, जसले क्षति न्यून गर्न सहयोग गर्छ ।
- सहज कार्यान्वयन, प्रत्यक्ष लाभ र जनविश्वास बढाउँछ ।
- संकटपछिको पुनःस्थापना भन्दा संकटअघि तयारीमा जोड दिन्छ ।

४. लचिलो (**Flexible**)

**अवधारणा:**

समय र स्थान अनुसार योजना परिमार्जन गर्न सक्ने, सामाजिक तथा सांस्कृतिक रूपमा स्वीकार्य हुने र राष्ट्रिय लक्ष्यसँग मेल खाने कार्यपद्धति अपनाइन्छ ।

**भूमिका:**

- वातावरण र समाजमा हुने परिवर्तनअनुसार योजना परिमार्जन गर्न सकिन्छ ।
- स्थान विशेषको आवश्यकता अनुसार समाधान फरक-फरक हुन सक्छ, जसलाई समावेश गर्न लचिलोपन आवश्यक हुन्छ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जलवायु नीति र दिगो विकास लक्ष्यहरूसँग सँगै जान सहयोग पुर्याउँछ ।

यी मान्यता तथा निर्देशक सिद्धान्तहरूले LAPA लाई लोकसंलग्न, समावेशी, परिणाममुखी र दीर्घकालीन रूपले प्रभावकारी बनाउने आधार तय गर्छन् ।

## १.४. स्थानीय अनुकूलन कार्ययोजनाको लक्ष्य तथा उद्देश्य

नेपाल संघीय संरचनामा गइसकेको सन्दर्भमा स्थानीय तहहरूमा विकास, योजना, स्रोत परिचालन र सेवा प्रवाहको जिम्मेवारी प्रमुख रूपमा रहने भएकोले जलवायु परिवर्तनको असरसँग जुध्न रणनीतिक कार्ययोजना स्थानीय तहमै केन्द्रित हुनुपर्दछ। यसै सन्दर्भमा, LAPA खाका २०७६ लाई समयअनुकूल परिमार्जन गरेर स्थानीय स्तरमा जलवायु अनुकूलन र विपद् जोखिम न्यूनीकरणको प्रयासलाई सुदृढ बनाइएको छ ।

### १.४.१. लक्ष्य

स्थानीय अनुकूलन कार्ययोजनाको लक्ष्य निम्नानुसार रहेको छ :
जलवायु उत्थानशील समाजको निर्माण गर्न स्थानीय स्तरमा कार्यान्वयन गरिने विकास निर्माण र स्रोत व्यवस्थापनको समग्र प्रक्रियामा जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने ।

यस लक्ष्यको मूल सार विकास गतिविधिहरू, जस्तै पूर्वाधार निर्माण, सेवा प्रवाह र स्रोत व्यवस्थापनमा जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणलाई अनिवार्य रूपमा समावेश गरी समाजलाई वातावरणीय झट्काहरू सहनसक्ने (Resilient / उत्थानशील) बनाउनु हो, जसले समुदायलाई जलवायु असरहरूबाट जोगाउने दिगो आधार तयार गर्नुका साथै स्थानीय योजना, बजेट र कार्यान्वयन प्रक्रियामा जलवायु र विपद् सम्बन्धी विषयलाई प्राथमिकतामा राख्न प्रेरित गर्दै दिगो

विकासका लक्ष्य, Sendai Framework र राष्ट्रिय जलवायु नीति कार्यान्वयनमा महत्वपूर्ण योगदान पुऱ्याउँनेछ।

LAPA को लक्ष्य र उद्देश्यहरूले स्थानीय तहलाई जलवायु अनुकूल र विपद् सुरक्षित योजनाको नेतृत्व गर्न सक्षम बनाउने दिशामा प्रष्ट मार्गदर्शन दिन्छ। यसले नेपालको संघीय प्रणालीमा स्थानीय सरकारहरूको जलवायु जिम्मेवारी र कार्यान्वयन क्षमतालाई सुदृढ बनाउँछ ।

### १.४.२. उद्देश्य

स्थानीय स्तरमा विकास निर्माण र स्रोत व्यवस्थापनको समग्र प्रक्रियामा जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्न स्थानीय सरकार तथा अन्य सरोकारवालाहरूलाई दिशा निर्देश गर्नु लापा खाकाको मुख्य उद्देश्य रहेको छ । यसका विशिष्ट उद्देश्यहरू निम्न बमोजिम रहेका छन् :

**१. जलवायु जोखिम र संकटासन्नताको पहिचान, अभिलेखीकरण र प्राथमिकीकरण**

स्थानीय स्तरमा जलवायुजन्य जोखिमहरू (जस्तै बाढी, पहिरो, सुख्खा) र त्यसबाट बढी प्रभावित हुने समुदायहरूलाई पहिचान गरी तिनीहरूको तथ्याङ्क संकलन तथा प्राथमिकताको आधारमा योजनाहरू तय गर्न सहयोग गर्ने :

- सीमित स्रोत र समयलाई सटीक रूपमा लक्षित क्षेत्रमा प्रयोग गर्न मद्दत गर्ने,
- जोखिमको आँकलनमा आधारित योजनाले प्रभावकारिता बढाउने ।

**२. संकटासन्न वर्गको अनुकूलन क्षमतामा वृद्धि र क्रियाकलाप कार्यान्वयन**

जोखिममा रहेका वर्गहरू (जस्तैः गरिब, महिलाहरू, दलित, जनजाति) को जलवायु असर सामना गर्ने क्षमता वृद्धि गर्ने र उनीहरूका लागि अनुकूल क्रियाकलाप पहिचान र कार्यान्वयनमा सहजीकरण गर्ने :

- समावेशी विकासलाई प्रवर्द्धन गर्ने,
- समाजका कमजोर वर्गलाई सशक्त बनाउने,
- दीर्घकालीन समाधानको आधार तयार गर्ने ।

**३. योजना तर्जुमा प्रक्रियामा विषय समावेश र लगानी अभिवृद्धि**

स्थानीय तहको वार्षिक तथा दीर्घकालीन योजनामा जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणलाई अनिवार्यरूपमा समावेश गरिने र त्यसतर्फ पर्याप्त बजेट सुनिश्चित गरिने, जलवायु परिवर्तनको बिषयलाई अब वैकल्पिक होइन, अनिवार्य विषयको रूपमा लिइने :

- वातावरणमैत्री योजना निर्माणको संस्कार विकास गराउने,
- कार्यान्वयन प्रभावकारी बनाउने ।

**४. पूर्वाधार र सेवा प्रणालीलाई जलवायु उत्थानशील बनाउने**

स्थानीयस्तरमा निर्माण हुने संरचना (जस्तै सडक, भवन, खानेपानी, विद्यालय) र सेवा प्रणाली (जस्तै शिक्षा, स्वास्थ्य) लाई जलवायु जोखिम झेल्न सक्षम बनाइने :

- संरचनात्मक क्षति कम गराउन आवश्यक कदम चाल्ने,
- सेवा निरन्तरता सुनिश्चित बनाउन पहल गर्ने,
- दीर्घकालीन लागत बचत र सुरक्षामा योगदान पुर्‍याउने ।

### १.४.३. लक्ष्य तथा उद्देश्य प्राप्तिका सूचकहरु

लापा खाकामा उल्लिखित लक्ष्य तथा उद्देश्यहरूको प्रगति मूल्यांकनका लागि निम्न सूचकहरूका आधारमा अनुगमन तथा मूल्यांकन गरिनेछ :

१. घरधुरी, बस्ती तथा जीविकोपार्जन क्षेत्रहरूको वर्गीकृत तथा विस्तृत संकटासन्नता र जोखिम नक्साको संख्या र अद्यावधिक हुने आवृत्ति।

२. स्थानीय तहमा तयार भई कार्यान्वयनमा रहेका जलवायु उत्थानशील विकास तथा अनुकूलन योजनाको संख्या, कार्यान्वयनको अवस्था र प्रभाव।

३. गाउँपालिका/नगरपालिकाले जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण क्षेत्रमा वार्षिक बजेटको कूल प्रतिशत तथा वास्तविक खर्च विवरण।

४. जलवायुजन्य विपद् जोखिमबाट सुरक्षित भएका घरधुरी, उनीहरूको जीविकोपार्जनका साधन, संरचना तथा सम्पत्तिको आर्थिक मूल्याङ्कन।

५. जलवायु असर न्यूनीकरणबाट लाभान्वित सामाजिक संस्था तथा संरक्षण गरिएका पर्यावरणीय र आर्थिक सम्पदाको संख्या र प्रकार (जस्तैः पानीका स्रोत, भूसंरक्षण क्षेत्र, जैविक विविधता)।

६. जलवायुमैत्री प्रविधि, ज्ञान र अभ्यासको प्रयोग गरेर लाभान्वित घरधुरी र समुदायको संख्या तथा उपयोग गरिएका प्रविधिका प्रकारहरू (जस्तैः सौर्य ऊर्जा, वर्षा पानी सङ्कलन, जलसिंचन प्रविधि)।

७. सामाजिक सुरक्षा कार्यक्रम (बिमा, सहुलियत ऋण, आपतकालीन कोष, वित्तीय पहुँच) बाट लाभान्वित संकटासन्न घरधुरी तथा व्यक्तिको संख्या।

८. जलवायु अनुकूलन योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा सहभागी र सुसूचित भएका महिला, किसान समूह, विपन्न तथा सीमान्तकृत समुदायको संख्या (जातीय, लैङ्गिक, क्षेत्रीय आधारमा वर्गीकृत)।

९. योजना कार्यान्वयनपछिको अवस्था अनुसार संकटासन्नता न्यूनीकरण भई सुरक्षित भएका महिला/पुरुष तथा परिवारहरूको संख्या।

१०. जलवायुमैत्री उद्योग, साना व्यवसाय वा लगानीबाट रोजगारी प्राप्त गर्ने संकटासन्न महिला/पुरुष तथा परिवारहरूको संख्या।

११. स्थानीय जलवायु अनुकूलन क्षेत्रमा सरकार, गैरसरकारी, निजी क्षेत्र तथा विकास साझेदारबाट भएको कुल वार्षिक लगानीको वृद्धि दर तथा स्रोत अनुसार वर्गीकरण।

१२. स्थानीय निर्णय प्रक्रियामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने महिला र संकटासन्न समुदायका प्रतिनिधिको संख्या तथा सहभागिताको गुणस्तर (Qualitative Score)।

१३. स्थानीय तहले आफ्नो क्षेत्रको जलवायु सम्बन्धी समष्टिगत रुपरेखा विश्लेषण गरी तयार पारेको जलवायु जोखिम र स्रोतको नक्साको उपलब्धता तथा अद्यावधिकको अवस्था।
१४. वातावरणमैत्री तथा जलवायुमैत्री पर्यटन गतिविधिबाट रोजगारी प्राप्त गरेका संकटासन्न महिला/पुरुष तथा परिवारहरूको संख्या।
१५. जैविक विविधता संरक्षण तथा खाद्य/पौष्टिक सुरक्षा प्रवर्द्धनबाट प्रत्यक्ष लाभान्वित महिला/पुरुष तथा परिवारहरूको संख्या।
१६. जलवायु असर न्यूनीकरणका कारण टारिएका सम्भावित क्षतिको विवरण (मूल्यमा) तथा यथार्थ तथ्यांकको आधारमा तयार गरिएका विश्लेषण प्रतिवेदनहरूको संख्या।
१७. समुदायमा आधारित अनुकूलन योजना तर्जुमा गरी कार्यान्वयन गर्दै आएका स्थानीय समूहहरूको संख्या, अनुकूलनमा योगदान तथा क्षमताको अभिवृद्धि अवस्था।
१८. जलवायु पूर्वसूचना प्रणाली (Early Warning System) को स्थापना र त्यसबाट लाभान्वित जनसंख्या तथा प्रतिक्रिया समय।
१९. विद्यालय, स्वास्थ्य संस्था, प्रशासनिक भवनहरू लगायत सार्वजनिक पूर्वाधारहरूमा अपनाइएका जलवायुमैत्री निर्माण अभ्यास तथा संरचनाको संख्या।
२०. अनुकूलन र विपद् व्यवस्थापन सम्बन्धी स्थानीय तहमा स्थापित नीति, कार्यविधि, गाइडलाइनको संख्या तथा कार्यान्वयन अवस्था।
२१. जलवायु परिवर्तन तथा विपद् सम्बन्धी स्थानीय जनचेतना अभिवृद्धिका कार्यक्रमहरू (संख्या, सहभागीको प्रोफाइल र पहुँच भएका बस्तीहरूको प्रतिशत)।
२२. बहुक्षेत्रीय सहकार्य (सरकारी निकाय, CSO, निजी क्षेत्र, समुदायबीच) बाट सञ्चालन भएका जलवायु अनुकूलन कार्यक्रमहरूको संख्या।
२३. जलवायु तथा विपद् जोखिमका लागि अद्यावधिक गरिएको स्थानीय पूर्वतयारी योजना (Preparedness Plan) तथा अभ्यास (Mock Drill) को संख्या।
२४. अनुकूलनसम्बन्धी स्थानीय अनुसन्धान, नवप्रवर्तन (innovation) वा स्थानीय ज्ञानको प्रयोगद्वारा उत्पन्न नयाँ अभ्यास वा समाधानहरूको संख्या।
२५. योजना तथा सूचकहरूमा लैङ्गिक, सामाजिक समावेशी र अन्तरपुस्तात्मक दृष्टिकोण अपनाइएको मापन विवरण (जस्तै GESI Mainstreaming Score/Indicator)।

## १.५. स्थानीय अनुकूलन योजना र विपद् जोखिम व्यवस्थापन बीचको अन्तरसम्बन्ध

### १.५.१. नीतिगत अन्तरसम्बन्ध

नेपालको सन्दर्भमा स्थानीय अनुकूलन योजना (LAPA) र विपद् जोखिम व्यवस्थापन (DRM) बीचको अन्तरसम्बन्ध दुवैको उद्देश्य, कार्यक्षेत्र र रणनीतिमा देखिने साझा बिन्दुहरूका आधारमा स्पष्ट रूपमा प्रकट हुन्छ। यी दुई दृष्टिकोण परस्परपूरक छन्, जसले संयुक्त रूपमा कार्यान्वयन गर्दा समुदायको जलवायु उत्थानशीलता (Climate Resilience) सुदृढ गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ। जलवायु परिवर्तन नीति, २०१९ र राष्ट्रिय अनुकूलन योजना (NAP) ले LAPA लाई स्थानीय तहमा जलवायु

अनुकूलन सुनिश्चित गर्ने प्रमुख उपकरणका रूपमा औपचारिक रुपमा मान्यता दिएको छ भने, विपद् जोखिम न्यूनीकरण नीति, २०७५ र अन्तर्राष्ट्रिय Sendai Framework ले विपद् व्यवस्थापनलाई समग्र विकास योजनासँग जोडिएको अनिवार्य प्रक्रियाका रूपमा प्रस्तुत गरेका छन्। यसले देखाउँछ कि LAPA र DRM दुबैलाई समन्वयात्मक र एकीकृत ढंगले कार्यान्वयन गर्न सकेमा स्थानीय योजना, पूर्वतयारी, अनुकूलन र प्रतिकार्य एकै रूपरेखाभित्र सञ्चालन गर्न सकिनेछ, जसले दीगो विकास र सुरक्षित समाज निर्माणमा टेवा पुऱ्याउँछ।

### १.५.२. उद्देश्यगत समायोजन

स्थानीय अनुकूलन योजना (LAPA) र विपद् जोखिम व्यवस्थापन (DRM) फरक प्रकारका कार्यक्रम भए तापनि, दुबैले समुदायको जलवायु उत्थानशीलता (Climate Resilience) बढाउने साझा उद्देश्य राख्छन्। LAPA दीर्घकालीन असरहरू, जस्तै वर्षा प्रणालीको परिवर्तन वा खडेरी, जस्ता क्रमिक जलवायु परिवर्तनजन्य असरहरूबाट समुदायलाई जोगाउन पूर्वानुमानमा आधारित अनुकूलन क्षमताको वृद्धि गर्ने योजना हो। त्यसको विपरित, DRM आकस्मिक विपद्'जस्तै बाढी, पहिरो, भूकम्प वा आगलागी'बाट उत्पन्न हुने क्षति न्यूनीकरण, उद्धार, राहत र पुनःस्थापनासम्मका कार्यहरूमा केन्द्रित हुन्छ। LAPA दीर्घकालीन तथा रणनीतिक योजना भएमा, DRM तत्काल वा मध्यमकालीन प्रतिक्रियामा केन्द्रित हुन्छ। यी दुई दृष्टिकोण एकअर्काको परिपूरक हुन्, र दुवैको एकीकृत कार्यान्वयनबाट दिगो तथा समावेशी विकास सुनिश्चित गर्न सकिन्छ।

*तालिका १: स्थानीय अनुकूलन योजना (LAPA) र विपद् जोखिम व्यवस्थापन (DRM) को अन्तरसम्बन्ध*

| पक्ष | स्थानीय अनुकूलन योजना (LAPA) | विपद् जोखिम व्यवस्थापन (DRM) |
|---|---|---|
| मुख्य उद्देश्य | जलवायु परिवर्तनको दीर्घकालीन असरबाट समुदायलाई जोगाउनु | विपद् आउनुअघि, हुँदा र पछिको जोखिम न्यूनीकरण र व्यवस्थापन |
| कार्यान्वयन समय | दीर्घकालीन योजना (Slow Onset Impacts) | तात्कालिक तथा मध्यमकालीन प्रतिकार्य (Sudden and Seasonal Events) |
| केन्द्रविन्दु | अनुकूलन क्षमता वृद्धि, पूर्वानुमान आधारित योजना | जोखिम न्यूनीकरण, तदारुकता, पूर्वतयारी, उद्धार, पुनःस्थापना |
| जोखिमको स्वरूप | जलवायु परिवर्तनजन्य, क्रमिक असरहरू (जस्तैः खडेरी, वर्षा पैटर्नको परिवर्तन) | प्रायः जलवायुजन्य तर तत्कालिक असर दिने (जस्तैः बाढी, पहिरो, आगलागी) |

### १.५.३. कार्यन्वयनमा अन्तरसम्बन्ध

स्थानीय अनुकूलन योजना (LAPA) र विपद् जोखिम व्यवस्थापन (DRM) कार्यान्वयनको चरणमा परस्पर अन्तर्सम्बन्धित छन्, जसले दुवै प्रणालीलाई प्रभावकारी बनाउँछ। संकटासन्नता मूल्यांकन

(VCA), जोखिम नक्साङ्कन तथा समुदायको सक्रिय सहभागिता दुबै कार्यक्रमको साझा आधारशिला हुन्, जसले योजना निर्माण र कार्यान्वयनलाई स्थानीय सन्दर्भमै केन्द्रित गर्न मद्दत गर्छ। LAPA अन्तर्गत गरिने जल स्रोत संरक्षण, माटो संरक्षण, सिचाइ प्रविधि, र वन व्यवस्थापन जस्ता उपायहरूले पहिरो तथा खडेरीजस्ता जोखिम न्यूनीकरणमा DRM लाई सशक्त बनाउँछन्। उता, DRM अन्तर्गतको पूर्वसूचना प्रणाली, सुरक्षात्मक पूर्वाधार निर्माण (जस्तैः तटबन्ध, सुरक्षित आवास), र आपतकालीन तयारीले LAPA योजनाको प्रभावकारिता र दीगोपनालाई मजबुत बनाउँछ। यसरी दुवै कार्यक्रमबीचको समन्वयले स्थानीय तहमा जलवायु उत्थानशीलता र संकट व्यवस्थापन क्षमतालाई सुदृढ गर्छ।

१. संकटासन्नता मूल्यांकन (VCA), जोखिम नक्साङ्कन र समुदाय सहभागिता LAPA र DRM दुबैमा साझा अभ्यास हुन्।
२. LAPA अन्तर्गत बन्ने जल स्रोत संरक्षण, सिचाइ प्रविधि, माटो संरक्षण, वन क्षेत्र व्यवस्थापन जस्ता उपायहरूले DRM मा पहिरो/खडेरी न्यूनीकरणमा मद्दत गर्छन्।
३. DRM अन्तर्गतका पूर्वसूचना प्रणाली, सुरक्षात्मक पूर्वाधार (जस्तैः तटबन्ध, सुरक्षित घर), आपतकालीन तयारी LAPA को प्रभावकारिता बढाउन सहायक हुन्छन्।

### १.५.४. स्थानीय तहका लागि रणनीतिक आवश्यकता

स्थानीय तहमा जलवायु परिवर्तन र विपद् जोखिम व्यवस्थापनका क्षेत्रमा प्रभावकारी कार्यान्वयनका लागि केही रणनीतिक आवश्यकताहरू अपरिहार्य छन्। सबैभन्दा पहिला, स्थानीय अनुकूलन योजना (LAPA) र विपद् जोखिम व्यवस्थापन (DRM) बीच संस्थागत समन्वय अनिवार्य छ, ताकि दुवै योजना एक अर्कामा समाहित भएर पूरक रूपमा कार्यान्वयन गर्न सकियोस्। दोस्रो, एकीकृत डाटा र जोखिम प्रोफाइल प्रयोग गरी एउटै आधारमा योजना निर्माण गर्दा स्रोतको परिचालन, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन सजिलो र प्रभावकारी हुन्छ। तेस्रो, GESI (Gender Equality and Social Inclusion) दृष्टिकोण अपनाउनु अत्यावश्यक छ, जसले महिला, दलित, आदिवासी, अपाङ्गता भएका व्यक्ति र अन्य सीमान्तकृत समुदायहरूको सहभागिता, पहुँच र लाभ सुनिश्चित गर्छ। यी रणनीतिहरूको एकीकृत प्रयोगले स्थानीय तहमा दीगो र समावेशी विकासलाई गति दिन्छ।

१. LAPA र DRM बीच संस्थागत समन्वय - दुवै योजना एक अर्कामा समाहित हुने गरी विकास गर्नुपर्छ।
२. एकीकृत डाटा र जोखिम प्रोफाइल - दुवै प्रक्रियामा एउटै आधार प्रयोग गरेर योजना बनाउँदा स्रोत परिचालन प्रभावकारी हुन्छ।
३. GESI (Gender Equality and Social Inclusion) दृष्टिकोण - दुबै क्षेत्रमा महिला, दलित, आदिवासी, अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गर्नुपर्छ।

नेपालमा स्थानीय अनुकूलन योजना (LAPA) र विपद् जोखिम व्यवस्थापन (DRM) फरक उद्देश्यका लागि विकास गरिएका औजारहरू भए पनि तिनीहरूको अन्तिम लक्ष्य एउटै हो : स्थानीय समुदायलाई जलवायु परिवर्तन र विपद्का असरहरू सामना गर्न सक्षम बनाउने। LAPA जलवायु परिवर्तनको दीर्घकालीन असरसँग जुध्न अनुकूलन क्षमतामा केन्द्रित हुन्छ भने DRM आकस्मिक विपद्का जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनःस्थापनामा केन्द्रित हुन्छ। तर यी दुई दृष्टिकोण समन्वय गरेर कार्यान्वयन गरिँदा विपद/संकट न्यूनीकरणमा प्रभावकारिता बढ्छ, उपलब्ध स्रोतको अधिकतम उपयोग सम्भव हुन्छ, र दीगो विकासका लक्ष्यहरू प्राप्त गर्न सहज हुन्छ। त्यसैले, यी योजना संवेदनशीलता, समावेशिता र दीगो सोचको आधारमा एउटै रूपरेखा भित्र एकीकृत रूपमा कार्यान्वयन गर्नु अपरिहार्य छ।

# परिच्छेद दुइ – रामारोशन गाउँपालिकाको परिचय

## २.१. भौगोलिक अवस्था

सुदुरपश्चिम प्रदेश अन्तर्गत सेती अंचलको पहाडी जिल्ला अछामको सुन्दर पर्यटकीय क्षेत्र रामारोशनका नामबाट नामाकरण गरिएको रामारोशन गाउँपालिका नेपाल सरकारको मिति २०७३।०१।२५ को निर्णयबाट साविकका मलातिकोट, चाफामाण्डौ, शान्तडा, बाटुलासैन, रामारोशन, भाटाकाटीया र सुतार गा.वि.स.गरी जम्मा ७ वडा लाई समावेश गरि स्थापना गरिएको हो । सुदूरपश्चिम प्रदेश सदरमुकाम धनगढीबाट करिब ९० कि.मि.को उत्तर-पूर्वको हवाईदूरी, जिल्ला सदरमुकाम मंगलसेनबाट करिब १३ कि.मि.को उत्तर-पूर्वको हवाईदूरी तथा कर्णाली प्रदेश सदरमुकाम सुर्खेतबाट करिब ७० कि.मि. उत्तर-पश्चिमको हवाईदूरीमा अवस्थित रामारोशन गाउँपालिकाको सदरमुकाम मुजाबगर (वडा नं. ३) सङ्घीय राजधानी काठमाडौंबाट करिब ४२० कि.मि. उत्तर-पश्चिमको हवाईदूरीमा अवस्थित छ । रामारोशन गाउँपालिकाको पूर्वमा कालिकोट जिल्ला, पश्चिममा अछाम जिल्लाका मेल्लेख गाउँपालिका, बान्नीगढी-जयगढ गाउँपालिका र मंगलसेन नगरपालिका, उत्तरमा बाजुरा जिल्ला र अछामको मेल्लेख गाउँपालिका, तथा दक्षिणमा अछाम जिल्लाका पन्चदेवल-विनायक नगरपालिका र कमलबजार नगरपालिका रहेका छन् । यस गाउँपालिका को क्षेत्रफल १७३.३३ (वर्ग कि.मी.) मा २३६०० जनसंख्या रहेकोछ ।

## २.२. राजनैतिक र प्रशासनिक संरचना

हालको रामारोशन गाउँपालिकामा साबिकका मलातिकोट, चाफामाण्डौ, शान्तडा, बाटुलासैन, रामारोशन, भाटाकाटिया र सुतार गा.वि.स.हरु समावेश भएका छन् । ७ वटा वडा संख्या रहेको रामारोशन गाउँपालिकाको केन्द्र साविक शान्तडा गा.वि.स.को कार्यालय रहेको स्थानमा रहेको छ ।

*तालिका २: पालिकाको वडा विवरण*

| वडा नं. | समावेश भएका साबिक गा.वि.स/न.पा.हरु | साबिक वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | मलातिकोट | १-९ | |
| २ | चाफामाण्डौ | १-९ | |
| ३ | शान्तडा | १-९ | |
| ४ | बाटुलासैन | १-९ | |
| ५ | रामारोशन | १-९ | |
| ६ | भाटाकाटिया | १-९ | |
| ७ | सुतार | १-९ | |

## २.३. प्राकृतिक श्रोतको अवस्था

### २.३.१. वन सम्बन्धि विवरण

रामारोशन गाउँपालिकामा वन क्षेत्र (Forest) वडागत रूपमा व्यापक रुपमा फैलिएको छ, जसले जलवायु सन्तुलन, जैविक विविधता संरक्षण, तथा विपद् न्यूनीकरणमा महत्त्वपूर्ण भूमिका खेल्दछ। सबैभन्दा धेरै वन क्षेत्र वडा ५ मा २५.६२ वर्ग कि.मि. (४९.९२%) रहेको छ, त्यसपछि वडा ४ मा १४.७५ वर्ग कि.मि. (५८.७५%) र वडा ६ मा १७.७५ वर्ग कि.मि. (३८.३२%) वन क्षेत्र ओगटेको छ। यस्ता क्षेत्रहरू स्थानीय वातावरणीय सुरक्षा तथा कार्बन शोषणका लागि महत्त्वपूर्ण मानिन्छन्।

साथै, झाडी क्षेत्र (Bush) अधिकांश वडामा न्यून मात्रामा देखिन्छ, अधिकतम वडा १ मा मात्र ०.४९ वर्ग कि.मि. (३.८२%) रहेको छ, भने वडा ३ र ६ मा झाडी क्षेत्र छैन। झाडी क्षेत्रहरू पुनःवनोपजनी (reforestation) वा चारो/वनस्पति संरक्षणका सम्भावित क्षेत्रका रूपमा उपयोगी हुन सक्छन्।

समग्रमा, वन स्रोतको संरक्षण, व्यवस्थापन तथा झाडी क्षेत्रको पुनःउत्थानले जलवायु अनुकूलन र विपद् न्यूनीकरण दुवैमा योगदान दिन सक्छ। गाउँपालिकाको बनक्षेत्र सम्बन्धि बिस्तृत विवरण तालिका नं. ०-१ मा उल्लेख गरिएको छ :

### २.३.२. भू-उपयोग विवरण

रामारोशन गाउँपालिकाको कुल १७४.७९३ वर्ग किलोमिटर क्षेत्रफलमध्ये सबैभन्दा ठूलो हिस्सा ९३.२२५ वर्ग कि.मी. कृषि भूमिमा रहेको छ, त्यसपछि ७५.८४१ वर्ग कि.मी. वन क्षेत्रले ओगटेको छ। बाँकी क्षेत्रहरूमा सार्वजनिक प्रयोग (२.५८७ ब.कि.मी), जलाशय (१.४३५ ब.कि.मी), व्यवसायिक क्षेत्र (०.९३७ ब.कि.मी) र आवासीय क्षेत्र (०.७७० ब.कि.मी) पर्दछन्। जलवायु परिवर्तनको प्रभावले कृषि तथा वन क्षेत्रमा प्रत्यक्ष असर पार्ने हुँदा कृषियोग्य जमिनको संरक्षण र वन क्षेत्रको दिगो व्यवस्थापन अत्यन्त महत्वपूर्ण छ। अत्यधिक वर्षा, सुख्खा, तथा विपद् (जस्तैः पहिरो, बाढी) को जोखिमले कृषि उत्पादन र वन प्रणालीमा क्षति पुऱ्याउन सक्छ। त्यसैले, रामारोशन गाउँपालिकामा भूमि उपयोग योजनालाई जलवायु अनुकूल र विपद् न्यूनीकरण केन्द्रित बनाउनु अत्यावश्यक छ। गाउँपालिकाको भू-उपयोग सम्बन्धि बिस्तृत विवरण तालिका नं. ०-१ मा उल्लेख गरिएको छ :

*तालिका ३: पालिकाको भू-उपयोग विवरण*

| Land cover | Area in Sqkm | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Ward 1 | Ward 2 | Ward 3 | Ward 4 | Ward 5 | Ward 6 | Ward 7 | Total |
| Agriculture | ५.९४ | ३.४० | ७.९४ | ९.७३ | २४.३१ | २७.६२ | १४.२८ | ९६.३४ |
| | ४५.९२% | ६१.६७% | ५८.३५% | ३८.७६% | ४७.३६% | ५९.६३% | ७१.४७% | ५३.२९% |
| Buss | ०.४९ | ०.१४ | | ०.०३ | ०.१४ | | ०.१३ | १.०१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ३.८२% | २.६२% | ०.००% | ०.११% | ०.२७% | ०.००% | ०.६७% | ०.५६% |
| Forest | ६.०७ | १.७२ | ५.०७ | १४.७५ | २५.६३ | १७.७५ | ४.८५ | ७८.४६ |
| | ४६.९५% | ३१.१९% | ३७.२६% | ५८.७५% | ४९.९३% | ३८.३३% | २४.२६% | ४३.४०% |
| Public Use | ०.१७ | ०.१६ | ०.४१ | ०.३६ | ०.४९ | ०.५८ | ०.४१ | २.७० |
| | १.३५% | २.९१% | ३.०२% | १.४३% | ०.९६% | १.२५% | २.०४% | १.४९% |
| Residential | ०.१७ | ०.०१ | ०.०८ | ०.१३ | ०.२१ | ०.०९ | ०.०७ | ०.८० |
| | १.३१% | ०.२५% | ०.५८% | ०.५३% | ०.४१% | ०.२०% | ०.३५% | ०.४४% |
| Water Body | ०.०८ | ०.०८ | ०.११ | ०.११ | ०.५५ | ०.२७ | ०.२४ | १.४८ |
| | ०.६४% | १.३६% | ०.७८% | ०.४२% | १.०७% | ०.५९% | १.२१% | ०.८२% |
| **Total** | १२.९३ | ५.५२ | १३.६१ | २५.११ | ५१.३२ | ४६.३१ | १९.९९ | १८०.७९ |

रामारोशन गाउँपालिकाको भू-उपयोग विवरण हेर्दा अधिकांश वडामा कृषि तथा वन क्षेत्रले ठूलो हिस्सा ओगटेको देखिन्छ, जुन जलवायु अनुकूलन र विपद व्यवस्थापन दुवै दृष्टिकोणबाट महत्वपूर्ण छ। विशेष गरी वडा ५, ६ र ७ मा कृषि क्षेत्र क्रमशः २४.३१, २७.६२, र १४.२८ वर्ग कि.मि. रहेको छ, जसले जलवायुजन्य जोखिम (जस्तैः असिनापात, सुख्खा, पहिरो) को प्रतिकूल असरमा पर्ने सम्भावना देखाउँछ। यस्तै, वडा ४ र ५ मा वन क्षेत्र क्रमशः १४.७५ र २५.६२ वर्ग कि.मि. रहेको छ, जसले भूक्षय नियन्त्रण, पानीको स्रोत संरक्षण, र हरित कभरको रूपमा जलवायु अनुकूलनमा सहयोग पुर्याउँछ।

सार्वजनिक प्रयोग, आवासीय क्षेत्र र जल स्रोतको भू-उपयोग सिमित रहेको हुँदा विपद् व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण र आपतकालीन पहुँचका विषयमा विशेष ध्यान दिनुपर्ने देखिन्छ। उदाहरणका लागि, जल निकाय (water body) को न्यून क्षेत्रफल बाढी तथा पानी अभावजस्ता दुवै समस्यामा संवेदनशीलता जनाउँछ।

रामारोशन गाउँपालिकाको भू-उपयोग अवस्थाले जलवायु तथा विपद् संवेदनशीलता र क्षमता दुवैलाई जनाउँछ। यसलाई आधार मानेर तयार गरिने DRR/CCA योजना दीर्घकालीन स्थायित्व, समावेशी विकास, र विपद् सहनशील समुदाय निर्माणतर्फ उन्मुख हुनु आवश्यक छ। यसैले, भू-उपयोग योजनामा जलवायु परिवर्तनको सम्भावित असरलाई मध्यनजर गर्दै, वन संरक्षण, दिगो कृषि अभ्यास, र सुरक्षित बासोबास क्षेत्रको विकासमा प्राथमिकता दिनु आवश्यक छ, जसले दीर्घकालीन रूपमा विपद जोखिम न्यूनीकरण र समुदायको अनुकूलन क्षमता दुवै वृद्धि गर्न मद्दत गर्छ।




*चित्र १: पालिकाको भू-उपयोग नक्सा*

### २.३.३. जलश्रोत विवरण

रामारोशन गाउँपालिकाको जलाशय (Water Body) क्षेत्रफल वडागत रूपमा सीमित देखिए पनि यसको समग्र जलस्रोत व्यवस्थापनमा महत्वपूर्ण भूमिका छ। सबैभन्दा ठूलो जलाशय क्षेत्र वडा ५ मा ०.५४७ वर्ग कि.मि. (१.०६%) रहेको छ, त्यसपछि वडा ७ मा ०.२४१ वर्ग कि.मि. (१.२%) र वडा ६ मा ०.२७४ वर्ग कि.मि. (०.५९%) छ। अन्य वडाहरूमा पनि साना जलाशयहरू रहेका छन्, जुन सिँचाइ, खानेपानी, तथा स्थानीय जैविक प्रणालीका लागि आधारशिला हुन्।

वडा २ मा सानो क्षेत्रफल (०.०७५ वर्ग कि.मि.) भए पनि कुल अनुपातमा उच्च (१.३६%) देखिनु यस क्षेत्रमा जलाशय घनत्वको संकेत हो। यी जलस्रोतहरू जलवायु परिवर्तनका कारण घट्दो वर्षा, सुख्खा र बाढीका सन्दर्भमा अझ संवेदनशील बन्दै गएका छन्। त्यसैले, स्थानीय तहमा जलस्रोतको संरक्षण, पुनःभरण क्षेत्रहरूको रक्षा तथा वर्षा पानी संकलन जस्ता उपायहरूको प्रवर्द्धन आवश्यक छ।

समग्रमा, जलाशय क्षेत्रको दिगो व्यवस्थापनले जलवायु अनुकूलन र सुरक्षित जल पहुँचमा दीर्घकालीन योगदान पुऱ्याउन सक्छ। रामारोशन गाउँपालिका भित्र रहेका मुख्य ताल तथा नदीहरु निम्नानुसार रहेका छन् :

**रामारोशन ताल :** वडा नं ५ मा पर्ने महत्वपूर्ण स्थल हो —रामारोशन । अछामको पूर्वीउत्तर र कालीकोटको पश्चिम क्षेत्रमा पर्ने, १२ बण्ड १८ खण्ड ताल भनेर चिनिने रामारोशन ताल क्षेत्र समुद्री सतहबाट दुई हजार ५० मिटरदेखि तीन हजार सात सय ९२ मिटर उचाइमा पर्दछ र यो क्षेत्र नै कैलाश नदीको उद्गमस्थल रहेको छ । बाह्र तालमध्ये रामे, लामोदय, ताउल्या, जिङगल्या, गाग्रा र १८ खण्डमध्ये किनीमिन्नी मैदान फाँट र रामारोशन मैदान फाँट अन्यभन्दा आकर्षित र मनमोहक रहेका छन् । प्राकृतिक रुपमा समेत रमणीय रहेको यो क्षेत्र पर्यटकीय हिसावले महत्वपूर्ण मानिएको छ ।

**मझौला नदी**

कैलाश खोला : जिल्लाको उत्तरी भाग रामारोशन तालबाट उत्पत्ति भई रामारोशन, भाटाकाटिया, बाटुलासैन, सान्तडा, चाफामाण्डौ, मलातीकोट, दर्ना, जुपु, वलीगाउँ, मंगलसेनको सीमाना हुँदै बुढीगंगामा मिसिने ।

**साना नदी**

बल्ले खोला : बाटुलासेन र रामारोशनको बीचबाट बगेको ।

उनीरवा खोला : रामारोशन र भटाकाटियाको बीचबाट बगेको ।

## २.४. जनसांख्यिक, सामाजिक तथा आर्थिक विवरण

रामारोशन गाउँपालिकामा कुल ४,८३२ घरधुरी रहेका छन्। तीमध्ये प्रायः सबै, अर्थात् ४,७८५ घरधुरी (९९.०३%) आफ्नै स्वामित्वमा छन्, जसले यहाँको जनसंख्या उच्च दरमा आफ्नै घरमा बसोबास गर्ने देखाउँछ। भाडामा लिइएका घरधुरीको संख्या ३८ (०.७९%) मात्र रहेको छ, जुन निकै न्यून हो। त्यस्तै, ४ घरधुरी (०.०८%) संस्थागत प्रयोजनका लागि प्रयोग गरिएको छ भने अन्य श्रेणीमा पर्न आउने घरधुरीको संख्या ५ (०.१%) रहेको छ। यी तथ्यांकहरूले गाउँपालिकामा घरको स्वामित्वको अवस्था बलियो रहेको संकेत गर्छ।

*तालिका ४: वडागत रुपमा घरधुरी संख्या तथा घरको स्वामित्व अनुसार घर (परिवार) संख्या*

| वडा | जम्मा घरधुरी | स्वामित्वको प्रकार | | | |
|---|---|---|---|---|---|
| | | आफ्नै | भाडाको | संस्थागत | अन्य |
| १ | ४७२ | ४७२ | ० | ० | ० |
| २ | २५९ | २५८ | १ | ० | ० |
| ३ | ५९९ | ५७३ | २३ | ३ | ० |
| ४ | ७६२ | ७५९ | ३ | ० | ० |
| ५ | १२१० | ११९५ | १० | १ | ४ |
| ६ | ८९२ | ८९१ | ० | ० | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | ६३८ | ६३७ | १ | ० | ० |
| जम्मा | ४८३२ | ४७८५ | ३८ | ४ | ५ |

## तालिका ५: उमेर समूह र लिङ्ग अनुसार जनसंख्या

| उमेर समुह (बर्ष) | वडा नं. - १ | | | वडा नं. - २ | | | वडा नं. - ३ | | | वडा नं. - ४ | | | वडा नं. - ५ | | | वडा नं. - ६ | | | वडा नं. - ७ | | | सबै वडा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| ००-०४ | २६४ | १४९ | ११५ | १४० | ६५ | ७५ | ३१४ | १६९ | १४५ | ४६४ | २३८ | २२६ | ६९९ | ३४८ | ३५१ | ५१४ | २६० | २५४ | ३९६ | २०२ | १९४ | २७९१ | १४३१ | १३६० |
| १०-१४ | २९२ | १५४ | १३८ | १५५ | ८९ | ६६ | ३५० | १६९ | १८१ | ४५८ | २२० | २३८ | ७६२ | ४१६ | ३४६ | ६१३ | २८६ | ३२७ | ४७४ | २५४ | २२० | ३१०४ | १५८८ | १५१६ |
| १५-१९ | ३२१ | १५१ | १७० | १८७ | ९८ | ८९ | ३८१ | २१० | १७१ | ५३१ | २६३ | २६८ | ९१२ | ४६३ | ४४९ | ६६९ | ३२१ | ३४८ | ५३२ | २५६ | २७६ | ३५३३ | १७६२ | १७७१ |
| १५-१९ | २४४ | ११० | १३४ | १२९ | ५३ | ७६ | २९१ | ११९ | १७२ | ४३१ | १९६ | २३५ | ६९४ | ३२६ | ३६८ | ४५५ | १९७ | २५८ | ३९० | १७३ | २१७ | २६३४ | ११७४ | १४६० |
| २०-२४ | १७७ | ६० | ११७ | ११० | ४३ | ६७ | २४६ | १०६ | १४० | ३१२ | १३९ | १७३ | ५३६ | २२६ | ३१० | ३५६ | १५१ | २०५ | २७४ | ११५ | १५९ | २०११ | ८४० | ११७१ |
| २५-२९ | १०७ | ४७ | ६० | ६८ | २९ | ३९ | १९० | ९२ | ९८ | २५६ | ११८ | १३८ | ३५१ | १६९ | १८२ | २७१ | १२२ | १४९ | १८७ | ८५ | १०२ | १४३० | ६६२ | ७६८ |
| ३०-३४ | १२८ | ५१ | ७७ | ६१ | ३१ | ३० | १६३ | ७४ | ८९ | २०६ | ९० | ११६ | २७४ | ११३ | १६१ | १९४ | ८७ | १०७ | १६२ | ६७ | ९५ | ११८८ | ५१३ | ६७५ |
| ३५-३९ | १०४ | ४० | ६४ | ६३ | २६ | ३७ | १५० | ६२ | ८८ | १७८ | ७९ | ९९ | २८९ | १३५ | १५४ | २३० | ९१ | १३९ | १५८ | ७१ | ८७ | ११७२ | ५०४ | ६६८ |
| ४०-४४ | १२२ | ५० | ७२ | ६१ | २८ | ३३ | ११४ | ५१ | ६३ | १६५ | ७२ | ९३ | २७५ | १०६ | १६९ | १६९ | ६३ | १०६ | १६९ | ७६ | ९३ | १०७५ | ४४६ | ६२९ |
| ४५-४९ | १०६ | ४१ | ६५ | ४५ | २० | २५ | ११२ | ४७ | ६५ | १५१ | ५९ | ९२ | २४३ | १०२ | १४१ | १६९ | ७३ | ९६ | १३४ | ६३ | ७१ | ९६० | ४०५ | ५५५ |
| ५०-५४ | ९० | ४५ | ४५ | ४६ | १९ | २७ | १०७ | ४५ | ६२ | १५३ | ७० | ८३ | २६३ | १२१ | १४२ | १७२ | ९० | ८२ | १३६ | ६३ | ७३ | ९६७ | ४५३ | ५१४ |
| ५५-५९ | ६६ | ३७ | २९ | ३४ | १० | २४ | ८२ | ३९ | ४३ | १२४ | ६१ | ६३ | १८७ | ९३ | ९४ | ११४ | ५६ | ५८ | ८१ | ४१ | ४० | ६८८ | ३३७ | ३५१ |
| ६०-६४ | ४८ | २२ | २६ | ३३ | १८ | १५ | ५६ | २४ | ३२ | ९८ | ५३ | ४५ | १५८ | ७९ | ७९ | १०८ | ५२ | ५६ | ९३ | ५५ | ३८ | ५९४ | ३०३ | २९१ |
| ६५-६९ | ४९ | २६ | २३ | २६ | १० | १६ | ५७ | २५ | ३२ | ७१ | ३७ | ३४ | १२२ | ५८ | ६४ | ८१ | ४१ | ४० | ७९ | ३३ | ४६ | ४८५ | २३० | २५५ |
| ७०-७४ | ६२ | २३ | ३९ | २८ | ११ | १७ | ६३ | ३७ | २६ | ५७ | २६ | ३१ | ८८ | ३५ | ५३ | ९९ | ३८ | ६१ | ७२ | ३३ | ३९ | ४६९ | २०३ | २६६ |
| ७५-७९ | ३८ | १९ | १९ | १७ | ७ | १० | २९ | १४ | १५ | ४७ | २३ | २४ | ७५ | ३० | ४५ | ६६ | ३० | ३६ | ३६ | १७ | १९ | ३०८ | १४० | १६८ |
| ८०-८४ | १५ | १० | ५ | ९ | ३ | ६ | १२ | ६ | ६ | २३ | १३ | १० | २९ | १४ | १५ | १७ | ९ | ८ | ११ | ६ | ५ | ११६ | ६१ | ५५ |
| ८५-८९ | ४ | १ | ३ | २ | १ | १ | ८ | ४ | ४ | ५ | २ | ३ | ४ | २ | २ | १५ | ८ | ७ | ७ | २ | ५ | ४५ | २० | २५ |
| ९०-९४ | ४ | १ | ३ | ० | ० | ० | २ | २ | ० | २ | १ | १ | ३ | ३ | ० | ३ | १ | २ | ७ | २ | ५ | २१ | १० | ११ |
| ९५+ | २ | २ | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | २ | ० | २ | ३ | ० | ३ | १ | ० | १ | ९ | ३ | ६ |
| जम्मा | २२४३ | १०३९ | १२०४ | १२१४ | ५६१ | ६५३ | २७२८ | १२९६ | १४३२ | ३७३२ | १७६० | १९७२ | ५९६६ | २८३९ | ३१२७ | ४३१८ | १९७६ | २३४२ | ३३९९ | १६१४ | १७८५ | २३६०० | ११०८५ | १२५१५ |

## तालिका ६: विशेष उमेर समूह र लिङ्ग अनुसार जनसंख्या

| वडा नं. | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १० बर्ष र सो भन्दा बढी | जम्मा | २२४३ | १२१४ | २७२८ | ३७३२ | ५९६६ | ४३१८ | ३३९९ | २३६०० |
| | पुरुष | १०३९ | ५६१ | १२९६ | १७६० | २८३९ | १९७६ | १६१४ | ११०८५ |
| | महिला | १२०४ | ६५३ | १४३२ | १९७२ | ३१२७ | २३४२ | १७८५ | १२५१५ |
| १ बर्ष भन्दा कम | पुरुष | ३४ | १८ | ३३ | ४८ | ७३ | ५३ | ४१ | ३०० |
| | महिला | २६ | ११ | ३३ | ५७ | ७९ | ५० | ४२ | २९८ |
| ०-४ | पुरुष | १४९ | ६५ | १६९ | २३८ | ३४८ | २६० | २०२ | १४३१ |
| | महिला | ११५ | ७५ | १४५ | २२६ | ३५१ | २५४ | १९४ | १३६० |
| ०-१४ | पुरुष | ४५४ | २५२ | ५४८ | ७२१ | १२२७ | ८६७ | ७१२ | ४७८१ |
| | महिला | ४२३ | २३० | ४९७ | ७३२ | ११४६ | ९२९ | ६९० | ४६४७ |
| १६-२४ | पुरुष | १४६ | ८३ | १९० | २८६ | ४७० | ३११ | २३१ | १७१७ |
| | महिला | २१३ | १२५ | २७८ | ३५५ | ५९९ | ३९३ | ३१३ | २२७६ |
| १६-४० | पुरुष | २९६ | १७८ | ४४१ | ६०४ | ९३६ | ६३१ | ४७९ | ३५६५ |
| | महिला | ४३३ | २४० | ५७६ | ७५५ | ११७९ | ८२४ | ६२४ | ४६३१ |
| १६ + | पुरुष | ५६१ | २९६ | ७१३ | ९९० | १५३० | १०७२ | ८४५ | ६००७ |
| | महिला | ७४३ | ४०५ | ९०१ | ११८७ | १९०२ | १३४३ | १०३२ | ७५१३ |
| ०-१७ | पुरुष | ५०९ | २८९ | ६२६ | ८४४ | १४२२ | ९९१ | ८२८ | ५५०९ |
| | महिला | ५१३ | २७७ | ५९८ | ८७२ | १३६९ | १०९३ | ८३५ | ५५५७ |
| १५-५९ | पुरुष | ४८१ | २५९ | ६३५ | ८८४ | १३९१ | ९३० | ७५४ | ५३३४ |
| | महिला | ६६३ | ३५८ | ८२० | १०९२ | १७२१ | १२०० | ९३७ | ६७९१ |
| | पुरुष | १०४ | ५० | ११३ | १५५ | २२१ | १७९ | १४८ | ९७० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६०+ | महिला | ११८ | ६५ | ११५ | १४८ | २६० | २१३ | १५८ | १०७७ |
| ६५+ | पुरुष | ८२ | ३२ | ८९ | १०२ | १४२ | १२७ | ९३ | ६६७ |
| | महिला | ९२ | ५० | ८३ | १०३ | १८१ | १५७ | १२० | ७८६ |
| ६८+ | पुरुष | ६७ | २५ | ७८ | ८४ | १०१ | ९६ | ७२ | ५२३ |
| | महिला | ८१ | ४० | ६१ | ८० | १३३ | १३१ | ८५ | ६११ |
| १५–४९ महिला | | ५८९ | ३०७ | ७१५ | ९४६ | १४८५ | १०६० | ८२४ | ५९२६ |

रामारोशन गाउँपालिकाको उमेर समूह र लिङ्गअनुसारको जनसंख्या विवरण जलबायु परिवर्तन र विपद व्यवस्थापन सन्दर्भमा विश्लेषण गर्दा समुदायका विभिन्न समुहहरूमा पर्ने प्रभाव, संवेदनशीलता र क्षमताको स्पष्ट संकेत दिन्छ।

- **बालबालिका र किशोरहरू (०—१४ वर्षः ९,४२८ जना)**
  - जलबायु जन्य जोखिम (जस्तै, बाढी, भूस्खलन, हिउँपहिरो) का बेला सबैभन्दा धेरै प्रभावित हुने संवेदनशील समूह।
  - पोषण, स्वास्थ्य सेवा र शिक्षा पहुँचमा अवरोध आउँदा दीर्घकालीन असर पर्ने सम्भावना।

    विपद् पूर्वतयारी र शरणस्थलमा बालमैत्री संरचना आवश्यक।
- **काम गर्ने उमेर समूह (१५—५९ वर्षः १२,१२५ जना)**
  - विपद्को समयमा राहत, उद्धार र पुनःस्थापनाको मुख्य जनशक्ति यही समूह हो।
  - महिला संख्या (६,७९१) पुरुषभन्दा बढी छ, जसले पुरुष बाहिरिएकाको संकेत गर्छ, विशेषतः आप्रवासनको कारण।
  - महिला नेतृत्व विकास, विपदमा उनीहरूको भूमिका सुनिश्चित गर्ने नीति आवश्यक।
- **वृद्ध जनसंख्या (६० वर्ष+ : २,०४७ जना)**
  - भौतिक रुपमा कमजोर, छिटो स्थानान्तरण असम्भव हुने सम्भावना।
  - पूर्व-संरचना जस्तै वृद्धमैत्री आवास, सुरक्षित स्थल, औषधि आपूर्ति र हेरचाह प्रणाली आवश्यक।
- **महिला**
  - प्रायः सबै उमेर समुहमा महिला संख्या पुरुषभन्दा बढी छ, विशेषतः १६-४० वर्ष र १५-४९ वर्ष समूहमा।
  - जलबायु तथा विपदको सन्दर्भमा महिलाहरू प्रायः खाद्यान्न, पानी, बालबालिका र वृद्धहरूको हेरचाहमा बढी जिम्मेवार हुन्छन्।
  - लैङ्गिक उत्तरदायी विपद व्यवस्थापन योजना अनिवार्य छ।

## सिफारिस

- बालबालिका र वृद्धहरूको लागि लक्षित शरणस्थल र सुरक्षात्मक संरचना विकास गर्नुपर्छ।

- महिलाहरूलाई विपद जोखिम न्यूनीकरणका नेतृत्व र योजना प्रक्रियामा संलग्न गराउनु आवश्यक छ।
- सामुदायिक स्वयंसेवक (युवा लक्षित) टोली निर्माण गरी उद्धार र सूचनाको पहुँच सुनिश्चित गर्न सकिन्छ।
- समावेशी पूर्व-सचेतना तालिम र अभ्यास (ड्रिल) सबै उमेर समुह लक्षित गरी सञ्चालन गर्नुपर्छ।




*चित्र २: पालिकामा पारिवारिक संरचना*




*चित्र ३: धर्म अनुसारको जनसंख्या*

रामारोशन गाउँपालिकामा विभिन्न धर्म मान्ने समुदायहरू बसोबास गर्छन्। यहाँको जनसंख्यामध्ये अधिकांश २३,३३९ जना हिन्दु धर्मावलम्बी छन्, जसले यस गाउँपालिकामा हिन्दु धर्म प्रमुख रहेको

देखाउँछ। यसका अलावा ११८ जना बौद्ध, १७ जना क्रिश्चियन तथा १२६ जना प्रकृति धर्म मान्ने नागरिकहरू छन्। यस्ता धार्मिक विविधता स्थानीय सांस्कृतिक सहिष्णुता र विविध सामाजिक स्वरूपको संकेत गर्दछ।




*चित्र ४: जातजाति अनुसारको जनसंख्या*

रामारोशन गाउँपालिकामा विभिन्न जातीय समुदायहरूको बसोबास रहेको छ। यहाँ सबैभन्दा ठूलो जनसंख्या क्षेत्री समुदायको छ, जसको संख्या १३,७६२ रहेको छ। त्यसपछि विश्वकर्मा समुदाय ४,१३४ जनासहित दोस्रो ठूलो समूह हो। परियार २,४११, ब्राह्मण (पहाडे) १,८४७, र ठकुरी १,०६७ जनासहित उल्लेखनीय संख्यामा छन्। अन्य जातिहरूमध्ये मगर ३१७, मिजार २६, सन्यासी/दसनामी १७, र अन्य जाति १९ जना छन्। यसले गाउँपालिकामा जातीय विविधता रहेको देखाउँछ, जहाँ परम्परागत पहाडी जातिहरूको बहुलता छ।




*चित्र ५: मातृभाषा अनुसार जनसंख्या*

रामारोशन गाउँपालिकामा विभिन्न मातृभाषी समुदायहरू छन्, जसमा सबैभन्दा धेरै ५६.४% जनसंख्याले नेपाली भाषा बोल्छन्। त्यसपछि ४१.८% ले अछामी भाषा बोल्ने गरी दोस्रो ठूलो भाषिक समूह रहेको छ। अन्य अल्पसंख्यक भाषाहरूमा मगर खाम १.४%, अन्य भाषा ०.२%, जुम्ली र बाजुरेली दुबै ०.१% रहेका छन्। यो विवरणले गाउँपालिकामा नेपाली भाषाको प्रधानता भए पनि स्थानीय भाषाहरूको पनि उल्लेखनीय उपस्थिति रहेको देखाउँछ।

*तालिका ७: वडागत जनसंख्या तथा जनघनत्व*

| वडा | जनसंख्या २०६८ | जनसंख्या २०७८ | | | जनघनत्व |
|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | |
| १ | २६३० | २२४३ | १०३९ | १२०४ | १७४.५० |
| २ | १२८१ | १२१४ | ५६१ | ६५३ | २२१.११ |
| ३ | २८०० | २७२८ | १२९६ | १४३२ | २०१.५९ |
| ४ | ४१९९ | ३७३२ | १७६० | १९७२ | १४९.४१ |
| ५ | ५९८९ | ५९६६ | २८३९ | ३१२७ | ११८.०४ |
| ६ | ४६५३ | ४३१८ | १९७६ | २३४२ | ९३.७४ |
| ७ | ३६१४ | ३३९९ | १६१४ | १७८५ | १७१.०२ |
| जम्मा | २५१६६ | २३६०० | ११०८५ | १२५१५ | |

रामारोशन गाउँपालिकाको वडागत जनसंख्या विवरणले जनसंख्यामा कमी आएको स्पष्ट देखिन्छ, जसले जनसंख्या वृद्धिदर नकारात्मक रहेको संकेत गर्छ। २०६८ देखि २०७८ सम्मको १० वर्षको अवधिमा सबै वडाहरूमा जनसंख्या घटेको छ।

**जनसंख्या वृद्धिदर (वार्षिक औसत)**

- वडाहरूमा १० वर्षको अवधिमा जनसंख्यामा *औसत वार्षिक घट्ने दर* देखिन्छ, जुन खासगरी वडानं. १, ४, ६ मा उल्लेखनीय छ।
- उदाहरणः वडा नं. १ मा २०६८ मा 2630 बाट घटेर २०७८ मा २२४३ पुगेको → करिब -१.६% वार्षिक कमी।
- वडा नं. ५ मा भने तुलनात्मक रूपमा स्थिर छ (५९८९ बाट ५९६६), वृद्धिदर लगभग शून्य छ।

**लैङ्गिक अनुपात**

- सबै वडाहरूमा महिलाको संख्या पुरुषभन्दा बढी छ, जुन पुरुष बाहिर श्रम आप्रवासन को संकेत दिन्छ।

**जनघनत्व**

- वडानं. २ (२११.११) र वडा नं. ३ (२०१.५९) मा तुलनात्मकरुपमा जनघनत्व उच्च छ, जसले सेवाप्रवाहका लागि दबाब देखाउँछ, जबकि वडा नं. ६ (९३.७४) मा न्यून छ, सम्भवतः भूगोलिक विकटता वा बसाईंसराइको कारण।

**योजना तथा कार्यक्रम**

- **आप्रवासन नियन्त्रण** : युवाशक्ति विदेश पलायन रोक्न सीप विकास, स्वरोजगार कार्यक्रम, कृषिमा आधुनिकीकरण आवश्यक,
- **सेवाप्रवाह अनुकूलन** : जनघनत्व अनुसार स्वास्थ्य, शिक्षा, खानेपानी जस्ता सेवा केन्द्रहरूको पुनर्संरचना र पुर्नस्थान,
- **विकट वडामा प्राथमिकता** : जनसंख्या घटेका वडामा आधारभूत पूर्वाधार विकास, बसोबास आकर्षक बनाउने नीति आवश्यक,
- **लैङ्गिक उत्तरदायी योजना** : महिलाको सहभागिता बढाउन महिला लक्षित कार्यक्रम, स्वास्थ्य सेवा पहुँच विस्तार अनिवार्य,
- **तथ्यांकमा आधारित योजना** : नियमित जनसंख्या अनुगमनसहित तथ्यांक अद्यावधिक गर्दै दीर्घकालीन योजना निर्माण।

*तालिका ८: सामान्यतया अनुपस्थित (देश भित्र र विदेशमा) घरपरिवार र लैंगिक जनसंख्या*

| Ward | Usually Reside Household/Population | | | | Usually Absent within county | | | | Usually Absent Abroad | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | HHs. | Pop. | M | F | HHs. | Pop. | M | F | HHs. | Pop. | M | F |
| १ | ४७२ | २२४३ | १०३९ | १२०४ | ८९ | २४४ | १४३ | १०१ | २०३ | ४३१ | ३१८ | ११३ |
| २ | २५९ | १२१४ | ५६१ | ६५३ | २६ | ५६ | ३६ | २० | ९१ | १५९ | १२३ | ३६ |
| ३ | ५९९ | २७२८ | १२९६ | १४३२ | ९८ | २५४ | १४८ | १०६ | २३० | ५०३ | ३५० | १५३ |
| ४ | ७६२ | ३७३२ | १७६० | १९७२ | १६६ | ४३७ | २६७ | १७० | २३६ | ४४३ | ३१९ | १२४ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | १२१० | ५९६६ | २८३९ | ३१२७ | १४१ | ३४६ | २१४ | १३२ | ३३८ | ६४२ | ४९२ | १५०<br>० |
| ६ | ८९२ | ४३१८ | १९७६ | २३४२ | १५१ | २७१ | १७६ | ९५ | २३० | ३७६ | २९५ | ८१ |
| ७ | ६३८ | ३३९९ | १६१४ | १७८५ | ६७ | १६० | १०१ | ५९ | २१९ | ५३९ | ३५७ | १८<br>२ |
| जम्मा | ४८३२ | २३६०० | ११०८५ | १२५१५ | ७३८ | १७६८ | १०८५ | ६८३ | १५४७ | ३०९३ | २२५४ | ८३९ |

*तालिका ९: घरको जगको प्रकार अनुसार परिवार संख्या*

| ward | Total | Type of foundation | | | | |
|---|---|---|---|---|---|---|
| | | Mud bonded bricks/ stone | Cement bonded bricks/ stone | Reinforced Cement Concrete with pillars | Wooden pillars | Other |
| १ | ४७२ | ४७० | २ | ० | ० | ० |
| २ | २५९ | २५६ | ३ | ० | ० | ० |
| ३ | ५९९ | ५४० | २२ | २५ | १० | २ |
| ४ | ७६२ | ७४३ | १ | ० | १८ | ० |
| ५ | १२१० | ११९८ | ६ | ० | ४ | २ |
| ६ | ८९२ | ८७७ | १२ | ० | ३ | ० |
| ७ | ६३८ | ६३८ | ० | ० | ० | ० |
| जम्मा | ४८३२ | ४७२२ | ४६ | २५ | ३५ | ४ |

रामारोशन गाउँपालिकाको ४,८३२ घरधुरीमध्ये अधिकांश'४,७२६ (प्रायः ९८%)'घरहरू माटोले गाँसिएको ढुंगा वा ईँटाबाट निर्माण भएका छन्, जुन परम्परागत र कम लागतमा निर्माण गरिने संरचना हुन्। यस्ता संरचनाहरू जलवायु परिवर्तन र प्राकृतिक विपद् (विशेषगरी भूकम्प, पहिरो, भारी वर्षा र आँधी—हुरी) का सन्दर्भमा अत्यन्त जोखिमयुक्त मानिन्छन्, किनभने माटोको गास कम टिकाउ र क्षयप्रवण हुन्छ।

सिमेन्टले गासिएको ढुंगा/ईंटा प्रयोग गरेर बनेका घरहरू मात्र ५३ छन्, जुन करिब १% मात्र हो। यी संरचनाहरू तुलनात्मक रूपमा बलिया, टिकाउ, र जलवायुजन्य जोखिमहरू (जस्तै'भारी वर्षा वा आँधी) प्रति प्रतिरोधी हुन्छन्।

त्यस्तै, काठ, कच्चा ईँटा, र जस्तापाता प्रयोग गरिएका घरहरूको संख्या क्रमशः ६, १२ र ३५ मात्र भए पनि, यी संरचनाहरू पनि कमजोर र जोखिमयुक्त मानिन्छन्, विशेष गरी पहाडी भूगोलमा जहाँ भू-स्खलन र चक्रवातको सम्भावना बढी हुन्छ।

समग्रमा, रामारोशन गाउँपालिकामा जलवायु परिवर्तनसँग सम्बन्धित जोखिम तथा विपद् व्यवस्थापनका दृष्टिकोणले संरचनागत सुधारको आवश्यकता छ। स्थानीय स्तरमा सुरक्षित, बलिया

र वातावरणमैत्री निर्माण प्रविधिको प्रवर्द्धन र विपद्—सहिष्णु घर निर्माण सम्बन्धि सचेतना तथा अनुदान कार्यक्रमको आवश्यकता देखिन्छ।

*तालिका १०: घरको बाहिरी गारोमा प्रयोग गरिएको सामग्रीअनुसार परिवार संख्या*

| ward | Total | Type of material of outer walls | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | Mud bonded bricks/ stone | Cement bonded bricks/ stone | Wood / planks | Bamboo | Unbaked bricks | Galvanized sheet | Pre-fabricated sheet | Other |
| १ | ४७२ | ४७१ | १ | ० | ० | ० | ० | ० | ० |
| २ | २५९ | २५७ | २ | ० | ० | ० | ० | ० | ० |
| ३ | ५९९ | ५४२ | ४४ | ० | ० | ० | १३ | ० | ० |
| ४ | ७६२ | ७४१ | १ | ० | ० | १ | १९ | ० | ० |
| ५ | १२१० | ११९४ | ५ | ४ | ० | ४ | ३ | ० | ० |
| ६ | ८९२ | ८८४ | ० | २ | ० | ६ | ० | ० | ० |
| ७ | ६३८ | ६३७ | ० | ० | ० | १ | ० | ० | ० |
| जम्मा | ४८३२ | ४७२६ | ५३ | ६ | ० | १२ | ३५ | ० | ० |

रामारोशन गाउँपालिकाका कुल ४,८३२ घरधुरीमध्ये लगभग ९८% घरहरू (४,७२६ घर) को बाहिरी गारो माटोले गाँसिएको ढुंगा वा इँटाबाट बनेका छन्। यस्तो निर्माण शैली परम्परागत र सस्तो भए तापनि, जलवायु परिवर्तनका असरहरू'जस्तैः अत्यधिक वर्षा, आँधी-तूफान, र भूकम्प'का सन्दर्भमा अत्यन्त कमजोर र जोखिमपूर्ण मानिन्छ। माटोले गासिएको गारो पानीले चिरिन, भत्किन वा कमजोर हुन सक्छ, जसले घरको संरचनात्मक स्थायित्वमा ठूलो प्रभाव पार्दछ।

सिमेन्टले बाँधिएको गारो भएका घरधुरी केवल ५३ (१% भन्दा कम) छन्, जुन संरचनागत हिसाबले तुलनात्मक रूपमा बलिया र विपद् प्रतिरोधी हुन्छन्। काठ, कच्चा इँटा, र जस्तापाताबाट बनेका गारो भएका घरहरूको संख्या पनि क्रमशः ६, १२ र ३५ मात्र रहेको छ, जसले स्पष्ट पार्दछ कि आधुनिक र सुरक्षित निर्माण प्रविधिको प्रयोग अझै न्यून छ। बाँस, प्री-फ्याब्रिकेटेड सामग्री वा अन्य वैकल्पिक संरचनात्मक प्रविधिहरूको प्रयोग भने गरिएको छैन।

जलवायु परिवर्तन र प्राकृतिक विपद् व्यवस्थापनको दृष्टिले हेर्दा, यस्ता परम्परागत निर्माण शैलीहरू भविष्यका जोखिमहरूप्रति असंवेदनशील छन्। त्यसैले स्थानीय सरकार तथा सरोकारवाला निकायहरूले सुरक्षित निर्माण अभ्यास, विपद्—सहिष्णु संरचनात्मक डिजाइन, र जनस्तरमा निर्माण सम्बन्धी चेतना अभिवृद्धि गर्नु जरुरी देखिन्छ। साथै, जोखिमयुक्त संरचनाहरूको सूचीकरण गरी प्राथमिकताका आधारमा संरचनागत सुधार कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ।

*तालिका ११: घरको छानामा प्रयोग गरिएको सामग्रीअनुसार परिवार संख्या*

| Ward | Total | Roof of the house | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | Galvanized sheet | RCC | Thatch / straw | Tile | Stone/ slate | Wood / planks | Mud | Others |
| १ | ४७२ | ९० | ५ | ४५ | ० | ३३० | ० | ० | २ |
| २ | २५९ | १३ | १ | २२ | १ | २२२ | ० | ० | ० |
| ३ | ५९९ | ९१ | ४२ | ७५ | ५ | ३८६ | ० | ० | ० |
| ४ | ७६२ | ३७ | २ | ४ | १ | ७१७ | १ | ० | ० |
| ५ | १२१० | ४५ | ५ | १० | ० | ११10 | ० | ४० | ० |
| ६ | ८९२ | ५२ | २ | २४ | १ | ८१० | ३ | ० | ० |
| ७ | ६३८ | १४ | ० | १ | ० | ६२३ | ० | ० | ० |
| जम्मा | ४८३२ | ३४२ | ५७ | १८१ | ८ | ४१९८ | ४ | ४० | २ |

रामारोशन गाउँपालिकाका ४,८३२ घरधुरीहरूमध्ये धेरैजसो‘४,१९८ घरधुरी (करिब ८७%)‘को छाना ढुंगा वा स्लेटले छाइएको छ, जुन परम्परागत तर भारी संरचना हो। यस्ता छानाहरू पहाडी भूभागमा सामान्य भए तापनि, भूकम्प जस्ता विपद्का बेला जोखिमयुक्त हुन्छन् किनभने स्लेट वा ढुंगा खस्दा गम्भीर क्षति हुन सक्छ। साथै, तीव्र वर्षा र हुरीको प्रभावमा यस्ता छाना चिरिन वा खस्ने सम्भावना रहन्छ।

थप १८१ घरमा थारू, पराल वा घाँसको छाना छ, जुन अति जोखिमयुक्त र अस्थायी प्रकृतिको हुन्छ‘विशेषगरी आगलागी, हुरी, र भारी वर्षाको समयमा। त्यस्तै, माटो (४० घर) र काठ (४ घर) प्रयोग गरिएको छानाहरू पनि वातावरणीय जोखिमको दृष्टिले कमजोर संरचना हुन्।

भवन संरचनाको सुदृढीकरणका हिसाबले RCC (रेइन्फोर्स्ड कन्क्रिट) छाना भएका घर ५७ मात्र छन्, जुन करिब १.२% हो। यस्ता छाना आधुनिक, बलिया र विपद् प्रतिरोधी मानिन्छन्, तर गाउँपालिकामा यसको प्रयोग अझै अत्यन्त कम छ। जस्तापाता प्रयोग गरेर छाइएको छाना भएका ३४२ घरधुरी (७%) छन्, जुन अपेक्षाकृत हलुका र सुलभ विकल्प हो, तर ती पनि हुरी, चट्याङ वा उच्च तापक्रमको असरमा परेमा क्षति हुने सम्भावना राख्छन्।

जलबायु परिवर्तनको असर‘जस्तैः तीव्र र अनियमित वर्षा, हुरी—बतास, तापक्रम वृद्धिजस्ता अवस्थाले यस्ता कमजोर संरचनाहरूलाई थप जोखिममा पार्दछ। यसै कारण, रामारोशन गाउँपालिकामा विपद् व्यवस्थापनका दृष्टिकोणले सुरक्षित र दिगो छानाको प्रवर्द्धन गर्न अत्यावश्यक छ। सुरक्षित निर्माण प्रविधिको प्रचार, जोखिममा रहेका संरचनाहरूको पहिचान, र स्थानीय स्रोतलाई उपयोग गर्दै सुदृढीकरणका कार्यक्रम ल्याउनु आवश्यक देखिन्छ।

### तालिका १२: घरको भुँईको प्रकारअनुसार परिवार संख्या

| ward | Total | Type of floor | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | Mud | Wooden plank/ bamboo | Bricks/stone | Ceramic tile | Cemented | Other |
| १ | ४७२ | ४५९ | ६ | २ | २ | ३ | ० |
| २ | २५९ | २५६ | ० | ० | ० | ३ | ० |
| ३ | ५९९ | ५३६ | ६ | २ | ० | ५४ | १ |
| ४ | ७६२ | ७३३ | १० | ० | ० | १९ | ० |
| ५ | १२१० | ११६८ | ५ | ८ | ४ | १९ | ६ |
| ६ | ८९२ | ८७२ | ६ | १ | ० | ९ | ४ |
| ७ | ६३८ | ६२८ | ३ | ५ | १ | १ | ० |
| जम्मा | ४८३२ | ४६५२ | ३६ | १८ | ७ | १०८ | ११ |

### तालिका १३: खाने पानीको मुख्य श्रोतको आधारमा परिवार संख्या

| ward | Total | Main source of drinking water | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Tap/piped water (within premises) | Tap/piped water (outside premises) | Tube well / hand pump | Covered well/kuwa | Uncovered well/kuwa | Spout water | River /stream | Jar / bottle | Others |
| १ | ४७२ | १३ | ३५१ | ० | ३ | १ | १०४ | ० | ० | ० |
| २ | २५९ | २ | २३९ | ० | ० | १ | १ | ० | ० | १६ |
| ३ | ५९९ | ३२ | ४९७ | ० | १ | ८ | ४९ | १२ | ० | ० |
| ४ | ७६२ | २८७ | ४२९ | ० | ० | १ | ४२ | ३ | ० | ० |
| ५ | १२१० | ११३ | ७९९ | ० | १ | १ | २९२ | ४ | ० | ० |
| ६ | ८९२ | ३६ | ७२० | ० | ० | ३ | १३१ | २ | ० | ० |
| ७ | ६३८ | १६ | ४३४ | ० | ० | ६१ | १२७ | ० | ० | ० |
| जम्मा | ४८३२ | ४९९ | ३४६९ | ० | ५ | ७६ | ७४६ | २१ | ० | १६ |

रामारोशन गाउँपालिकामा कुल ४,८३२ घरधुरीमध्ये बहुसंख्यक‘३,४६९ घरधुरी (झन्डै ७१.८%) बाहिरी परिसरमा रहेको धाराबाट खानेपानी लिन्छन् भने भित्रै परिसरमा धारायुक्त पानी सुविधा भएका परिवार संख्या ४९९ (करिब १०.३%) मात्र छन्।

७४६ घरधुरी (१५.४%) ले मुहान (spout water) मा निर्भर छन्, जुन सतही स्रोत भएकाले मौसमीय परिवर्तनहरू‘जस्तै खडेरी वा भारी वर्षा‘को प्रत्यक्ष प्रभावमा पर्छन्। त्यस्तै, ७६ घरधुरी अझै खुला इनार (uncovered well) प्रयोग गर्छन्, जुन स्वास्थ्य जोखिमका साथै जलप्रदूषणको उच्च सम्भावना भएको स्रोत हो। खोलानाला (river/stream) बाट पानी लिने २१ घरधुरी पनि उच्च जोखिममा छन्, विशेष गरी बाढी र प्रदूषणको सन्दर्भमा।

यी तथ्यांकहरूले देखाउँछन् कि रामारोशन गाउँपालिकामा जलवायु परिवर्तनका कारण पानीका स्रोतहरूमा ह्रास आउँदा वा स्रोत सुक्दा दैनिक पानी सङ्कलनमा समय लाग्ने मात्र होइन, विपद् (जस्तै पहिरो, भारी वर्षा वा स्रोत सुक्ने अवस्था) का बेला खानेपानीमा गम्भीर अवरोध उत्पन्न हुन सक्छ र हजारौं परिवार प्रत्यक्ष प्रभावित हुने जोखिममा छन्।

**विपद् व्यवस्थापन र जलवायु सहनशीलता अभिवृद्धि गर्नका लागि आवश्यक हस्तक्षेपहरू:**

- घरमै पानी आपूर्ति प्रणाली विस्तार गर्न लगानी बढाउनु
- मौसमी प्रभाव सहन सक्ने र दीर्घकालीन खानेपानी स्रोत संरक्षण (जस्तैः मुहान संरक्षण, वर्षा पानी सङ्कलन) प्रवर्द्धन गर्नु
- खुला इनार तथा सतही स्रोतहरूमा पानी शुद्धीकरण प्रविधि लागू गर्नु
- स्थानीय समुदायमा जल व्यवस्थापन र स्रोत संरक्षणबारे सचेतना कार्यक्रम सञ्चालन गर्नु

*तालिका १४: खाना पकाउन प्रयोग गरिने मुख्य इन्धनको आधारमा परिवार संख्या*

| ward | Total | Type of fuel | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | Wood/ firewood | Liquefied Petroleum gas | Electricity | Cow dung | Bio gas | Kerosene | Others |
| १ | ४७२ | ४५९ | १३ | ० | ० | ० | ० | ० |
| २ | २५९ | २५५ | ३ | ० | ० | ० | ० | १ |
| ३ | ५९९ | ५२७ | ७१ | ० | ० | १ | ० | ० |
| ४ | ७६२ | ७३२ | २३ | ० | ० | ६ | १ | ० |
| ५ | १२१० | ११९४ | १२ | १ | ० | २ | १ | ० |
| ६ | ८९२ | ८७६ | १४ | ० | ० | ० | २ | ० |
| ७ | ६३८ | ६३१ | ७ | ० | ० | ० | ० | ० |
| जम्मा | ४८३२ | ४६७४ | १४३ | १ | ० | ९ | ४ | १ |

रामारोशन गाउँपालिकाका कुल ४,८३२ घरधुरीमध्ये अत्यधिक बहुसंख्यक - ४,६७४ (करिब ९६.७%) घरधुरीले खाना पकाउनका लागि दाउरा (काठ) प्रयोग गर्छन्। यो परम्परागत इन्धन स्रोत जलवायु परिवर्तनका दृष्टिले समस्याजनक छ, किनभने यसले वन फँडानीलाई तीव्र बनाउँछ, हरितगृह ग्यास उत्सर्जन बढाउँछ, र जैविक विविधता नष्ट हुनमा योगदान पुऱ्याउँछ। साथै, घरभित्र धुवाँको कारण श्वासप्रश्वास सम्बन्धी रोगहरू र महिला तथा बालबालिकाको स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्छ।

एलपी ग्यास प्रयोग गर्ने घरधुरी संख्या १४३ (२.९%)मात्र छन्। बायोग्यास प्रयोग गर्ने घरधुरी ९ मात्र छन्, जुन सुरक्षित, सफा र दिगो विकल्प हो, तर पहुँच वा खर्चको कारण व्यापक रूपमा अपनाइएको देखिँदैन, जसले देखाउँछ कि स्थानीय जैविक स्रोतको उपयोग गरेर स्वच्छ ऊर्जा प्रवर्द्धन गर्ने सम्भावना प्रचुर भए पनि कार्यान्वयन नगन्य रहेको छ।

विद्युत (१ घर) वा मट्टितेल (४ घर) प्रयोग अत्यन्त न्यून छ, जसले आधुनिक तथा विकल्पयुक्त ऊर्जा स्रोतमा निर्भरता निकै कम रहेको देखाउँछ।

**जलबायु परिवर्तन र विपद व्यवस्थापनका दृष्टिले यी तथ्यांकहरूको अर्थ के हो?**

- उच्च दाउरा निर्भरता स्थानीय वन स्रोतमा दबाव सिर्जना गरिरहेको छ, जसले भूक्षय, पहिरो तथा पानीको स्रोत सुक्ने समस्या निम्त्याउँछ - यी सबै जलवायु परिवर्तनसँग सम्बन्धित छन्।
- प्राकृतिक विपद् (जस्तै आगलागी, खडेरी) को जोखिम बढाउँछ।
- सफा उर्जा - बायोग्यास, वा बिजुलीमा आधारित खाना पकाउने प्रणालीको विस्तार नगरेसम्म वातावरणीय दबाव र स्वास्थ्य जोखिम कायम रहनेछ।

**सिफारिसहरू:**

- वैकल्पिक स्वच्छ ऊर्जा स्रोत (बायोग्यास, सोलार इन्डक्सन) प्रवर्द्धन गर्न स्थानीय अनुदान वा सहुलियत योजना ल्याउने
- वन संरक्षण र सामुदायिक वन उपभोगमा नियन्त्रणसहितको योजना कार्यान्वयन गर्ने
- स्वच्छ इन्धनको प्रयोगबारे जनचेतना अभिवृद्धि गर्ने
- जलवायु—मैत्री खाना पकाउने चुलो (सुधारिएको चुलो / Improved Cook Stove) को प्रयोगलाई प्रोत्साहन गर्ने

*तालिका १५: बत्ति बल्न प्रयोग गरिने मुख्य स्रोतका आधारमा परिवार संख्या*

| ward | Total | Usual source of lighting | | | | |
|---|---|---|---|---|---|---|
| | | Electricity | Solar | Kerosene | Bio gas | Others |
| १ | ४७२ | १४ | ३६९ | ४ | ० | ८५ |
| २ | २५९ | १८ | ११३ | ३ | ० | १२५ |
| ३ | ५९९ | ५२९ | ६० | १ | ० | ९ |
| ४ | ७६२ | २१ | ५०४ | १ | ० | २३६ |
| ५ | १२१० | ९२५ | १०९ | १ | १ | १७४ |
| ६ | ८९२ | ११ | २८० | २ | ५ | ५९४ |
| ७ | ६३८ | ६२९ | ३ | ० | ३ | ३ |
| जम्मा | ४८३२ | २१४७ | १४३८ | १२ | ९ | १२२६ |

रामारोशन गाउँपालिकाका ४,८३२ घरधुरीमध्ये २,१४७ घरधुरी (करिब ४४.४%) ले बिजुलीमार्फत बत्ती बाल्ने गरेका छन्, जुन सकारात्मक पक्ष हो। नियमित र भरपर्दो विद्युत आपूर्तिले आपतकालीन सूचना, सञ्चार र राति सुरक्षा व्यवस्था सुदृढ गर्न मद्दत पुर्‍याउँछ, जुन जलवायु परिवर्तन तथा विपद व्यवस्थापनमा अत्यन्त आवश्यक पक्ष हो।

तर, अझै पनि १,४३८ घरधुरी (२९.7%) ले सौर्य ऊर्जा प्रयोग गर्छन्, जसले देखाउँछ कि राष्ट्रिय ग्रिडको पहुँच अझै अपूरो छ। यद्यपि, सौर्य ऊर्जा स्वच्छ र अक्षय स्रोत भएकोले जलवायु—मैत्री प्रविधिको सकारात्मक उपयोग हो, तर यसको मर्मत, भण्डारण क्षमता र टिकाउ प्रणालीप्रति संवेदनशीलता पनि रहन्छ।

१२ घरधुरीले मट्टितेल प्रयोग गर्छन्, जुन प्रदूषणजन्य र आगलागीको जोखिमयुक्त इन्धन हो। त्यस्तै, ९ घरले बायोग्यास प्रयोग गर्छन्, जुन सकारात्मक भए पनि अत्यन्त न्यून अनुपातमा सीमित छ।

सबैभन्दा उल्लेखनीय पक्ष "अन्य" श्रेणीमा पर्ने १,२२६ घरधुरी (करिब २५.३%) हुन्, जसले प्रयोग गर्ने ऊर्जा स्रोत स्पष्ट नभए पनि अनुमान गर्न सकिन्छ कि तीमध्ये धेरैले टुकी, ढिबरी, वा अन्य परम्परागत र प्रदूषणजन्य उपायहरू प्रयोग गर्ने सम्भावना छ। यसले वातावरणीय जोखिम, आगलागीको सम्भावना, तथा आपतकालीन स्थितिमा सूचना पहुँचमा अवरोध सिर्जना गर्ने संकेत गर्छ।

**जलवायु परिवर्तन र विपद व्यवस्थापन सन्दर्भमा निहित मुख्य बुँदाहरू**

- सौर्य र बिजुलीमा पहुँच भएका घरहरू जलवायु सहनशील छन्, तर पूर्ण ऊर्जा सुरक्षाको अवस्था अझै अधूरो छ।
- परम्परागत ऊर्जा स्रोतमा निर्भरता (जस्तैः मट्टितेल, टुकी आदि) ले प्रदूषण, आगलागी, र स्वास्थ्य जोखिम बढाउँछ।
- विद्युत सेवा स्थिर र दिगो नभएमा मौसमजन्य विपद् वा आकस्मिक अवस्थाहरूमा सूचना र सेवामा अवरोध आउन सक्छ।

**सिफारिसहरूः**

- विद्युत् पहुँच नपुगेका घरहरूमा ग्रिड विस्तार वा माइक्रो-हाइड्रो तथा सौर्य प्रणालीमा लगानी बढाउनु।
- सौर्य प्रणालीको गुणस्तर सुधार तथा मर्मत सेवा सुनिश्चित गर्न स्थानीय स्तरमा प्रविधिक क्षमता अभिवृद्धि गर्नु।
- परम्परागत स्रोतमा निर्भर घरधुरीलाई प्राथमिकतामा राखी वैकल्पिक स्वच्छ ऊर्जा स्रोतमा रूपान्तरण गर्न अनुदान तथा सहुलियत कार्यक्रम सञ्चालन गर्नु।
- बिजुली र सञ्चारको पहुँच अपुग रहेका क्षेत्रहरूलाई विपद्को समयमा प्राथमिक सूचना तथा आपतकालीन सेवाको योजना निर्माणमा समावेश गर्नु।

*तालिका १६: शौचालय सुविधा अनुसार परिवार संख्या*

| ward | Total | Type of toilet used | | | | Without toilet facility |
|---|---|---|---|---|---|---|
| | | Flush toilet (public sewerage) | Flush toilet (septic tank) | Pit toilet | Public toilet | |
| १ | ४७२ | ० | ३५८ | १०६ | ० | ८ |
| २ | २५९ | ० | १४२ | १०९ | ० | ८ |
| ३ | ५९९ | १८ | ४२३ | १३६ | १ | २१ |
| ४ | ७६२ | ८ | ४८७ | २४७ | १ | १९ |
| ५ | १२१० | १३ | ३४० | ८४१ | ६ | १० |
| ६ | ८९२ | ९ | ८०० | १८ | १ | ६४ |
| ७ | ६३८ | ८ | २२० | ३५३ | ११ | ४६ |
| जम्मा | ४८३२ | ५६ | २७७० | १८१० | २० | १७६ |

रामारोशन गाउँपालिकाका कुल ४,८३२ घरधुरीहरूमध्ये २,७७० (करिब ५७.३%) ले सेप्टिक ट्याङ्कयुक्त फ्लस शौचालय प्रयोग गर्छन्, जुन अपेक्षाकृत सुरक्षित र स्वास्थ्यका लागि उपयुक्त प्रणाली हो। यस्ता शौचालयहरूले सरसफाइमा योगदान दिनुका साथै वर्षा वा बाढीजस्ता विपद्को समयमा प्रदूषण कम गर्न मद्दत गर्छन्।

तर, १,८१० घरधुरी (३७.४%) ले अझै पनि खाल्डो (pit) शौचालय प्रयोग गर्छन्, जुन सस्तो र ग्रामीण परिवेशमा सहज भए पनि जलवायु परिवर्तनजन्य प्रभावहरू जस्तै, भारी वर्षा, भू-क्षय, वा सतही पानीको स्तर बढ्दा संक्रमण र प्रदूषण फैलाउने सम्भावना हुन्छ।

५६ घरधुरीले सार्वजनिक ढल प्रणालीमा जोडिएको फ्लस शौचालय प्रयोग गर्छन्, जुन सकारात्मक भए पनि यो दर अत्यन्त न्यून (१.२%) छ। यसले सार्वजनिक सरसफाइ पूर्वाधार अझै सीमित रहेको देखाउँछ।

२० घरधुरी (०.४%) सार्वजनिक शौचालयमा भर पर्छन्, जुन सुविधा जनघनत्व बढी भएका क्षेत्र वा आन्तरिक बसाईँसराइ भएका समूहका लागि प्रयोग हुँदै आएको संकेत हो।

विशेष चिन्ताको विषय हो'१७६ घरधुरी (३.६%) अझै पनि शौचालयविहीन छन्। यसले खुला दिशामुक्त वातावरण कायम गर्न चुनौती रहेको देखाउँछ, जुन विशेषगरी बाढी, पहिरो वा खडेरीपछिको अवस्थामार्फत पानी तथा माटोजन्य रोगहरूको प्रकोप निम्त्याउन सक्छ।

**जलवायु परिवर्तन र विपद् व्यवस्थापनसँगको सम्बन्धः**

- भारी वर्षा वा बाढीको समयमा असुरक्षित वा खुला शौच प्रणालीबाट फोहर पानी सतही स्रोतमा मिसिएर हैजाजस्ता रोग फैलन सक्छ।

- शौचालय अभाव वा कमजोर संरचनाले विपद् पछिको आपतकालीन अवस्थालाई जटिल बनाउँछ, विशेषतः राहत शिविर वा अस्थायी बासस्थानमा।
- सुरक्षित र स्थायी मल व्यवस्थापन प्रणाली नहुँदा वातावरणीय प्रदूषण र मानव स्वास्थ्यमा असर पर्छ, जुन जलवायु परिवर्तनले अझ विकराल बनाउन सक्छ।

**सिफारिसहरू:**

- शौचालयविहीन घरधुरीलाई लक्षित गरी "खुला दिशामुक्त क्षेत्र" (ODF) पुनःसुदृढीकरण अभियान सञ्चालन गर्नुपर्ने।
- सुरक्षित मल व्यवस्थापन प्रणाली (जस्तै— दोहनयोग्य सेप्टिक ट्याङ्क वा कम्पोस्टिङ ट्याइलट) प्रवर्द्धन गर्नु।
- खाल्डो शौचालय प्रयोग गर्ने परिवारहरूलाई सुधारिएको प्रविधिमा रूपान्तरण गर्न प्राविधिक र आर्थिक सहयोग प्रदान गर्नु।
- विपद् जोखिम क्षेत्र (जस्तै पहिरो सम्भावित स्थान वा डुबान क्षेत्र) मा रहेका शौचालयहरूलाई स्थानान्तरण वा सुदृढीकरण गर्ने योजना बनाउनु।

*तालिका १७: वडा अनुसारको गरिबी दर*

| वडा नं. / साबिक गा.बि.स. | गरिबीको दर | गरिबीको विषमता | गरिबीको गहनता |
|---|---|---|---|
| १ / मालतीकोट | ४६.६ (१०.२%) | १२.४६ (३.९६%) | ४.६४ (१.८%) |
| २ / चाफामाण्डौ | ३३.९९ (११.०८%) | ७.७७ (३.४७%) | २.५९ (१.४%) |
| ३ / सान्ताडा | ६०.१२ (११.०१%) | १७.५३ (५.२२%) | ६.८९ (२.६२%) |
| ४ / बाटुलासैन | ३६.५५ (११.९७%) | ८.२७ (३.८३%) | २.७२ (१.५४%) |
| ५ / रामारोशन | ५३.०७ (११.११%) | १४.६२ (४.७९%) | ५.५३ (२.२९%) |
| ६ / भाटाकटिया | ४१.१७ (११.५७%) | १०.११ (३.९८%) | ३.५४ (१.६८%) |
| ७ / सुतार | ६०.१२ (११.०१%) | १७.५३ (५.२२%) | ६.८९ (२.६२%) |

रामारोशन गाउँपालिकाको वडागत गरीबीको विश्लेषण अनुसार सबैभन्दा बढी गरिबीको दर (Headcount Ratio) वडा नं. ३ (सान्ताडा) र वडा नं. ७ (सुतार) मा ६०.१२% रहेको छ, जसले ती वडाहरू अत्यधिक गरिब जनसंख्या बोकेको संकेत गर्छ। यस्तै, यी वडाहरूमा गरिबीको गहनता (६.८९%) र विषमता (१७.५३%) पनि सबैभन्दा उच्च रहेको छ, जसले थोरै जनसंख्यामा पनि अत्यधिक आर्थिक अभाव र असमानता देखाउँछ।

त्यसको विपरीत, वडा नं. २ (चाफामाण्डौ) मा सबै सूचकहरू – गरिबीको दर (३३.९९%), गहनता (२.५९%) र विषमता (७.७७%) – तुलनात्मक रूपमा न्यून छन्, जसले त्यहाँको जीवनस्तर अन्य वडाहरूको तुलनामा केही राम्रो रहेको संकेत दिन्छ। अन्य वडाहरूमा पनि गरिबी दर ३६% देखि ५३% सम्म छ, जसले समग्र गाउँपालिकामा उच्च गरिबीको अवस्था देखाउँछ।

यी तथ्यांकहरूले देखाउँछन् कि रामारोशन गाउँपालिकामा गरिबी मात्र व्यापक नभई, त्यसको गहिराई र असमानता समेत गम्भीर छ। यस्तो पृष्ठभूमिमा targeted livelihood कार्यक्रम, सामाजिक सुरक्षा योजनाको विस्तार, जलवायु–सजिलो कृषि अभ्यास तथा विपद्-प्रभावित समुदायमा सीप विकासको पहल जरुरी देखिन्छ।

*तालिका १८: परिवारमा उपलब्ध साधन तथा सुविधा अनुसार परिवार संख्या*

| Ward number | | WN-1 | WN-2 | WN-3 | WN-4 | WN-5 | WN-6 | WN-7 | Total |
|---|---|---|---|---|---|---|---|---|---|
| Total Household | | ४७२ | २५९ | ५९९ | ७६२ | १२१० | ८९२ | ६३८ | ४८३२ |
| Without any amenities/assets | | ८१ | १९ | ८६ | १०९ | १७८ | १७३ | ८४ | ७३० |
| At least one amenity/asset | | ३९१ | २४० | ५१३ | ६५३ | १०३२ | ७१९ | ५५४ | ४१०२ |
| Types of household amenities/assets | Radio | १२५ | ५१ | १२८ | २१० | २१४ | २१८ | ३८ | ९८४ |
| | Television | ४ | १२ | ३८ | २० | १७ | ४ | ८ | १०३ |
| | Land line telephone | १ | ० | ४ | ० | १ | १ | १ | ८ |
| | Mobile phone (ordinary) | ३५५ | २१९ | ४५२ | ५८२ | ९८३ | ६७७ | ५१३ | ३७८१ |
| | Mobile phone (smart) | २३३ | १०२ | ३५२ | २२९ | ३३९ | २६९ | ४१७ | १९४१ |
| | Computer/ Laptop | ८ | १ | २७ | १२ | ७ | ३ | ५ | ६३ |
| | Internet | १ | ० | १४ | ० | १६ | १ | ० | ३२ |
| | Car/jeep/ van | २ | ० | ० | १ | ० | ० | ० | ३ |
| | Motor cycle/ scooter | ५ | ११ | २८ | ५ | १ | ८ | २ | ६० |
| | Bicycle | २ | १ | ५ | ० | ० | १ | ० | ९ |
| | Electric fan | २ | ० | २५ | १ | ० | ० | ० | २८ |
| | Refrigerator | १ | १ | १४ | ० | ० | ० | ० | १६ |
| | Washing machine | ० | ० | ७ | ० | ० | ० | ० | ७ |
| | Air conditioner | ० | ० | १ | ० | ० | ० | ० | १ |

रामारोशन गाउँपालिकाका ४,८३२ घरधुरीमध्ये ७३० घरधुरी (करिब १५.१%) मा कुनै पनि आधुनिक साधन वा सुविधा उपलब्ध छैन, जसले ती परिवारहरू अत्यन्त आर्थिक दृष्टिले पिछडिएका, स्रोतविहीन तथा जलबायु तथा विपद्को सन्दर्भमा सर्वाधिक संवेदनशील रहेको देखाउँछ। यसले आपतकालीन सूचना पहुँच, सञ्चार, तथा तत्कालन आवश्यक सेवा प्राप्तिमा बाधा पु्याउँछ।

४,१०२ घरधुरीमा कम्तीमा एक साधन भए तापनि, तीमध्ये धेरैजसो घरहरूमा मात्र साधारण मोबाइल फोन (३,७८१) मात्र छ, जसले आधारभूत सञ्चारको पहुँच देखाए तापनि, स्मार्ट मोबाइल

(१,९४१) र इन्टरनेट (३२) को अत्यन्त न्यून प्रयोगले डिजिटल पहुँचको गहिरो खाडल उजागर गर्छ।

### पारिवारिक सम्पन्नता र जलबायु/विपद जोखिमको सम्बन्ध

- कम साधन भएका परिवारहरू (खासगरी ७३० बिना सुविधा भएका घरधुरी) मा विपद्‌का बेला सञ्चार पहुँच छैन, जसले समयमै सूचना, चेतावनी वा राहत सेवाबाट वञ्चित बनाउन सक्छ ।
- डिजिटल पहुँच (जस्तै स्मार्टफोन, इन्टरनेट) भएका घरधुरीहरूमात्र जस्तै जलवायु पूर्वानुमान, बाढी/पहिरो चेतावनी, वा आपतकालीन सूचना प्रणाली मा पहुँच राख्न सक्छन्।
- फ्रिज, पंखा, वाशिंग मेसिन, ए.सी. जस्ता सुविधाहरू अत्यन्त न्यून (१—२%) घरमा मात्र छन्, जसले देखाउँछ कि आधुनिक जीवनशैली र जलवायु—सहज आवास संरचना अझै सामान्य छैन।

### आर्थिक स्थिति र जलवायु प्रभावको अन्तरसम्बन्ध

- गरीब परिवारहरू सस्तो, अस्थायी र कमजोर संरचनामा बसोबास गर्छन्, जसले बाढी, पहिरो वा हुरीजस्ता विपदमा बढी क्षति बेहोर्छ।
- विपद् पछिको पुनःस्थापना क्षमता सम्पन्न परिवारमा तुलनात्मक रूपमा बढी हुन्छ, जबकि साधनविहीन घरधुरी अझै दीर्घकालीन असरमा पर्छन।

### सिफारिस नीति र कार्यक्रम

- सञ्चार पहुँच : विपद् संवेदनशील घरधुरीमा कम्तीमा एक सञ्चार साधन (जस्तै— रेडियो वा मोबाइल) सुनिश्चित गर्ने कार्यक्रम ल्याउने,
- डिजिटल समावेशिता : डिजिटल साक्षरता, स्मार्टफोन वितरण, र इन्टरनेट पहुँच वृद्धिका लागि डिजिटल समावेशी कार्यक्रम सञ्चालन गर्ने,
- उपकरण आधारित सूचनाको पहुँच : रेडियो, SMS वा एपमार्फत विपद् चेतावनी सूचना प्रणाली विकास गर्ने,
- लक्षित सहायता योजना : "सुविधाविहीन" ७३० घरधुरीलाई विपद् जोखिममा आधारित सामाजिक सुरक्षा योजना मा समावेश गर्ने,
- सामुदायिक आधार : स्थानीय समुदायमा सूचना केन्द्र, सौर्य चार्जिङ स्टेशन, र सञ्चार पूर्वाधार स्थापना गरी साझा पहुँच सुनिश्चित गर्ने।

*तालिका १९: घरायसी स्तरमा (पारिवारिक) सम्पन्नता विवरण*

| Ward | Total Household | Wealth Quintile (count) |
|---|---|---|

| | | Poorest | Poorer | Middle | Rich |
|---|---|---|---|---|---|
| १ | ४७२ | ३३५ | १३३ | ३ | १ |
| २ | २५९ | १९३ | ६२ | ४ | ० |
| ३ | ५९९ | ३१४ | २२२ | २८ | ३५ |
| ४ | ७६२ | ५९७ | १५७ | ६ | २ |
| ५ | १२१० | १०३५ | १६९ | ६ | ० |
| ६ | ८९२ | ७६४ | १२४ | ४ | ० |
| ७ | ६३८ | ४८७ | १५० | १ | ० |
| जम्मा | ४८३२ | ३७२५ | १०१७ | ५२ | ३८ |

*तालिका २०: जनासांखिक सम्पन्नता विवरण*

| Ward | Population (without Institutional) | | | Wealth Quintile (Count) | | | |
|---|---|---|---|---|---|---|---|
| | Total | Male | Female | Poorest | Poorer | Middle | Rich |
| १ | २२४३ | १०३९ | १२०४ | १४७४ | ७५० | १४ | ५ |
| २ | १२१४ | ५६१ | ६५३ | ८७४ | ३२५ | १५ | ० |
| ३ | २७२८ | १२९६ | १४३२ | १४१७ | १०८८ | ९६ | १२७ |
| ४ | ३७३२ | १७६० | १९७२ | २९४३ | ७६८ | १६ | ५ |
| ५ | ५९६६ | २८३९ | ३१२७ | ५०८२ | ८५९ | २५ | ० |
| ६ | ४३१८ | १९७६ | २३४२ | ३६५८ | ६४५ | १५ | ० |
| ७ | ३३९९ | १६१४ | १७८५ | २५०२ | ८९१ | ६ | ० |
| जम्मा | २३६०० | ११०८५ | १२५१५ | १७९५० | ५३२६ | १८७ | १३७ |

रामारोशन गाउँपालिकाको पारिवारिक सम्पन्नता विवरण अनुसार कुल जनसंख्याको ठूलो हिस्सा अति विपन्न (७६%) र विपन्न (२२%) वर्गमा पर्दछ, जबकि मध्यम र सम्पन्न वर्ग मात्र २% भन्दा कम छन्। यो आर्थिक अवस्था जलबायु परिवर्तन र विपद व्यवस्थापनको सन्दर्भमा महत्वपूर्ण असर पार्ने कारक हो।

- **अति विपन्न र विपन्न वर्गको उच्च संवेदनशीलता**
    - ९०% भन्दा बढी जनसंख्या विपन्न वर्गमा पर्नु, खाद्य असुरक्षा, कमजोर आवास, स्वास्थ्य सेवा पहुँच अभाव, र विपदको समयमा स्थानान्तरण असहज हुनुको सूचक हो।
    - यी समूहहरू जलवायुजन्य जोखिम (बाढी, भूस्खलन, सुख्खा आदि) बाट प्रत्यक्ष प्रभावित हुने सम्भावना उच्च हुन्छ।
- **पूर्वतयारी क्षमताको अभाव**
    - विपन्न वर्गसँग विपदको बेला आपतकालीन तयारी (जस्तैः खाद्यान्न भण्डारण, वैकल्पिक बासस्थान, सञ्चार पहुँच) गर्न सक्ने स्रोत हुँदैन।
    - जलवायु परिवर्तनले खेतीपाती, जलस्रोत र पशुपालनमा असर गर्दा उनीहरूमा दीर्घकालीन गरिबीको चक्र झनै गहिरिन्छ।

- **समावेशी योजना आवश्यकता**
    - विपद जोखिम न्यूनीकरण, राहत तथा पुनःस्थापनाको कार्यमा **विपन्न लक्षित हस्तक्षेप** अनिवार्य छ।
    - स्थानीय स्तरमा सामाजिक सुरक्षा कार्यक्रम (जस्तैः नगद राहत, सुरक्षित आवास, पहुँचयुक्त पूर्वाधार) प्रभावकारी हुनुपर्छ।

**सुझाव**

- विपन्न लक्षित जलवायु सहनशील कृषि, रोजगार र आवास कार्यक्रम सुरु गर्नु आवश्यक।
- अति विपन्न घरपरिवारलाई प्राथमिकता दिई पूर्वतयारी तालिम, विपद सूचना प्रणालीमा पहुँच सुनिश्चित गर्नुपर्ने।
- सामुदायिक विपद् कोष वा सुरक्षा जाल प्रणाली विकास गरी कमजोर वर्गलाई आकस्मिक राहत सुनिश्चित गर्ने।
- जलवायु अनुकूल सामाजिक सुरक्षा रणनीति (जस्तैः बीमा, नगद स्थानान्तरण) विकास गर्नु आवश्यक।

*तालिका २१: सम्पति (घर, जग्गा) मा महिलाको स्वामित्व अनुसार परिवार संख्या*

| Ward | Total Household | Female ownership in land and house | No ownership in Land and house | Not Reported |
|---|---|---|---|---|
| १ | ४७२ | १७ | ४५३ | २ |
| २ | २५९ | २ | २५७ | ० |
| ३ | ५९९ | ६५ | ५०० | ३४ |
| ४ | ७६२ | २० | ७३८ | ४ |
| ५ | १२१० | ४८ | ११४५ | १७ |
| ६ | ८९२ | ३० | ८६१ | १ |
| ७ | ६३८ | १८ | ६१६ | ४ |
| जम्मा | ४८३२ | २०० | ४५७० | ६२ |




*चित्र ६: आर्थिक काम गरेको अवधिको आधारमा जनसंख्या*




*चित्र ७: आर्थिक रूपमा निष्क्रिय हुनुका कारण अनुसार जनसंख्या*




चित्र ८: आर्थिक क्रियाकलापको पेशा अनुसारको जनसंख्या




चित्र ९: आर्थिक क्रियाकलापको औधोगिक क्षेत्र अनुसारको जनसंख्या

तालिका २२: वडागत रुपमा अपाङ्गताको स्थिति

| Ward | Total | Disable | Not Disable | Not Reported |
|---|---|---|---|---|
| १ | २२४३ | ६१ | २१८२ | ० |

| | | | | |
|---|---|---|---|---|
| २ | १२१४ | २९ | ११८५ | ० |
| ३ | २७२८ | ७१ | २६५७ | ० |
| ४ | ३७३२ | ७९ | ३६५३ | ० |
| ५ | ५९६६ | १८१ | ५७८५ | ० |
| ६ | ४३१८ | २०५ | ४११३ | ० |
| ७ | ३३९९ | १६७ | ३२३१ | १ |
| जम्मा | २३६०० | ७९३ | २२८०६ | १ |

*तालिका २३: अपाङ्गता भएका व्यक्तिहरूको साक्षरता स्थिति*

| Ward | Persons with Disability (5 Years and above) | | | | Literacy Rate |
|---|---|---|---|---|---|
| | Total | Literate | Illiterate | Literacy not Stated | |
| १ | ५८ | ३० | २८ | ० | ५१.७२ |
| २ | २७ | १९ | ८ | ० | ७०.३७ |
| ३ | ६६ | ३४ | ३२ | ० | ५१.५२ |
| ४ | ७६ | ३९ | ३७ | ० | ५१.३२ |
| ५ | १७२ | ९९ | ७३ | ० | ५७.५६ |
| ६ | १९९ | ७० | १२९ | ० | ३५.१८ |
| ७ | १६५ | ८० | ८५ | ० | ४८.४८ |
| जम्मा | ७६३ | ३७१ | ३९२ | ० | ४८.६२ |

रामारोशन गाउँपालिकाको जनसंख्या विवरण अनुसार जम्मा २३,६०० जनामा ७९३ जना (करिब ३.३६%) अपाङ्गता भएका व्यक्ति छन्। तीमध्ये ५ वर्षभन्दा माथिका अपाङ्गता भएका ७६३ जनामध्ये साक्षरता दर ४८.६२% मात्र छ, जुन गाउँपालिकाको समग्र साक्षरता दरभन्दा उल्लेखनीय रूपमा कम छ ।

## जलबायु परिवर्तन र विपद व्यवस्थापन

- जोखिममा परेका समुह (Vulnerable Group) : अपाङ्गता भएका व्यक्ति विशेषतः भौतिक वा संवेदी सीमाका कारण प्राकृतिक विपद जस्तै भूस्खलन, बाढी, डुबान, हिउँपहिरो आदिको समयमा अरुभन्दा बढी जोखिममा हुन्छन्। उनीहरूको सुरक्षित स्थानमा समयमै पुगोस् भन्ने सुनिश्चित नगरेसम्म विपद व्यवस्थापन अपूर्ण हुन्छ।
- साक्षरताको कमी र सूचना पहुँचको अभाव : अपाङ्गता भएका व्यक्तिहरूमा साक्षरताको कमीले गर्दा जलबायु सम्बन्धी जोखिमको जानकारी, चेतना, वा पूर्वतयारी कार्यक्रममा पहुँच कम हुन्छ। उदाहरणका लागि, चेतनामूलक सूचना, सचेतना कक्षा वा पूर्व-सावधानीको जानकारी लिन कठिनाइ हुन्छ।

- पूर्वाधार र पहुँच : बहु-विपद जोखिमयुक्त क्षेत्रहरूमा रहेका अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरेर समावेशी पूर्वाधार (जस्तै, पहुँचयोग्य शरणस्थल, सुरक्षित आवास, सूचना प्रवाह प्रणाली) आवश्यक छ।
- जलबायु परिवर्तनको असर : लामो समयसम्मको जलबायु असर (जस्तै, गर्मी लहर, पानीको अभाव, खाद्य असुरक्षा) ले स्वास्थ्य र पोषण अवस्थालाई कमजोर पार्छ, जुन अपाङ्गता भएका व्यक्तिहरूका लागि झनै गम्भीर हुन्छ। उनीहरूको पहुँच कम हुँदा राहत तथा सेवामा पहुँच पनि सीमित रहन्छ।

**रणनीतिक सिफारिस**

- समावेशी विपद पूर्वतयारी योजना : प्रत्येक वडास्तरीय विपद जोखिम न्यूनीकरण योजनामा अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकतालाई समावेश गर्ने (जस्तै, पहुँचयोग्य सूचना, सहयोगी स्वयंसेवकको परिचालन)।
- समावेशी चेतना तथा तालिम कार्यक्रम : साक्षरता बढाउने उद्देश्यले अपाङ्गता मैत्री शिक्षा अभियान तथा विपदसम्बन्धी तालिम अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरी सञ्चालन गर्ने।
- तथ्यांक व्यवस्थापन र पहिचान : अपाङ्गता भएका व्यक्तिहरूको विस्तृत डाटाबेस तयार गरी, जलबायु तथा विपद जोखिम मूल्याङ्कनमा तिनीहरूलाई प्राथमिक समुहको रूपमा समावेश गर्ने।
- स्थानीय पूर्वाधारमा पहुँच : अस्थायी शिविर स्थल, विद्यालय, स्वास्थ्य केन्द्र जस्ता स्थानहरूमा पहुँचयोग्य डिजाइनको प्राथमिकता, जसले अपाङ्गता भएका व्यक्तिको सुरक्षित बसोबास र सुरक्षित स्थलमा स्थानान्तरण सुनिश्चित गर्छ।




*चित्र १०: अपाङ्गताको प्रकारअनुसार जनसंख्या*




*चित्र ११: अपाङ्गता भएको व्यक्तिको आर्थिक अवस्था*

*तालिका २४: लिङ्गका आधारमा कृषि र गैर-कृषि रोजगारीको स्थिति*

| Ward | Employed Population | | | Agriculture employment | | | Non-agriculture Employment | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Total | Male | Female | Total | Male | Female | Total | Male | Female |
| १ | १३९२ | ५९३ | ७९९ | १२५० | ५१७ | ७३३ | १४२ | ७६ | ६६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | ६५१ | २८७ | ३६४ | ५३५ | २१० | ३२५ | ११६ | ७७ | ३९ |
| ३ | १५६४ | ७०२ | ८६२ | १२०० | ४९८ | ७०२ | ३६४ | २०४ | १६० |
| ४ | १८९७ | ९०६ | ९९१ | १४९६ | ६९३ | ८०३ | ४०० | २१३ | १८७ |
| ५ | ३५५८ | १६२० | १९३८ | ३०८८ | १३०८ | १७८० | ४७० | ३१२ | १५८ |
| ६ | २९७० | १३३४ | १६३६ | २७५१ | १२०४ | १५४७ | २१९ | १३० | ८९ |
| ७ | १८३० | ८३५ | ९९५ | १५५४ | ६४७ | ९०७ | २७६ | १८८ | ८८ |
| जम्मा | १३८६२ | ६२७७ | ७५८५ | ११८७४ | ५०७७ | ६७९७ | १९८७ | १२०० | ७८७ |

### तालिका २५: लिङ्गका आधारमा अपाङ्गता भएका व्यक्तिको कृषि र गैर-कृषि रोजगारीको स्थिति

| Ward | Employed Disable Population | | | Agriculture employment | Non Agriculture Employment |
|---|---|---|---|---|---|
| | Total | Male | Female | | |
| १ | २६ | १३ | १३ | २० | ६ |
| २ | १४ | ९ | ५ | ८ | ६ |
| ३ | ३१ | १५ | १६ | २० | ११ |
| ४ | ४८ | २६ | २२ | ३७ | ११ |
| ५ | ११८ | ७० | ४८ | ८७ | ३१ |
| ६ | १३१ | ७० | ६१ | १११ | २० |
| ७ | ८७ | ५० | ३७ | ६८ | १९ |
| जम्मा | ४५५ | २५३ | २०२ | ३५१ | १०४ |

### तालिका २६: १०-१७ वर्ष उमेर समूहका बालबालिकाको रोजगारी स्थिति

| Ward | Children Aged 10-17 Years | | | Non-household work | Household work | No Work |
|---|---|---|---|---|---|---|
| | Total | Male | Female | | | |
| १ | ४६६ | २०६ | २६० | ४० | २४६ | १८० |
| २ | २७१ | १३५ | १३६ | ३२ | ६२ | १७७ |
| ३ | ५६० | २८८ | २७२ | ४७ | २६२ | २५१ |
| ४ | ७९४ | ३८६ | ४०८ | ८३ | २६५ | ४४६ |
| ५ | १३३० | ६५८ | ६७२ | ९५ | ६८७ | ५४८ |
| ६ | ९५७ | ४४५ | ५१२ | २६ | ८४४ | ८७ |
| ७ | ७९३ | ३७२ | ४२१ | ८८ | २१९ | ४८६ |
| जम्मा | ५१७१ | २४९० | २६८१ | ४११ | २५८५ | २१७५ |

### तालिका २७: जीवनभर बसाइँसराइको स्थिति

| Ward | Population | | | Migrants | | |
|---|---|---|---|---|---|---|
| | Total | Male | Female | Non-migrant | Internal migrant | Foreign Born |
| १ | २२४३ | १०३९ | १२०४ | १९७९ | २६४ | ० |
| २ | १२१४ | ५६१ | ६५३ | १०९० | ११८ | ५ |
| ३ | २७२८ | १२९६ | १४३२ | २४४७ | २८० | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ३७३२ | १७६० | १९७२ | ३२१८ | ५०५ | ३ |
| ५ | ५९६६ | २८३९ | ३१२७ | ५४४७ | ५०९ | ८ |
| ६ | ४३१८ | १९७६ | २३४२ | ४२१७ | ८१ | १६ |
| ७ | ३३९९ | १६१४ | १७८५ | ३१३३ | २६१ | ३ |
| जम्मा | २३६०० | ११०८५ | १२५१५ | २१५३१ | २०१८ | ३६ |

रामारोशन गाउँपालिकाको कुल जनसंख्या २३,६०० मध्ये २१,५३१ जना जीवनभर यहीँ बसोबास गरेका छन् भने २,०१८ जना आन्तरिक रूपमा अन्य स्थानबाट यहाँ बसाइँसराइ गरी आएका छन्, र ३६ जना विदेशमा जन्मिएर यहाँ आएका छन्। जलवायु परिवर्तन र विपद व्यवस्थापनको सन्दर्भमा हेर्दा, आन्तरिक बसाइँसराइको एक कारण प्राकृतिक विपद (जस्तैः पहिरो, सुख्खा, बाढी) वा जलवायुजन्य प्रभावहरू हुन सक्छन्, जसले मानिसहरूलाई सुरक्षित र स्रोतसाधनयुक्त स्थान खोज्न बाध्य बनाउँछ। यसले स्थानीय पूर्वाधार, सेवा प्रवाह, तथा विपद् जोखिम न्यूनीकरण योजनाहरूमा थप दवाब सिर्जना गर्न सक्छ। अतः योजना निर्माण गर्दा जलवायु परिवर्तनका असर र बसाइँसराइबीचको सम्बन्धलाई ध्यानमा राख्न आवश्यक छ।




*चित्र १२: बसाइँसराइका कारण अनुसारको जनसंख्या*

*तालिका २८: विधवा र एकल महिला सम्बन्धि विवरण*

| Ward | Woman Aged 10 Years and above | | |
|---|---|---|---|
| | Total | Widow | Single Woman |
| १ | ९५१ | ५६ | ६४ |
| २ | ५१२ | २२ | २४ |
| ३ | ११०६ | ८३ | ९० |
| ४ | १५०८ | ८० | ८२ |
| ५ | २४३० | १४७ | १५१ |
| ६ | १७६१ | १२८ | १४४ |
| ७ | १३७१ | ८२ | ८५ |
| जम्मा | ९६३९ | ५९८ | ६४० |

रामारोशन गाउँपालिकामा १० वर्ष र माथिको उमेर समूहमा कुल ९,६३९ महिलामध्ये ५९८ जना विधवा र ६४० जना एकल महिला छन्, जुन कुलमा करिब १२.८% महिलाहरू सामाजिक, आर्थिक रूपमा संवेदनशील अवस्थाको सूचक हो।

- **एकल र विधवा महिलाहरूको उच्च संवेदनशीलता**
  - अधिकांश एकल र विधवा महिलाहरूको आयस्रोत सीमित हुने, निर्भरता अधिक हुने, र निर्णय प्रक्रियामा पहुँच कम हुने हुन्छ।
  - विपदको बेला सूचनामा पहुँच, सुरक्षित स्थानमा जान सक्ने क्षमता, र राहत सेवामा पहुँच कम हुने सम्भावना।
- **लैङ्गिक जोखिम र बहुआयामिक असर**
  - जलबायु परिवर्तनबाट सिर्जना हुने खाद्य असुरक्षा, पानी अभाव, र आयआर्जन क्षति सबैभन्दा बढी एकल र विधवा महिलालाई असर गर्छ।
  - विशेषगरी, यदि उनीहरू बालबालिकाको हेरचाहकर्ताको रूपमा पनि छन् भने उनीहरूको दायित्व झन बढ्नेछ।
- **सामाजिक परिप्रेक्ष्य र पहुँच समस्या**
  - परम्परागत समाजमा विधवा वा एकल महिलाहरू सामाजिक निर्णयमा समावेश नहुनाले विपद तयारी र पुनःस्थापनामा छुट्ने सम्भावना रहन्छ।

**सुझाव**

- विधवा र एकल महिलालाई लक्षित विपद पूर्वतयारी तालिम, सूचना सेवा, र सामाजिक सुरक्षा कार्यक्रम,
- स्थानीय विपद् योजना, जलवायु अनुकूल योजना र राहत व्यवस्थापनमा महिलाको सक्रिय सहभागिता सुनिश्चित,
- महिला मैत्री अस्थायी शिविर, सुरक्षित आवास र लघुवित्त/आर्जन कार्यक्रमको प्राथमिकता विधवा/एकल महिलालाई।

*तालिका २९: वडा अनुसार घरको गुणस्तर*

| Ward | Total Household | Quality of House (count) | | |
|---|---|---|---|---|
| | Total | Adequate | Moderate | Inadequate |
| १ | ४७२ | ६ | ३२६ | १३४ |
| २ | २५९ | २ | १५५ | ९५ |
| ३ | ५९९ | ५२ | ४५७ | ८२ |
| ४ | ७६२ | ६ | ५९३ | १५९ |
| ५ | १२१० | ८ | ८०४ | ३९७ |

| | | | | |
|---|---|---|---|---|
| ६ | ८९२ | ७ | ६८६ | १९५ |
| ७ | ६३८ | ० | ४९३ | १४४ |
| जम्मा | ४८३२ | ८१ | ३५१४ | १२०६ |

*तालिका ३०: जलवायु सम्बन्धि पालिकाको सूचकांक*

| विवरण | सूचकांक | स्तर/स्थान |
|---|---|---|
| सम्मुखता | ०.४०६ | १२६/४८९ |
| संबेदनशीलता | ०.४७६ | २३९/४८९ |
| अनुकुलन क्षमता | ०.३५९ | ४००/४८९ |
| संकटासन्नता | ०.७५६ | ७३/४८९ |
| जोखिम | ०.४०६ | ७०/४८९ |

नेपालको रामारोशन गाउँपालिकाले मध्यमदेखि उच्च स्तरको जलवायु परिवर्तनजन्य जोखिम र संवेदनशीलता देखाएको छ। ०.४०६ को सम्मुखता सूचकांक (४८९ गाउँपालिकाहरु मध्ये १२६ औं स्थान) रहेको यस गाउँपालिकाले मध्यम स्तरको जलवायु सम्बन्धी खतरा सामना गरिरहेको छ। संवेदनशीलता सूचकांक ०.४७६ (२३९ औं स्थान) रहेको छ, जसले जनसंख्या र प्रणालीहरू जलवायु प्रभावप्रति औसत रुपमा संवेदनशील रहेको संकेत गर्छ। तर, अनुकूलन क्षमता सूचकांक ०.३५९ (४०० औं स्थान) मात्र रहेकोले जलवायु प्रभावहरूसँग जुध्न वा पुनःस्थापना गर्न सीमित क्षमता रहेको देखाउँछ। परिणामस्वरूप, गाउँपालिकाको समग्र संवेदनशीलता सूचकांक ०.७५६ (७३ औं स्थान) र जोखिम सूचकांक ०.४०६ (७० औं स्थान) रहेको छ, जसले लक्षित अनुकूलन उपायहरू र सहनशीलता विकासमा तुरुन्तै ध्यान दिनु आवश्यक रहेको देखाउँछ।

*तालिका ३१: बनक्षेत्र सम्बन्धि पालिकागत विवरण*

| क्र.सं. | गाउँपालिका/न.पा. | जम्मा क्षेत्रफल (हे.) | बन क्षेत्र (हे.) | स्थान | बन क्षेत्र % | स्थान |
|---|---|---|---|---|---|---|
| १ | बान्नीगढी जयगढ गा.पा. | ५,७९६ | २,७६१ | १० | ४७.६०% | १० |
| २ | चौरपाटी गा.पा. | १८,११७ | १२,५६२ | ४ | ६९.३०% | ३ |
| ३ | ढकारी गा.पा. | २२,६६६ | १४,६७० | २ | ६४.७०% | ४ |
| ४ | मेल्लेख गा.पा. | १३,४०८ | ८,२४२ | ७ | ६१.५०% | ६ |
| **५** | **रामारोशन गा.पा.** | **१७,२४६** | **१२,०७५** | **५** | **७०.००%** | **२** |
| ६ | तुर्माखांड गा.पा. | २३,०९० | १४,२६४ | ३ | ६१.८०% | ५ |
| ७ | कमलबजार न.पा. | १२,०१५ | ६,८३८ | ९ | ५६.९०% | ७ |
| ८ | मंगलसेन न.पा. | २१,८९६ | १६,४८० | १ | ७५.३०% | १ |
| ९ | पञ्चदेवल विनायक न.पा. | १४,७०१ | ७,१३९ | ८ | ४८.६०% | ९ |
| १० | साँफेबगर न.पा. | १६,५८२ | ९,१५१ | ६ | ५५.२०% | ८ |

तथ्यांकबाट देखिन्छ कि अछाम जिल्लाको रामारोशन गाउँपालिकाको कुल क्षेत्रफल १७,२४६ हेक्टर छ, जसमा १२,०७५ हेक्टर (७०%) वन क्षेत्रले ढाकिएको छ, जसले यसलाई जिल्लाभित्रका सबै स्थानीय तहहरू मध्ये दोस्रो स्थान (बनक्षेत्रको प्रतिशतका आधारमा) मा राखेको छ। यो पर्याप्त वन क्षेत्र एक महत्वपूर्ण प्राकृतिक स्रोत हो, जसले पारिस्थितिक सेवा, कार्बन अवशोषण र जलवायु सहनशीलतामा योगदान पुऱ्याउन सक्छ। यस्ता पारिस्थितिक शक्तिका बाबजुद पनि, न्यून अनुकूली क्षमताका कारण रामारोशन जलवायु परिवर्तनको उच्च जोखिममा रहेको छ। यो विरोधाभासले वन स्रोतहरूलाई जलवायु अनुकूलनका लागि प्रयोग गर्ने अवसर छुटेको देखाउँछ र प्राकृतिक स्रोत व्यवस्थापनलाई सहनशीलता अभिवृद्धिसँग जोड्ने एकीकृत योजना आवश्यक रहेको कुरालाई औंल्याउँछ।

### आधारभूत शैक्षिक विवरण

रामारोशन गाउँपालिकामा कुल ३८ बालविकास केन्द्र, ३० प्रा.वि., ९ नि.मा.वि., ३ मा.वि. र ५ उच्च मा.वि. छन् ।

*तालिका ३२: शिक्षण संस्था सम्बन्धि विवरण*

| तह | समुदायमा आधारित | विद्यालयमा आधारित | संस्थागत | सामूदायिक | जम्मा |
|---|---|---|---|---|---|
| बालविकास केन्द्र | १७ | २१ | ० | ० | ३८ |
| प्रा.वि. | ० | ० | १ | २९ | ३० |
| नि.मा.वि. | ० | ० | ० | ९ | ९ |
| मा.वि. | ० | ० | ० | ३ | ३ |
| उ.मा.वि. | ० | ० | | ०५ | ५ |
| प्राविधिक शिक्षालय | ० | ० | ० | ० | ० |
| क्याम्पस | ० | ० | ० | ० | ० |
| **जम्मा** | **१७** | **२१** | **१** | **४६** | **८५** |

*तालिका ३३: शिक्षक संख्या विवरण*

| शिक्षक संख्या | | | |
|---|---|---|---|
| **तह** | **जम्मा** | **पुरुष** | **महिला** |
| आधारभूत तह (१-८) | १३९ | ३१ | १०८ |
| माद्यमिक तह (९-१२) | ३९ | ० | ३९ |
| **जम्मा** | **१७८** | **३१** | **१४७** |

## २.५. वन तथा वातावरण र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको अवस्था

रामारोशन गाउँपालिकामा विभिन्न प्रकारका प्राकृतिक विपदहरू बारम्बार देखा परिरहेका छन्। पहिरो, बाढी, हुरीबतास, असिना, आगलागी, महामारी, खडेरी, चटयाङ्ग र सडक दुर्घटना यस क्षेत्रका प्रमुख प्रकोपहरू हुन्। विशेषतः पहिरोले मानवीय क्षति पुऱ्याउने गरेको छ भने बाढीले भौतिक संरचना र जीविकोपार्जनका स्रोतहरूमा ठूलो असर पारेको देखिन्छ। अव्यवस्थित विकास निर्माण र पूर्वतयारीको अभावले यस्ता विपदबाट हुने क्षति अझ बढिरहेको छ। प्राकृतिक स्रोतहरूको अति प्रयोग, संरक्षणको कमी र जलवायु परिवर्तनका कारण खडेरी पनि गम्भीर समस्याको रूपमा देखिएको छ। असिनाले बर्सेनि अन्नबालीमा नोक्सानी पु-याउने तथा चटयाङ्गबाट घाइते र ज्यान गुमाउनेको सङ्ख्या बढ्दै गएको छ।

### १. भूकम्प

भूकम्पको जोखिम जलबायु परिवर्तन संग सम्बन्धित नभए तापनि विपदको सन्दर्भमा नेपाल भूकम्पीय जोखिमको दृष्टिकोणबाट उच्च जोखिममा रहेको देश भएको, जहाँ अछाम जिल्ला र रामारोशन गाउँपालिका पनि समावेश छ। यद्यपि २०७२ सालको विनाशकारी भूकम्पले अछाममा खास क्षति नपुऱ्याए तापनि भविष्यमा संभावित जोखिमलाई मध्यनजर गर्दै रामारोशन गाउँपालिकाले भवन निर्माणमा इन्जिनियरको सल्लाह अनुसार राष्ट्रिय भवन संहिता लागू गर्दै चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नु अत्यावश्यक देखिन्छ।

### २. बाढी र पहिरो

रामारोशन गाउँपालिकाको भौगोलिक बनावट, वन विनाश, अनियन्त्रित निर्माण कार्य, जनसंख्या वृद्धि, अव्यवस्थित उत्खनन र जलवायु परिवर्तनजस्ता कारणले बाढी र पहिरोको जोखिम बढिरहेको छ। यस्ता विपदहरूले मानवीय र भौतिक सम्पत्तिमा ठुलो क्षति पुऱ्याउने भएकाले दीगो विकास र पूर्वतयारी कार्यक्रमको खाँचो छ।

### ३. महामारी

पानीजन्य विपदको जोखिममा नेपाल ३०औं स्थानमा रहेको तथ्यले सो बाट सिर्जित अने रोग महामारीको सम्भावनालाई पुष्टि गर्छ। अछाममा सन् १९९० र २०६६ सालमा महामारी र झाडापखालाले जनधनमा ठुलो क्षति पुऱ्याएको छ र यसबाट रामारोशन गाउँपालिका पनि अछुतो रहन सकेन । यस्तो अवस्था पुनः नआओस् भन्नका लागि समुदायस्तरमा जनचेतना र स्वास्थ्य पूर्वतयारी आवश्यक छ।

### ४. खडेरी

वन संरक्षणको कमी, खुल्ला चरिचरन, र खानेपानी स्रोतको अभावले रामारोशनमा खडेरीको समस्या बढिरहेको छ। जलवायु परिवर्तनले समस्या झन् जटिल बनाइरहेको अवस्थामा खानेपानी संरक्षण, सिचाइ प्रणालीको सुदृढीकरण र सचेतनामूलक कार्यक्रमहरू आवश्यक छन्।

### ५. हावाहुरी

नयाँ प्रविधिको प्रयोग गर्दा प्राविधिक सल्लाह र भवन निर्माण मापदण्डको पालना नगरेका कारण हावाहुरीले भवनहरूमा क्षति पुऱ्याउने गरेको छ। विशेषतः सूचना केन्द्र, विद्यालय र बजार क्षेत्र प्रभावित हुने भएकाले सुरक्षित निर्माण अभ्यास अपनाउनु जरूरी छ।

### ६. आगलागी

रामारोशनमा आगलागी हुने प्रमुख कारणहरूमा परम्परागत घर, विद्युत् लापरवाही, जनचेतनाको अभाव, र लापरवाहीपूर्वक आगोको प्रयोग रहेका छन्। बालबालिकाको असावधानी, खरमेलामा घास जलाउने जस्ता अभ्यासले आगलागीको जोखिम बढाउँछ। आगलागी रोकथाममा समुदायस्तरको सशक्त चेतना र पूर्वतयारी आवश्यक छ।

### ७. असिनापानी

जलवायु परिवर्तनसँगै असिनापानीले रामारोशनमा वार्षिक अन्दाजी पाँच मेट्रिक टन खाद्यान्न क्षति पुऱ्याउँदै आएको छ। यसले खाद्य सुरक्षामा असर पुऱ्याउँदै गाउँपालिकालाई आपूर्तिमा निर्भर बनाइरहेको छ, जसका लागि कृषि बीमा, अनुकूलन प्रविधि र पूर्वसूचना प्रणाली विकास आवश्यक छ।

### ८. चट्याङ्ग

चट्याङ्गबाट हालसम्म अन्य विपदहरूभन्दा कम क्षति भए तापनि पछिल्ला वर्षहरूमा यसको प्रभाव बढ्दै गएको देखिन्छ। जोखिम न्यूनिकरणका लागि चट्याङ्ग सर्तकता प्रणाली र जनचेतना कार्यक्रमको प्रवर्द्धन आवश्यक छ।

## सम्भाव्य प्रकोपहरुको आँकलन तथा सम्भावित प्रभाव क्षेत्रको नक्शाङ्कन

### १. पहिरो

रामारोशन गाउँपालिका पहाडी भौगोलिक बनावटमा अवस्थित भएकाले पहिरोको उच्च जोखिममा छ। वन फडानी, जथाभावी ढुंगा-बालुवा निकासी, अत्याधुनिक मेशिन (डोजर, स्काइभेटर) प्रयोग, अनियन्त्रित बसोबास, र वन अतिक्रमणजस्ता कारणले पहिरोको सम्भावना बढेको छ। विशेषतः तीव्र ढलान भएका वडाहरू, सडक छेउका बस्तीहरू, र विकास निर्माण भैरहेका क्षेत्रहरू पहिरोको संभावित प्रभाव क्षेत्रमा पर्छन्।

२. बाढी

जलवायु परिवर्तन र अत्यधिक वर्षाका कारण बाढी रामारोशनमा बारम्बार आउने विपद् हो। नदी तथा खोल्साको अव्यवस्थित अवस्था, उचित ढल व्यवस्थापनको अभावले बाढीको जोखिम अझ बढाएको छ। गाउँपालिकाका खोला किनारका बस्तीहरू, खेतीयोग्य जमिन र साना बजार क्षेत्रहरू संभावित प्रभाव क्षेत्र हुन्।

३. असिनापानी

जलवायुमा भइरहेको तीव्र परिवर्तनसँगै असिनापानीको प्रभाव बर्सेनि बढ्दै गएको छ। अन्दाजी ५ मेट्रिक टन खाद्यान्न क्षति भई खाद्य आपूर्तिमा निर्भरता बढ्ने गरेको छ। यसले रामारोशनका कृषि प्रधान वडाहरूलाई प्रत्यक्ष असर पारिरहेको छ, जहाँ धान, मकै जस्ता बालीहरू प्रमुख छन्।

४. आगलागी

परम्परागत निर्माण शैली, विद्युत् लापरवाही, र जनचेतनाको कमीका कारण आगलागी रामारोशनमा बढ्दो समस्या बनेको छ। जंगलसँग जोडिएका बस्ती, वस्ती भित्रका संकुचित घरटहराहरू, र बजार क्षेत्रहरू यस विपद्को मुख्य प्रभाव क्षेत्र हुन्। विशेषतः चिसो मौसममा खरमे लामाको आगो बाल्ने परम्पराले जोखिम अझ बढाउँछ।

५. महामारी

पानीजन्य रोग, झाडापखाला र कोभिड—१९ जस्ता महामारीहरूले रामारोशनलाई विगतमा ठुलो असर पारेका छन्। स्वच्छ खानेपानीको अभाव, स्वास्थ्य पूर्वाधारको कमी, र चेतनाको न्यूनताले महामारी फैलन सक्ने जोखिम उच्च रहेको छ। विद्यालय, भीडभाड हुने सार्वजनिक स्थल, तथा दुर्गम बस्तीहरू विशेष जोखिममा छन्।

६. असिनापानी

जलवायुमा भइरहेको परिवर्तनसँगै रामारोशन गाउँपालिकामा असिनापानी एक नियमित रूपमा देखापर्ने विपद्को रूपमा स्थापित भएको छ। प्रत्येक वर्ष असिनाले अन्दाजी ५ मेट्रिक टन खाद्यान्न नष्ट गर्ने अनुमान गरिएको छ, जसले खाद्य आपूर्तिमा निर्भरता बढाउँदै गएको छ। विशेष गरी कृषि उत्पादनमा निर्भर वडाहरू‘जहाँ धान, मकै, कोदो जस्ता मुख्य बाली लगाइन्छ‘ती असिनापानीबाट प्रत्यक्ष प्रभावित क्षेत्र हुन्। यस्तो अवस्थाले खाद्य सुरक्षामा गम्भीर प्रभाव पार्ने भएकाले समयमै बीउ तथा बाली संरक्षण, कृषि बीमा, र विपद् पूर्वचेतावनी प्रणालीको विकास अपरिहार्य देखिन्छ।

७. हावाहुरी

विगतका वर्षहरूमा हावाहुरीले पुऱ्याएको क्षति विशेषतः सूचनाकेन्द्र, पाटीपौवा र साना बजार क्षेत्रहरूमा देखिएको छ। परम्परागत निर्माण सामाग्रीको प्रयोग नगरी, प्राविधिक सल्लाहबिना

घर निर्माण हुँदा संरचनात्मक कमजोरी हुने गरेको छ। यसले हावाहुरीको जोखिम बढाउँछ र तिनको प्रभाव क्षेत्र तीव्र हावाबाट प्रभावित खुला भूभाग तथा बस्ती हुन्।

यी प्रकोपहरूको नक्शाङ्कन गर्दा विगतका घटनाको विवरण, भू-उपयोग नक्सा, जोखिम क्षेत्रको भू-स्थानिक विश्लेषण, तथा सामाजिक-आर्थिक सूचकहरूलाई आधार मानेर बहु-जोखिम विश्लेषण गर्न सकिन्छ।

## कृषि सम्बन्धि विवरण

*तालिका ३४: कृषक परिवार संख्या, क्षेत्रफल तथा सिँचाई सम्बन्धि विवरण*

| जम्मा कृषक परिवार संख्या | प्रयोग गरेको जग्गाको क्षेत्रफल (हे.) | जम्मा कित्ता संख्या | औषत कित्ता संख्या | सिँचाई सुबिधा प्रयोग गर्ने कृषक परिवारको संख्या | सिंचित क्षेत्रफल (हे.) |
|---|---|---|---|---|---|
| ४६९७ | १६२९.५ | २२८१५ | ४.९ | ३७८३ | ५८०.४ |

रामारोशन गाउँपालिकामा कुल ४६९७ कृषक परिवारमध्ये ३७८३ परिवारले सिँचाइ सुविधा प्रयोग गरिरहेका छन्, जसले गर्दा १६२९.५ हेक्टर कृषि क्षेत्रफलमध्ये ५८०.४ हेक्टर जमीन मात्र सिंचित अवस्थामा रहेको देखिन्छ। औसत कित्ता संख्या ४.९ हुनु र कुल कित्ता संख्या २२,८१५ हुनु कृषियोग्य जमिन टुक्राटुक्रामा विभाजित भएको संकेत हो, जसले उत्पादनशीलता र सिँचाइ व्यवस्थापनमा चुनौती थप्दछ। जलबायु परिवर्तनको सन्दर्भमा हेर्दा, वर्षा प्रणालीको अनिश्चितता, सुख्खा अवधि, र असिनाको जोखिमले असिंचित क्षेत्रहरूमा कृषि उत्पादनमा प्रतिकूल प्रभाव पार्न सक्छ। यस्तो अवस्थामा, जल स्रोतहरूको संरक्षण, लघु सिँचाइ प्रणालीहरूको विस्तार, पानी संचित गर्ने प्रविधिहरू (जस्तैः वर्षा पानी संकलन), र जलवायु सहनशील बालीको प्रवर्द्धनले जलबायु परिवर्तन अनुकुल कृषि प्रणाली निर्माण गर्न मद्दत पुर्याउनेछ। यसले कृषकहरूको आजिविकामा स्थायित्व ल्याउनुका साथै खाद्य सुरक्षामा पनि सकारात्मक प्रभाव पार्न सक्छ।

*तालिका ३५: अस्थायी बाली लागेका जग्गाको विवरण (क्षेत्रफल हेक्टरमा)*

| धान | | गहुँ | | मकै | | कोदो | | जौं/उवा | | फापर | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| परिवार | क्षे.फ. | परिवार | क्षे.फ. | परिवार | क्षे.फ. | परिवार | क्षे.फ. | परिवार | क्षे.फ. | परिवार | क्षे.फ. |
| ३९९३ | ५८७.० | ४६५५ | ९६८.३ | ४४६६ | ५२६.० | ११३४ | ५४.६ | ९६६ | ४५.४ | ११ | ०.३ |

रामारोशन गाउँपालिकामा अधिकांश कृषकहरू अस्थायी बालीमा निर्भर छन्, जहाँ गहुँ (९६८.३ हे.) र धान (५८७ हे.) प्रमुख बाली हुन्। मकै, कोदो, जौं, फापरजस्ता विविध बाली पनि सानोतिनो क्षेत्रफलमा लगाइन्छ। जलबायु परिवर्तनको असरले वर्षाको अनियमितता, तापक्रम वृद्धि, र बालीका रोगको जोखिम बढाउँदै लगेकाले यी अस्थायी बालीहरू विशेष रूपमा संवेदनशील छन्। यस्ता

परिस्थितिमा जलबायु अनुकुलनका लागि जलवायु सहनशील जातको प्रवर्द्धन, बाली विविधीकरण, समयमै रोपाइँ/छेपाइँ तालिका समायोजन, र जल तथा माटो संरक्षण प्रविधिको प्रयोग अत्यावश्यक हुन्छ। साथै, साना बाली जस्तै कोदो, जौं, र फापरजस्ता पोषणयुक्त र जलवायु सहनशील बालीको प्रवर्द्धनले पनि अनुकुलन क्षमता बढाउन मद्दत गर्दछ। यसरी, कृषि प्रणालीलाई विविध, सहनशील र दिगो बनाउँदै जलबायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न सकिन्छ।

*तालिका ३६: बगैंचाको रुपमा लगाइएका स्थायी बाली सम्बन्धि विवरण (क्षेत्रफल हेक्टरमा)*

| जम्मा कृषक परिवार | क्षे.फ. | स्थायी बाली | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कृषक परिवार | बगैंचा क्षे.फ. | बगैंचाको रुपमा लगाइएका | | | | | | छरिएर रहेका | |
| | | | | फल लाग्ने उमेर | | | फल लाग्ने उमेर नभएको | | | फल लाग्ने उमेर | फल नलाग्ने उमेर |
| | | | | परिवार | क्षे.फ | बोट संख्या | परिवार | क्षे.फ | बोट संख्या | | |
| ४६९७ | १६२९.५ | ४२१४ | १३१.२ | १४०९ | २२.३ | ३०५९६ | २१५५ | १०८.९ | १६५१५ | २१२७० | ४७६१ |

रामारोशन गाउँपालिकामा कुल ४६९७ कृषक परिवारमध्ये ४२१४ परिवारले स्थायी बाली बगैंचाको रूपमा लगाएका छन्, जसमा कुल १३१.२ हेक्टर क्षेत्रफल ओगटिएको छ। यसमध्ये २२.३ हे. क्षेत्रफलमा फल लाग्ने उमेर पुगेका ३०,५९६ बोट छन् भने १०८.९ हे. मा फल नलाग्ने उमेरका १६,५१५ बोट रहेका छन्। यसबाहेक, छरिएर रहेका रूखहरूमा पनि उल्लेखनीय संख्यामा फलफूल बोटहरू छन्। जलबायु परिवर्तनको सन्दर्भमा हेर्दा, स्थायी बालीहरूले भूमि संरक्षण, कार्बन सञ्चय, र जैविक विविधता संरक्षणमा योगदान पुर्‍याउने भएकाले यी बालीहरू जलवायु अनुकुलनको दृष्टिले अत्यन्त महत्वपूर्ण छन्। फलफूलका रूखहरूले भू-क्षय रोक्ने, आर्जनको वैकल्पिक स्रोत दिने र मौसमको चरम प्रभावबाट कृषकहरूलाई केही हदसम्म सुरक्षित राख्ने भूमिका खेल्दछन्। तसर्थ, बगैंचा विस्तार, सहनशील प्रजातिको चयन, र जल व्यवस्थापन प्रविधिको प्रयोगमार्फत स्थायी बाली प्रणालीलाई अझ सुदृढ बनाउनु जलबायु अनुकुलनका लागि उपयुक्त रणनीति हुनेछ।

*तालिका ३७: कृषि सामाग्रीको प्रयोग अनुसारको विवरण*

| बाली | जम्मा कृषक परिवार | कृषक परिवार | बिजनको किसिम | | | बिषादीको प्रयोग गर्ने परिवार | मलको प्रयोग | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | कृषक परिवार संख्या | | | | कृषक परिवार संख्या | | |
| | | | स्थानीय | उन्नत | हईब्रिड | | जैविक | रासायनिक | दुवै |
| धान | ४६९७ | ३९९३ | ३९९३ | ० | ० | ० | ३६३६ | ३२ | ३२६ |
| मकै | ४६९७ | ४४६६ | ४४४५ | २१ | ० | ० | ४०१४ | ० | ४५२ |
| गहुँ | ४६९७ | ४६५५ | ४६५५ | ० | ० | ४२ | ४४८७ | ० | १६८ |

रामारोशन गाउँपालिकामा धान, मकै र गहुँजस्ता मुख्य बालीमा कृषकहरू अझै मुख्यतः स्थानीय बिजनमा निर्भर छन् ' धान र गहुँमा सम्पूर्णतः स्थानीय बिजन प्रयोग भइरहेको छ भने मकैमा थोरै मात्र (२१ परिवार) उन्नत बिजन प्रयोग भएको देखिन्छ। हाइब्रिड बिजनको प्रयोग शून्य हुनु कृषकहरूमा बीउ प्रविधिको पहुँच वा अपनत्व कम भएको संकेत हो। विषादी प्रयोग न्यून (जस्तैः धानमा ३६३६ परिवारले जैविक विषादी मात्र प्रयोग) देखिन्छ, जुन वातावरणीय दृष्टिकोणले सकारात्मक भए पनि कीट व्यवस्थापनको प्रभावकारिता घट्न सक्ने सम्भावना रहन्छ। मलको प्रयोगमा पनि अधिकांशले जैविक मल प्रयोग गरिरहेका छन्, र थोरै मात्रले रासायनिक वा मिश्रित मल प्रयोग गरेका छन्।

जलबायु परिवर्तन अनुकुलनका दृष्टिले स्थानीय बीउ र जैविक अभ्यासले पारिस्थितिक सन्तुलनमा योगदान दिन्छ, तर उत्पादनमा गिरावट आउन सक्ने जोखिम पनि रहन्छ। तसर्थ, जलवायु सहनशील उन्नत बीउ प्रविधिको विस्तार, एकीकृत कीट व्यवस्थापन प्रणाली, र माटो स्वास्थ्य अनुकूल मल व्यवस्थापन आवश्यक हुन्छ। यस्तो अभ्यासले कृषि प्रणालीलाई जलवायु परिवर्तनप्रति बढी लचिलो र दिगो बनाउन मद्दत गर्दछ।

*तालिका ३८: पशु-पंक्षी सम्बन्धि विवरण*

| जम्मा कृषक परिवार | पाल्तु चौपाया | | | | | | | | | | | | | | पाल्तु पंक्षी | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चौपाया पाल्ने परिवार | गाई/गोरु | | राँगा/भैंसी | | बाख्रा/च्यांग्रा | | भेडा | | सुँगुर | | अन्य पशु | | कुखुरा | | अन्य पंक्षी | |
| | | कृषक परिवार | पशु संख्या | कृषक परिवार | पशु संख्या | कृषक परिवार | पशु संख्या | कृषक परिवार | पशु संख्या | कृषक परिवार | पशु संख्या | कृषक परिवार | पशु संख्या | कृषक परिवार | पशु संख्या | कृषक परिवार | पशु संख्या |
| ४६९७ | ४१९३ | ३०७९ | ६३७८ | २४०७ | ४४३४ | २३०१ | १०५१८ | २२१ | ११३५ | ७४ | २३१ | ११५ | २१० | १७१२ | १२७६७ | १२६ | २९४ |

रामारोशन गाउँपालिकामा ४६९७ कृषक परिवारमध्ये ४१९३ परिवारले कुनै न कुनै प्रकारका पाल्तु पशु वा पंक्षी पालेका छन्, जसमा गाई/गोरु, राँगा/भैंसी, बाख्रा/च्यांग्रा, कुखुरा प्रमुख छन्। बाख्रापालन (१०,५१८ वटा) र कुखुरापालन (१२,७६७ वटा) उच्च संख्यामा भइरहेको छ, जसले स्थानीय आयस्रोत तथा पोषणमा महत्वपूर्ण योगदान पुर्‍याइरहेको छ। जलबायु परिवर्तनको असरले चरन भूमि सुक्खा हुनु, घाँसपातको अभाव, र पशुमा रोगको जोखिम बढ्ने खतरा रहन्छ। यस्तो अवस्थामा, मौसम अनुकूलन क्षमतायुक्त पशुपालन प्रणाली, फोहर व्यवस्थापन, आहार सुधार, स्थानीय सहनशील प्रजातिको संरक्षण, र मौसम सूचना प्रणालीको पहुँच अत्यावश्यक हुन्छ।

पशुपालनलाई जलवायु अनुकुल बनाउन दिगो चारन व्यवस्थापन, पशु आश्रयको सुधार, र जैविक मल उत्पादनमा पशुप्रदत्त स्रोतको सदुपयोगले कृषि प्रणालीको लचिलोपन र पोषण सुरक्षामा सकारात्मक प्रभाव पार्न सक्छ। साथै, पशुजन्य उत्पादनलाई बजारसम्म जोड्ने प्रयासले ग्रामीण अर्थतन्त्रमा समेत सुदृढता ल्याउनेछ।

*तालिका ३९: कृषि ऋण / अनुदान सम्बन्धि विवरण*

| जम्मा कृषक परिवार संख्या | कृषि ऋण लिएका परिवार संख्या | ऋण/थप ऋणको आवश्यकता उल्लेख गर्ने परिवार | कृषि बीमा गरेका परिवार | सरकारी अनुदार प्राप्त गरेका परिवार |
|---|---|---|---|---|
| ४६९७ | १०९२ | २१४४ | ५८८ | ३४६ |

रामारोशन गाउँपालिकाका ४६९७ कृषक परिवारमध्ये १०९२ परिवारले कृषि ऋण लिएका छन् भने २१४४ परिवारले अझै ऋण वा थप ऋणको आवश्यकता व्यक्त गरेका छन्, जसले कृषिमा लगानीको अभाव र वित्तीय पहुँचको सीमिततालाई देखाउँछ। यस्तै, मात्र ५८८ परिवारले कृषि बीमा गरेका छन् र ३४६ परिवारले मात्र सरकारी अनुदान प्राप्त गरेका छन्, जुन जलवायु जोखिम व्यवस्थापनको दृष्टिले निकै न्यून हो। जलवायु परिवर्तनका कारण बाढी, खडेरी, असिना र रोग–कीराबाट हुने क्षतिको जोखिम बढ्दै गएकाले वित्तीय सुरक्षा जस्तै बीमा, सस्तो ऋण र लक्षित अनुदान कार्यक्रमहरू अत्यावश्यक छन्।

यस्ता वित्तीय उपकरणहरूले कृषकलाई जलवायुजन्य क्षति व्यहोर्न सक्षम बनाउनुका साथै जलवायु सहनशील प्रविधिमा लगानी गर्न उत्प्रेरित गर्छन्। त्यसैले, जलवायु अनुकूल कृषि प्रणाली निर्माण गर्न ऋण, बीमा र अनुदानको पहुँच विस्तार, प्रक्रियागत सरलता, र सचेतना अभिवृद्धि नीतिगत प्राथमिकता हुनुपर्ने देखिन्छ।

*तालिका ४०: जलवायु परिवर्तन बारे जानकारी राख्ने र कृषिमा जलवायु परिवर्तनले असर गरेको परिवार सम्बन्धि विवरण*

| जम्मा कृषक परिवार | CC बारे थाहा हुने कृषक परिवार | कृषिमा CC को असर उल्लेख गर्ने | जलवायु परिवर्तन (CC) ले कृषिमा पुर्याएको असर/प्रभाव अनुसार कृषक परिवार संख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | उत्पादनमा कमी | उत्पादनमा वृद्धि | फल/फसलको आकारमा परिवर्तन | स्वादमा परिवर्तन | बाली लगाउने समयमा फरक | धेरै वा कम बर्षा | रोग/किरा को वृद्धि | ब्रिडिङ समयमा परिवर्तन | प्रजातीको लोप/उत्थान | अन्य |
| ४६९७ | २४८१ | २४१८ | २३०२ | ० | ४८४ | १४७ | ९५७ | ११६७ | १४४० | ९५ | १२६ | ० |

रामारोशन गाउँपालिकाका ४६९७ कृषक परिवारमध्ये २४८१ परिवारलाई जलवायु परिवर्तन (CC) बारे जानकारी छ र २४१८ परिवारले कृषिमा यसको प्रत्यक्ष असर महसुस गरेका छन्। मुख्य असरहरूमा उत्पादनमा कमी (२३०२ परिवार), रोग/किराको वृद्धि (१४४०), बाली लगाउने समयको फेरबदल (९५७), अत्यधिक वा न्यून वर्षा (११६७), र फल/फसलको आकार तथा स्वादमा परिवर्तन (क्रमशः ४८४ र १४७) उल्लेखनीय छन्। यी सबै तथ्यहरूले जलवायु परिवर्तनले स्थानीय कृषि प्रणालीमा गहिरो प्रभाव पारिरहेको स्पष्ट देखिन्छ।

यस्तो सन्दर्भमा, कृषकहरूलाई मौसम सूचना प्रणाली, जलवायु सहनशील बाली/प्रजाती, समायोजित खेती तालिका, र रोग/कीरा व्यवस्थापन प्रविधिको पहुँच गराउनु अत्यावश्यक छ। साथै, कृषकको

ज्ञान, क्षमता र प्रविधिमा लगानी गरेर उनीहरूलाई जलवायु अनुकूल अभ्यासमा रूपान्तरण गर्नु दीर्घकालीन समाधानको आधार बन्न सक्छ। यसले कृषिको लचिलोपन वृद्धि गरी खाद्य सुरक्षा र जीविकोपार्जनमा स्थायित्व ल्याउन सहयोग गर्नेछ।

*तालिका ४१: कृषि तालिम, निर्णयमा सहभागिता, तथा कृषिमा दिइएको सरदर समय अनुसार १० बर्ष वा सो भन्दा माथी उमेरका कृषक परिवारको जनसंख्या*

| औपचारिक तालिम लिएका कृषक परिवार | | कृषि कार्यमा निर्णयमा गहभागी कृषक परिवार | | कृषि क्रियाकलापमा सरदर दिएको समय अनुसार कृषक परिवारको जनसंख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कम (<४०%) | | करिब आधा (४०%-५९%) | | धेरै (६०%-९९%) | | सबै (१००%) | | समय नै नदिएको | |
| पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| ८६२ | ७७८ | ६२६४ | ७०७२ | ३२९० | ३१५२ | १६०८ | १२६१ | १४७१ | १५४४ | १७२४ | ३३६३ | १०५१ | ६४१ |

रामारोशन गाउँपालिकामा १० वर्ष वा सोभन्दा माथिका कृषकहरूमा महिला र पुरुष दुवैले कृषि निर्णयमा उल्लेखनीय सहभागिता जनाइरहेका छन्‘पुरुष ६२६४ र महिला ७०७२ जना। औपचारिक कृषि तालिम लिएका किसानमध्ये महिला (७७८) र पुरुष (८६२) संख्या करिब बराबरी भए पनि अझै न्यून रहेको देखिन्छ। कृषिमा दिइने समयको हिसाबले हेर्दा महिलाहरूबाट १००% समय दिने संख्या (३३६३) पुरुषको तुलनामा दोब्बर छ (१७२४), जसले महिलाको कृषि श्रममा ठूलो भूमिका देखाउँछ।

जलबायु परिवर्तनको सन्दर्भमा, यस्ता मानव संसाधनको उपस्थिति र सहभागिता जलवायु अनुकुल कृषि अभ्यास प्रवर्द्धन गर्न अवसरको रूपमा लिन सकिन्छ। तर, तालिमको पहुँच कम भएकाले जलवायु सहनशील प्रविधि, मौसम सूचना, र जोखिम व्यवस्थापनमा ज्ञानको अभाव रहेको देखिन्छ। त्यसैले, महिला—पुरुष दुवैलाई लक्षित गरेर कृषि तालिम, स्थानीय निर्णय प्रक्रियामा समावेशीता, र समयको उपयोगलाई उत्पादनशीलतामा बदल्ने उपायहरू अवलम्बन गर्नुपर्ने आवश्यकता छ। यसले जलवायु परिवर्तनप्रतिको समुदायको लचिलोपन मजबुत बनाउन मद्दत पुऱ्याउनेछ।

*तालिका ४२: प्रमुख उत्पादन अनुसारको परिवार संख्या सम्बन्धि विवरण*

| कृषक परिवार | कृषिको प्रमुख उत्पादन अनुसार कृषक परिवार संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | खाद्यान्न बाली | तरकारी बाली | फलफूल | नगदे बाली | पशु पालन | पन्छी पालन | अन्य |
| ४६९७ | ४६४४ | ४२ | ० | ० | ११ | ० | ० |

रामारोशन गाउँपालिकाका ४६९७ कृषक परिवारमध्ये ९९% भन्दा बढी (४६४४ परिवार) ले खाद्यान्न बालीलाई प्रमुख उत्पादनका रूपमा अपनाएका छन्, जबकि तरकारी बालीमा संलग्न परिवार

४२ मात्र छन्, र फलफूल, नगदे बाली वा पन्छीपालनलाई प्रमुख उत्पादनका रूपमा लिने परिवार शून्य छन्। पशुपालनलाई मात्र ११ परिवारले प्रमुख उत्पादन मानेका छन्।

जलबायु परिवर्तनको सन्दर्भमा यस्तो एकमुखी कृषि प्रणाली अत्यधिक जोखिमयुक्त हुन्छ, किनभने वर्षा, तापक्रम वा रोगको सामान्य परिवर्तनले पनि खाद्यान्न उत्पादनमा ठूलो प्रभाव पार्न सक्छ। त्यसैले, जलवायु अनुकूलनका लागि बाली विविधीकरण (घ्रसङ्ग्च्रद्दत्रगक□त्रद्वथ), तरकारी, नगदे बाली, फलफूल र पशुपालन जस्ता वैकल्पिक तथा मिश्रित कृषि प्रणालीको प्रवर्द्धन आवश्यक छ। यसले जलवायु जोखिमको क्षति न्यूनीकरण गर्दै कृषकको आय तथा खाद्य सुरक्षामा स्थायित्व ल्याउन सहयोग पुऱ्याउँछ।

*तालिका ४३: कृषि चलनबाट भएको प्रमुख उत्पादनको मुख्यतः प्रयोग अनुसार परिवार संख्या सम्बन्धि विवरण*

| जम्मा कृषक परिवार संख्या | प्रयोग अनुसार कृषक परिवार संख्या | | | |
|---|---|---|---|---|
| | सबै घरायसी उपभोग | मुख्य घरायसी उपभोग र केही बिक्री | मुख्य बिक्री र केहि घरायसी उपभोग | सबै बिक्री |
| ४६९७ | ४३७१ | ३२६ | ० | ० |

रामारोशन गाउँपालिकाका ४६९७ कृषक परिवारमध्ये ४३७१ परिवार (९३%) ले आफ्नो उत्पादन सबै घरायसी उपभोगका लागि प्रयोग गर्छन्, भने ३२६ परिवारले मुख्यतया घरायसी उपभोग र केही बिक्री पनि गर्छन्। पूर्ण रूपमा बिक्रीमुखी कृषि प्रणाली अपनाउने कुनै पनि परिवार नदेखिनु उत्पादन परिमाण, बजार पहुँच वा उद्यमशीलता क्षमतामा सीमितता रहेको संकेत हो।

जलबायु परिवर्तनको परिवेशमा जब उत्पादनमा अनिश्चितता र जोखिम बढ्दो छ, तब घरायसी-केन्द्रित उत्पादन मात्र पर्याप्त हुँदैन। अनुकुलनको दृष्टिले, कृषकहरूलाई व्यापारिक कृषि, नगदे बाली, फलफूल र पशुपालनमा प्रविष्ट गराउँदै आय स्रोत विविधीकरण गराउनु आवश्यक हुन्छ। साथै, बजार पहुँच, मूल्य सञ्जाल, र भण्डारण/प्रक्रिया प्रविधिमा लगानी गरेर उत्पादनलाई दीगो अर्थतन्त्रसँग जोड्नु जलवायु जोखिमका बीच खाद्य तथा जीविकोपार्जन सुरक्षाको भरपर्दो उपाय बन्न सक्छ।

*तालिका ४४: कृषि आम्दानीबाट मात्र खान पुग्ने अवधी अनुसारको परिवार संख्या विवरण*

| जम्मा कृषक परिवार संख्या | आम्दानीको मुख्य स्रोत | | आम्दानीले मात्र परिवारलाई बर्षभरी नपुग्ने परिवार | खान पुग्ने अवधी अनुसार परिवार संख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | कृषि | गैर कृषि | | १-३ महिना | ४-६ महिना | ७-९ महिना | १०-१२ महिना |
| ४६९७ | ३५८३ | १११४ | ३४४६ | ९१४ | २२७० | २४२ | २१ |

रामारोशन गाउँपालिकाका ४६९७ कृषक परिवारमध्ये ३५८३ परिवारको मुख्य आम्दानी कृषि स्रोतबाट आउने छ, जबकि १११४ परिवारको आम्दानी गैरकृषि गतिविधिबाट प्राप्त हुन्छ। त्यसैगरी, ३४४६ परिवारका लागि कृषि आम्दानीले वर्षभरिका खर्चहरू पूरा गर्न सक्दैन। ती परिवारमध्ये

९१४ परिवारको आम्दानीले १-३ महिना, २२७० परिवारको ४-६ महिना, २४२ परिवारको ७-९ महिना, र २१ परिवारको १०-१२ महिना मात्र खान पुग्छ।
जलबायु परिवर्तनका कारण उत्पादनमा गिरावट, असमान वर्षा र मौसमका अनियमितताले कृषकहरूलाई थप आर्थिक दवाबमा पार्न सक्छ। यस्तो अवस्थामा, विविधीकृत कृषि प्रणाली, नगदे बाली र पशुपालनको प्रवर्द्धन गर्न आवश्यक छ जसले आय स्रोतलाई स्थिर राख्न र जलवायु परिवर्तनको जोखिमबाट बच्न मद्दत पुर्याउँछ। साथै, गैरकृषि आय स्रोतहरूको विकास र बजार पहुँचलाई सुदृढ बनाउँदा कृषक परिवारहरूको आर्थिक लचिलोपनमा वृद्धि हुनेछ।

# परिच्छेद तीन – स्थानीय अनुकुलन कार्ययोजना बिधि, प्रक्रिया र विश्लेषण

## ३.१. जलवायु परिवर्तन सम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि

रामारोशन गाउँपालिकाको स्थानीय अनुकूलन कार्ययोजना तयारीको सन्दर्भमा सञ्चालन गरिएका क्षमता अभिवृद्धि तथा तथ्यांक संकलन कार्यक्रम अत्यन्तै महत्वपूर्ण र आधारभूत प्रक्रिया थिए। जलवायु परिवर्तन एक नवीनतम र जटिल विषयवस्तु भएकोले यसले समुदायमा पार्ने असर, चुनौती र सम्भावनाको यथार्थ पहिचान बिना प्रभावकारी कार्ययोजना तयार गर्न सम्भव हुँदैन। यही सन्दर्भमा पालिका र वडास्तरमा सचेतना अभिवृद्धि तथा अभिमुखीकरण कार्यक्रमहरू आयोजना गरिएका थिए।

कार्यक्रमको उद्देश्य समुदायलाई जलवायु परिवर्तनसम्बन्धी वैज्ञानिक जानकारी दिने, स्थानीय असर तथा जोखिमबारे जानकारी गराउने, र अनुकूलनका सम्भाव्य उपायहरूमा सामूहिक छलफल र सहकार्यलाई बढावा दिने रहेको थियो। यसक्रममा समुदायको विविध तह'जस्तै संकटापन्न समुदाय, राजनीतिक प्रतिनिधि, शिक्षा तथा सेवा प्रदायक संस्था, किसान, महिला, दलित, जनजाति, युवा लगायत' लाई सहभागी गराइएको थियो, जसबाट समावेशी दृष्टिकोण सुनिश्चित भएको देखिन्छ।

सचेतना अभिवृद्धि कार्यक्रम अन्तरगत ९ वटा क्रियाकलाप सञ्चालन गरिए, जसबाट प्रत्यक्षरूपमा २१६ जना लाभान्वित भएका थिए। कार्यक्रमहरूमा जलवायु परिवर्तनसम्बन्धी प्रस्तुति, लक्षित समूह छलफल, सामूहिक विचारमन्थन, र सहभागितामूलक अभ्यासहरू समावेश थिए, जसले सहभागीहरूलाई विषयको गहिराइ बुझ्न र समाधानमा सक्रिय भूमिका लिन उत्प्रेरित गर्‍यो।

यसरी सञ्चालन गरिएका कार्यक्रमहरूले समुदायमा जलवायु जोखिमबारे चेतना फैलाउनुका साथै, स्थानीय अनुकूलन रणनीति निर्माणका लागि आवश्यक डेटा, स्थानीय ज्ञान, र प्राथमिकता संकलनमा महत्वपूर्ण योगदान पुर्‍याएको छ।

## ३.२. संकटासन्नता, जोखिम विश्लेषण तथा वस्तुगत विवरण

संकटासन्नता, जोखिम विश्लेषण तथा वस्तुगत विवरणको तयारीको क्रममा विभिन्न सहभागी र तथ्यमा आधारित अभ्यासहरूमार्फत बहुआयामिक विश्लेषण गरिएको छ, जसले संकटासन्न समुदाय र

प्रणालीको स्पष्ट तस्वीर प्रस्तुत गरेको छ। यस प्रक्रियामा प्रकोपको ऐतिहासिक घटनाक्रम संकलन गरी विगतका विपद्का ढाँचा, आवृत्ति र प्रभावलाई अभिलेख गरिएको छ। परिवर्तित मौसमी पात्रो र प्रकोप पात्रोमार्फत जलवायु परिवर्तनका कारण देखिएको मौसमी गडबडी र प्रकोपको समय तथा स्वरूपमा आएका परिवर्तनहरू विश्लेषण गरिएको छ। बाली पात्रोले कृषि कार्यमा देखिएको समयगत तथा उत्पादनगत परिवर्तनहरू देखाएको छ भने तापक्रम र वर्षाका तथ्याङ्कहरूले वैज्ञानिक रूपमा जलवायु प्रवृत्तिको पुष्टि गरेका छन्। सामाजिक स्रोत तथा संकटासन्नता नक्सांकनले समुदायको पहुँच, संवेदनशीलता र जोखिममा आधारित स्थानगत विवरण प्रस्तुत गरेको छ। प्रकोपको स्तरीकरणबाट विभिन्न प्रकोपहरूको तीव्रता र प्रभावको स्तर निर्धारण गरिएको छ भने जोखिम विश्लेषणले मानव, वातावरण तथा पूर्वाधारमा पर्न सक्ने सम्भावित क्षतिको मूल्याङ्कन गरेको छ। साथै, जीविकोपार्जनका स्रोतहरू माथि परेको असरको विश्लेषणले कृषिजन्य आय, वन स्रोत, मजदुरीजस्ता क्षेत्रहरूमा देखिएको प्रभाव देखाएको छ। विषयगत क्षेत्रहरूमा ' जस्तै कृषि, स्वास्थ्य, जलस्रोत, वन र शिक्षा ' जलवायु तथा प्रकोपजन्य असरहरूको मूल्याङ्कन गरिई सोही आधारमा अनुकूलन रणनीति र जोखिम न्यूनीकरण उपायहरूको प्राथमिकता तय गरिएको छ। यस सम्पूर्ण विश्लेषणले आधारभूत निर्णय र योजनाहरू निर्माणमा महत्वपूर्ण भूमिका खेलेको छ।

### ३.२.१. प्रकोपको ऐतिहासिक घटनाक्रम

### ३.२.२. परिवर्तित मौसमी पात्रो तथा प्रकोप पात्रो र बाली पात्रो

परिवर्तित मौसमी पात्रो तथा प्रकोप पात्रो र बाली पात्रो जलवायु अनुकूलन तयारीका लागि अत्यन्त महत्वपूर्ण उपकरणहरू हुन्, जसले जलवायु परिवर्तनका प्रभावलाई स्थानीय सन्दर्भमा विश्लेषण गर्न सहयोग पुऱ्याउँछ। परिवर्तित मौसमी पात्रोले असामान्य तापक्रम, वर्षा तथा मौसमको स्वरूपमा देखिएका दीर्घकालीन परिवर्तनहरू चित्रण गर्छ, जसले परम्परागत कृषि प्रणालीमा गम्भीर असर पुऱ्याएको छ। समुदायका अनुभवी सदस्यहरूको ज्ञान र अवलोकनका आधारमा तयार गरिने यस पात्रोले बाली चक्र, रोपाईँ—कटाइको समय, तथा उत्पादन प्रणालीमा आएका परिवर्तनहरू स्पष्ट देखाउँछ, र कृषि जोखिम पहिचान गर्न अत्यन्त उपयोगी हुन्छ। यसै आधारमा बालीको समय परिमार्जन, सहनशील बीउको छनोट जस्ता अनुकूलन उपायहरू तय गरिन्छ। अर्कोतर्फ, प्रकोप पात्रोले वर्षको कुन समयमा कुन प्रकारका प्रकोप (जस्तै बाढी, खडेरी, पहिरो आदि) आउन सक्ने सम्भावना रहेको छ भन्ने विवरण दिन्छ, जुन ऐतिहासिक प्रकोप घटनाहरूको विश्लेषणमा आधारित हुन्छ। यसले जोखिम बढ्ने समय र स्थान पहिचान गर्न मद्दत गर्छ, जसले समुदायलाई पूर्वतयारी गर्न, चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न, र आपतकालीन योजना निर्माण गर्न आवश्यक आधार प्रदान गर्छ। यसरी, दुवै पात्रोले स्थानीय जोखिम सन्दर्भमा सूचित निर्णय लिन र प्रभावकारी अनुकूलन तथा जोखिम न्यूनीकरण रणनीति बनाउन योगदान पुऱ्याउँछन्।

#### क. मौसमी पात्रो

रामारोशन गाउँपालिकाको पछिल्लो मौसमी परिमार्जनलाई विश्लेषण गर्दा जलवायु परिवर्तनको प्रत्यक्ष असर देखिन्छ, जसले परम्परागत मौसमी चक्रमा उल्लेखनीय हेरफेर ल्याएको छ।

**मनसुन वर्षा** पहिले असारदेखि भाद्रसम्म केन्द्रित रहँदा अहिले साउनदेखि असोजसम्म सरेको छ, जसले वर्षा ढिला सुरु भई ढिलो अन्त्य हुने प्रवृत्ति देखाएको छ र यसले बाली रोपाइँ र कटाइमा असमयता ल्याएको छ। **हिउँदे वर्षा**को अवधिमा पनि परिवर्तन भई अब माघदेखि फागुनसम्म सीमित भएको छ, जसले जाडो महिनामा सुक्खा बढाएको छ।

**आगलागीको मौसम** फागुनदेखि जेठसम्म फैलिएको छ, जुन वनक्षेत्र तथा बस्तीहरूमा आगलागीको जोखिम बढाउने खालको हो। यसले वनजन्य स्रोतहरू र जैविक विविधतामा समेत असर पार्न थालेको छ।

**गर्मीको अवधि** पनि लम्बिँदै चैत्रदेखि असारसम्म फैलिएको छ, जसले जनस्वास्थ्य, जल स्रोतको कमी र बाली सुक्ने समस्यालाई झनै जटिल बनाएको छ।

**जाडो मौसम** पहिलेभन्दा ढिलो सुरु भई मङ्सिरदेखि फागुन चौथो हप्तासम्म रहने देखिन्छ, जसले बालीको चक्र र पशुपालनमा असर पुर्‍याएको छ।

**असिनापानी**को समयावधिमा ठूलो अनियमितता देखिन थालेको छ‘अब यो चैत्र तेस्रो चौथो हप्ता र कार्तिक तेस्रो चौथो हप्तासम्म फैलिएको छ, जसले अन्नबाली नष्ट गर्ने खतरा बढाएको छ।

**तुसारो** र **हिउँ** पर्ने समयावधि दुवै छोटिएको छ‘अब यी माघको पहिलोदेखि दोस्रो हप्तासम्म सिमित रहन थालेका छन्, जुन माथिल्लो भेगमा मात्र देखिन्छ।

यसरी मौसमी चक्रको हेरफेरले कृषि, जल स्रोत, वातावरण तथा जीविकोपार्जन प्रणालीमा गहिरो प्रभाव पारिरहेको छ। अबको रणनीति यिनै परिवर्तनलाई मध्यनजर राखेर बनाइनु अपरिहार्य छ।

**मौसमी पात्रो**

| मौसम | | बैशाख | | | | जेष्ठ | | | | असार | | | | साउन | | | | भाद्र | | | | असोज | | | | कार्तिक | | | | मङ्सिर | | | | पुष | | | | माघ | | | | फागुन | | | | चैत्र | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| मनसुन वर्षा | पहिले | | | | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| हिउँदे वर्षा | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | | | |
| आगलागी | पहिले | ■ | ■ | ■ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | ■ | ■ | ■ | ■ |
| | अहिले | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | ■ | ■ | ■ | ■ | ■ |
| गर्मी | पहिले | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | ■ |
| | अहिले | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | ■ | ■ | ■ | ■ |
| जाडो | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | |
| असिना | पहिले | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | ■ | ■ | ■ | ■ |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | ■ | ■ | | | | | | | | | | | | | | | | | | | ■ | ■ |
| तुसारो | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | ■ | ■ | | | | | | | | | | |
| हिउँ पर्ने | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | ■ | ■ | | | | | | | | | | |

## ख. प्रकोप पात्रो

रामारोशन गाउँपालिकाको प्रकोप पात्रोको विश्लेषण गर्दा जलवायु परिवर्तन तथा वातावरणीय असन्तुलनका कारण प्रकोपहरूको समयावधिमा उल्लेखनीय हेरफेर भएको देखिन्छ। **अत्यधिक वर्षा** पहिले साउन पहिलो हप्ता देखि भाद्र पहिलो हप्तासम्म सिमित रहँदा अहिले साउन तेस्रो हप्ता देखि भाद्र तेस्रो हप्तासम्म तानिएको छ, जसले खेतीपाती तथा जमिन कटानमा समस्या बढाएको छ। **खडेरी** अवधि पनि लम्बिएको छ, बैशाखदेखि जेष्ठसम्म हुने गरिरहेको खडेरी अब असार दोस्रो हप्ता सम्म फैलिएको छ, जसले जलस्रोत तथा बाली उत्पादनमा प्रभाव पारिरहेको छ।

**बाढी र पहिरो** दुबैको समयावधि पनि सरेको छ'पहिले असार चौथो हप्तादेखि साउन चौथो हप्तासम्म मात्र सीमित रहेकामा अहिले साउन दोस्रो हप्ता देखि असोज पहिलो हप्तासम्म देखिन थालेका छन्, जसले पहाडी क्षेत्रमा पूर्वाधार र बस्तीलाई उच्च जोखिममा पारेको छ। **आगलागी** पहिले बैशाख महिनाभित्र सीमित हुँदा हाल चैत्रदेखि सुरु हुने गरेको छ, जसले वन क्षेत्र तथा बस्तीमा क्षतिको सम्भावना बढाएको छ।

**हुरीबतास र चटयाङ्ग** जस्ता मौसमी प्रकोप पनि अब विस्तारित अवधिमा देखिन थालेका छन्। चटयाङ पहिले चैत्र अन्तिम हप्ता भित्र सिमित रहँदा अहिले चैत्र दोस्रो हप्ता देखि असार पहिलो हप्ता सम्म सक्रिय देखिन्छ। यस्तै **असिनापानी** पनि अब जेष्ठबाट कार्तिक महिनासम्म फैलिएको छ, जसले खाद्यान्न नोक्सानी र कृषि चक्रमा असर गरिरहेको छ।

**महामारी**को सन्दर्भमा, विगतमा चैत्रदेखि असारसम्म विविध संक्रमण र पानीजन्य रोग फैलने गरे तापनि, हाल कोभिड—१९ पछाडि ठूला खालका महामारी देखिएको छैन। तर, बदलिंदो वातावरणीय र जलवायु अवस्था हेर्दा भविष्यमा महामारीको सम्भावना यथावत् छ।

यसरी हेर्दा, प्रकोपहरूको समयावधि विस्तार हुँदै जानु र मौसमी चक्रको अस्थिरता देखिनु रामारोशन गाउँपालिकाका लागि विपद् जोखिम न्यूनीकरण योजना समयानुकूल परिमार्जन गर्नु अपरिहार्य भएको छ।


प्रकोप पात्रो
प्रकोप
बैशाख
जेष्ठ
असार
साउन
भाद्र
असोज
कार्तिक
मङ्सिर
पुष
माघ
फागुन
चैत्र
१ २ ३ ४
अत्याधिक बर्षा
खडेरी
बाढी
पहिरो
वन्यजन्तु आतङ्क
आगलागी
हुरीबतास
चटयाङ्ग
असिना
सडक दुर्घटना
पहिले
अहिले

### ग. बाली पात्रो

### ३.२.४. तापक्रम र बर्षाका तथ्यांकहरुको विश्लेषण

कोपेन-गाइगर (Koppen–Geiger) वर्गीकरण अनुसार, सन् २०१७ देखि २०२३ सम्मको अवधिमा सङ्कलित तथ्यांकका आधारमा हेर्दा अछाम जिल्लामा उपोष्णकटिबंधीय जलवायु (subtropical climate) पाइन्छ, जहाँ वार्षिक तापक्रम सामान्यतया १०°C देखि २५°C को बीचमा रहन्छ, यद्यपि कहिलेकाहीँ -१°C सम्म घट्न वा ३६°C सम्म बढ्न सक्छ। यहाँ वार्षिक रूपमा औसत १७५४ मिमी वर्षा र करिब १६६ दिन वर्षा हुने गर्दछ। जेठ, असार र साउन सबैभन्दा गर्मी महिना हुन् भने पुस, माघ र फागुन सबैभन्दा चिसो महिना मानिन्छन्। हरेक वर्ष झण्डै १८१ दिन तापक्रम २५°C माथि पुग्छ। अत्यधिक वर्षा असार, साउन र भदौमा (औसत ४१२ मिमी/महिना) र न्यूनतम वर्षा फागुन, कात्तिक र मंसिरमा (औसत २३ मिमी/महिना) हुन्छ। वार्षिक औसत घाम लाग्ने समय ३६८७ घण्टा रहेको छ, जहाँ वैशाख, जेठ र असार सबैभन्दा घामिला महिना हुन्। पराबैजनी किरण (UV) सबैभन्दा बढी जेठ, साउन र भदौमा देखिन्छ, जहाँ UV सूचकांक १२-१४ सम्म पुग्न सक्छ जुन अत्यधिक जोखिमको सूचक हो।

### ३.२.५. सामाजिक स्रोत तथा संकटासन्नता नक्सांकन

*तालिका ४५: वडागत संकटासन्नता*

| वडा नं. | पहिरो | बाढी | आगलागि | असिना | हुरी बतास | चट्याङ | खडेरी | बाली रोग | पशु रोग | जम्मा अंक | संकटासन्नता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | २ | १ | १ | १ | १ | ० | २ | २ | ८ | मध्यम |
| २ | ३ | १ | १ | १ | १ | १ | ० | २ | २ | ८ | मध्यम |
| ३ | २ | ४ | १ | १ | १ | १ | ० | २ | २ | १० | मध्धम |
| ४ | २ | १ | १ | १ | १ | १ | ० | २ | २ | ७ | मध्धम |
| ५ | ३ | १ | १ | १ | १ | १ | ० | २ | २ | ८ | मध्यम |
| ६ | ४ | २ | १ | १ | १ | १ | १ | २ | २ | ११ | उच्च |
| ७ | ४ | १ | १ | ३ | १ | १ | १ | २ | २ | १२ | उच्च |
| अंक | २० | १२ | ७ | ९ | ७ | ७ | २ | १४ | १४ | | |
| स्तर | १ | ४ | ६ | ५ | ६ | ६ | ९ | २ | २ | | |

## ३.२.६ प्रकोपको स्तरीकरण

| वडा नं. १ | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकोप | अत्याधिक बर्षा | खडेरी | बाढी | पहिरो | आगलागी | हुरीबतास | चट्याङ्ग | असिना | महामारी | बाली रोग किरा | पशु रोग |
| अत्याधिक बर्षा | x | खडेरी | बाढी | पहिरो | आगलागी | अत्याधिक बर्षा | चट्याङ्ग | असिना | अत्याधिक बर्षा | बाली रोग किरा | पशु रोग |
| खडेरी | x | x | बाढी | पहिरो | खडेरी | खडेरी | चट्याङ्ग | असिना | खडेरी | बाली रोग किरा | पशु रोग |
| बाढी | x | x | x | पहिरो | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाली रोग किरा | पशु रोग |
| पहिरो | x | x | x | x | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो |
| आगलागी | x | x | x | x | x | आगलागी | चट्याङ्ग | असिना | आगलागी | बाली रोग किरा | पशु रोग |
| हुरीबतास | x | x | x | x | x | x | हुरीबतास | असिना | हुरीबतास | बाली रोग किरा | पशु रोग |
| चट्याङ्ग | x | x | x | x | x | x | x | असिना | चट्याङ्ग | बाली रोग किरा | पशु रोग |
| असिना | x | x | x | x | x | x | x | x | असिना | बाली रोग किरा | पशु रोग |
| महामारी | x | x | x | x | x | x | x | x | x | बाली रोग किरा | पशु रोग |
| बाली रोग किरा | x | x | x | x | x | x | x | x | x | x | पशु रोग |
| पशु रोग | x | x | x | x | x | x | x | x | x | x | x |
| जम्मा अंक | २ | ३ | ६ | ९ | २ | २ | ३ | ५ | ० | ७ | ८ |
| स्तर | ८ | ६ | ४ | १ | ८ | ८ | ६ | ५ | ११ | ३ | २ |

रामारोशन गाउँपालिका वडा नं. १ मा गरिएको प्रकोप स्तरीकरणले जलवायु परिवर्तनसँग सम्बन्धित जोखिमहरू प्रष्ट रूपमा देखाउँछ। विशेष गरी पहिरो, पशु रोग, बाली रोग किरा र बाढी उच्च जोखिममा रहेका छन्, जुन असमान वर्षा, तापक्रम वृद्धि र मौसमी चरित्रमा आएको परिवर्तनका कारण हुन सक्छन्। यी जोखिमहरूलाई ध्यानमा राखी जलवायु अनुकूलनका उपायहरू — जस्तै भू-संरक्षण, रोग प्रतिरोधी बीउ तथा खोपको प्रयोग, जल व्यवस्थापन, र कृषि प्रणालीमा विविधिकरण — को विकास गर्नु अत्यावश्यक देखिन्छ।

| वडा नं. २ | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रकोप** | **अत्याधिक बर्षा** | **खडेरी** | **बाढी** | **पहिरो** | **आगलागी** | **हुरीबतास** | **चटयाङ्ग** | **असिना** | **महामारी** | **बाली रोग किरा** | **पशु रोग** |
| **अत्याधिक बर्षा** | x | खडेरी | बाढी | पहिरो | आगलागी | हुरीबतास | अत्याधिक बर्षा | असिना | अत्याधिक बर्षा | बाली रोग किरा | पशु रोग |
| **खडेरी** | x | x | बाढी | पहिरो | खडेरी | हुरीबतास | हुरीबतास | असिना | हुरीबतास | बाली रोग किरा | पशु रोग |
| **बाढी** | x | x | x | पहिरो | बाढी | बाढी | बाढी | असिना | असिना | बाली रोग किरा | पशु रोग |
| **पहिरो** | x | x | x | x | पहिरो | पहिरो | पहिरो | असिना | असिना | बाली रोग किरा | बाली रोग किरा |
| **आगलागी** | x | x | x | x | x | हुरीबतास | हुरीबतास | असिना | आगलागी | बाली रोग किरा | पशु रोग |
| **हुरीबतास** | x | x | x | x | x | x | हुरीबतास | असिना | हुरीबतास | बाली रोग किरा | पशु रोग |
| **चटयाङ्ग** | x | x | x | x | x | x | x | असिना | चटयाङ्ग | बाली रोग किरा | पशु रोग |
| **असिना** | x | x | x | x | x | x | x | x | असिना | असिना | असिना |
| **महामारी** | x | x | x | x | x | x | x | x | x | बाली रोग किरा | पशु रोग |
| **बाली रोग किरा** | x | x | x | x | x | x | x | x | x | x | पशु रोग |
| **पशु रोग** | x | x | x | x | x | x | x | x | x | x | x |
| जम्मा अंक | २ | ३ | ६ | ९ | २ | २ | ३ | ५ | ० | ७ | ८ |
| स्तर | ८ | ६ | ४ | १ | ८ | ८ | ६ | ५ | ११ | ३ | २ |

रामारोशन गाउँपालिका वडा नं. २ मा प्रकोपको स्तरीकरणले देखाउँछ कि जलवायु परिवर्तनका प्रभावले पहिरो, पशु रोग, बाली रोग किरा र बाढीजस्ता प्रकोपहरू उच्च जोखिममा छन्। तीव्र वर्षा, तापक्रमको असमानता, र मौसमी चरम अवस्थाहरूले यी समस्या बढाएका छन्। यस्तो अवस्थामा जलवायु अनुकूलनका उपायहरू'जस्तै भू-संरक्षण प्रविधि, पशु स्वास्थ्य सेवा सुधार, कीरा तथा रोग प्रतिरोधी बालीको प्रवर्द्धन, र जल व्यवस्थापन प्रणाली'अपनाउनु अत्यावश्यक छ, जसले दीर्घकालीन जोखिम न्यूनीकरणमा योगदान पुऱ्याउन सक्छ।

| वडा नं. ३ | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकोप | अत्याधिक बर्षा | खडेरी | बाढी | पहिरो | आगलागी | हुरीबतास | चटयाङ्ग | असिना | महामारी | बाली रोग किरा | पशु रोग |
कृषि पारिस्थितिकीय प्रणाली विभिन्न जैविक, भौतिक र सामाजिक तत्त्वहरूको अन्तर्सम्बन्धमा आधारित प्रणाली हो, जसले दीगो कृषिलाई सम्भव बनाउँछ। हालको जलवायु परिवर्तन, जनसंख्या वृद्धि, र आधुनिक खेती प्रविधिका कारण यस प्रणालीमा विविध प्रकारका जोखिमहरू देखा परेका छन्। खेती

प्रणालीमा हुने परिवर्तनले बाली चक्रमा गम्भीर असर पार्ने गरेको छ, जसका कारण कृषकहरूलाई उपयुक्त समयमा बाली लगाउन कठिनाइ हुन थालेको छ। यसले परम्परागत जातका बालीहरू हराउने खतरा उत्पन्न गरेको छ। मौसमअनुसार बाली छनोट गर्नुपर्ने दबाब, बसोबास गर्ने जीवजन्तु तथा कीट प्रजातिमा परिवर्तन, र फाइदाजन्य जीवजन्तु र परजीवीको सन्तुलनमा गडबडी आउनुले कृषि प्रणाली अस्थिर बन्दै गएको छ।

त्यस्तै, कीट तथा रोगका नयाँ प्रजातिहरूको वृद्धि, बालीको परिपक्वता ढिलाइ हुनु वा समयमा नहुनु, उत्पादनको मात्रा तथा गुणस्तरमा गिरावट आउनुले कृषकहरूको आम्दानीमा नकारात्मक असर पार्दछ। माटोको उर्वराशक्ति, अर्गानिक तत्व र सूक्ष्म पोषक तत्त्वहरूमा कमी आउँदा उत्पादन प्रणाली कमजोर बन्दै जान्छ। साथै, अस्थिर सिँचाइ, जलस्रोत सुक्नु वा अनियमित वितरण, र सिंचाइ प्रणालीमा अत्यधिक चापका कारण कृषिको भरपर्दोपन घटेको छ।

यी सबै जोखिमहरूका कारण कृषि पारिस्थितिकीय प्रणालीले प्रदान गर्ने जैविक विविधता संरक्षण, माटो संरक्षण, र जलचक्र जस्ता सेवाहरूमा नकारात्मक प्रभाव परेको छ। यसको प्रत्यक्ष असर कृषि प्रणालीको दीगोपनमा देखिएको छ, जसले भविष्यको खाद्य सुरक्षामा खतरा उत्पन्न गर्न सक्छ।

### जलाधार (खोला, ताल, नदी) पारिस्थितिकिय प्रणालीको संकटासन्नता तथा जोखिम विश्लेषण

रामारोशन गाउँपालिकामा जलवायु परिवर्तनका कारण खोलानाला, पानीका मुहान र तिनसँग सम्बन्धित पारिस्थितिकीय प्रणालीमा परिरहेको असरको विश्लेषण गर्न सहभागी विधि प्रयोग गरिएको थियो। यस प्रक्रियामा एकातिर सम्भावित जोखिमहरू जस्तै वर्षा प्रणालीको अनियमितता, तापक्रममा वृद्धि, सुख्खा वा बाढीको सम्भावना र अर्कोतिर पानीका स्रोतहरूमा रहेका वनस्पति तथा जीवजन्तुमा आएको परिवर्तन, पानीको गुणस्तरमा देखिएको गिरावट, पारिस्थितिकीय प्रणालीको सन्तुलनमा आएको विघटन र तिनले प्रदान गर्ने सेवाहरूमा आएको असरलाई तुलना गर्दै विश्लेषण गरिएको हो। समुहगत छलफल र स्थानीय सरोकारवालासँगको अन्तरक्रियाबाट प्राप्त जानकारीका आधारमा ती जोखिमहरूलाई उच्च (३), मध्यम (२) र न्यून (१) गरी वर्गीकृत गरिएको थियो। यस विश्लेषणले जल स्रोतहरूमा जलवायु परिवर्तनले पारिरहेको दीर्घकालीन प्रभावहरू उजागर गर्दै तिनको संरक्षण तथा पुनर्स्थापनाका लागि नीतिगत तथा व्यवहारिक हस्तक्षेप आवश्यक रहेको देखाएको छ।

*तालिका ५१: जलाधार पारिस्थितिकिय प्रणालीको संकटासन्नता तथा जोखिम*

| जोखिम | अत्यधिक वर्षा | खडेरी | बाढी | पहिरो | आगलागी | हुरीबतास | चट्याङ | असिना | महामारी | बाली रोग/किरा | पशु रोग | औषत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जल स्रोत वरिपरिका वनस्पति तथा जलजन्य वनस्पति प्रजातिमा परिवर्तन | १ | २ | ३ | ३ | ३ | १ | | १ | | | | १.२७ |
| जलमा निर्भर जीवजन्तु प्रजातिमा परिवर्तन | १ | १ | २ | ३ | | | | | | | | ०.६३ |
| पानीको मात्रा र गुणस्तरमा गिरावट | २ | ३ | ३ | ३ | | | | | | | | १ |
| जल स्रोतहरूको भौगोलिक संयोजन तथा वहावको स्वरूपमा परिवर्तन | २ | ३ | ३ | ३ | | | | | | | | १ |
| जल पारिस्थितिकीय प्रणालीले प्रदान गर्ने सेवाहरूमा गिरावट | ३ | ३ | ३ | ३ | | | | | | | | १.०९ |
| **जम्मा** | ९ | १२ | १४ | १५ | ३ | १ | ० | १ | ० | ० | ० | ४.९९ |

जल पारिस्थितिकीय प्रणाली वातावरणमा पानीसँग सम्बन्धित जैविक तथा भौतिक तत्त्वहरूको सन्तुलित अन्तरक्रियाबाट सञ्चालन हुने प्रणाली हो, जसले मानव जीवन र वातावरण दुवैका लागि महत्वपूर्ण सेवा प्रदान गर्दछ। यस्ता प्रणालीमा हाल विभिन्न जोखिमहरू देखा परेका छन्, जसले यसको दीगो कार्यसम्पादनमा गम्भीर असर पारिरहेको छ। जल स्रोत वरिपरिका वनस्पति तथा जलजन्य प्रजातिमा परिवर्तन र ह्रासले जैविक विविधता कमजोर बनाएको छ। जलमा निर्भर साना वनस्पति जस्तै शैवालको

असन्तुलित वृद्धिले पानीको गुणस्तरमा गिरावट ल्याएको छ। साथै, माछा, भ्यागुता, र अन्य जलचर प्रजातिमा कमी वा नयाँ प्रजातिको प्रवेशले खाद्य शृंखलामा असन्तुलन ल्याएको छ।

वर्षा प्रणालीको अनियमितता र प्रदूषण, जमिन कटान, जैविक अपशिष्ट जस्ता कारणले पानीको मात्रा तथा गुणस्तरमा गिरावट आएको छ। यसले जल स्रोतहरूको वहाव, पुनःभरण प्रणाली, र खोला—नालाको मार्गमा समेत परिवर्तन ल्याएको छ। भू-उपयोग परिवर्तनले प्राकृतिक जल संकलन प्रणाली कमजोर पारेको छ। यसका कारण जल पारिस्थितिकीय प्रणालीले प्रदान गर्ने सिंचाइ, खानेपानी, मत्स्य उत्पादन, र जलजन्य पर्यटनजस्ता सेवाहरूमा गिरावट आएको छ। साथै, बाढी नियन्त्रण जस्ता प्राकृतिक विपदबाट जोगाउने क्षमतामा पनि कमी आएको छ, जसले वातावरणीय तथा सामाजिक दुवै पक्षमा चुनौती उत्पन्न गरेको छ।

### वनजङ्गल पारिस्थितिकिय प्रणालीको संकटासन्नता तथा जोखिम विश्लेषण

रामारोशन गाउँपालिकामा जलवायु परिवर्तनका प्रभावहरू तथा संभावित जोखिमहरूले वनको अवस्था र जैविक विविधतामा पारिरहेको असरको पहिचान गर्न सहभागी मूल्यांकन विधि अपनाइएको थियो। समुहगत छलफल र अन्तरक्रियामार्फत स्थानीय समुदाय, वन उपभोक्ता समूह र सरोकारवालाबाट प्रत्यक्ष जानकारी संकलन गरिएको थियो। प्राप्त जानकारीका आधारमा पत्ता लगाइएका जोखिमहरूलाई उच्च (३), मध्यम (२) र न्यून (१) गरी वर्गीकृत गर्दै विश्लेषण गरिएको थियो। विश्लेषणमा वनस्पति प्रजातिमा आएको परिवर्तन, जीवजन्तु प्रजातिको सङ्ख्यात्मक वा गुणात्मक ह्रास, वन क्षेत्रको अवस्था र वन पारिस्थितिकीय प्रणालीले प्रदान गर्ने सेवाहरू (जस्तै पानीको स्रोत संरक्षण, बोटबिरुवाको आवरण, जडीबुटी उत्पादन आदि) मा आएको परिवर्तनलाई समेटिएको थियो। यसले जलवायु परिवर्तनका कारण वन प्रणाली असन्तुलित हुँदै गएको, जैविक विविधता घट्दो अवस्थामा रहेको, र दीर्घकालीन वन स्रोत संरक्षणका लागि रणनीतिक योजना आवश्यक भएको स्पष्ट संकेत दिएको छ।

*तालिका ५२: वनजङ्गल पारिस्थितिकिय प्रणालीको संकटासन्नता तथा जोखिम*

| जोखिम | अत्यधिक वर्षा | खडेरी | बाढी | पहिरो | आगलागी | हुरीबतास | चट्याङ | असिना | महामारी | बाली रोग/किरा | पशु रोग | औषत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वनस्पति (बोटबिरुवा) प्रजातिमा परिवर्तन | १ | २ | २ | ३ | २ | १ | १ | १ | | | | १.१८ |

| जोखिम | अत्यधिक वर्षा | खडेरी | बाढी | पहिरो | आगलागी | हुरीबतास | चट्याङ | असिना | महामारी | बाली रोग/किरा | पशु रोग | औषत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वन्यजन्तु तथा जीवजन्तु प्रजातिमा परिवर्तन | १ | २ | २ | ३ | १ | १ | १ | १ | | | | १.०९ |
| वनको अवस्था तथा गुणस्तरमा गिरावट | १ | १ | २ | ३ | ३ | १ | १ | १ | | | | १.१८ |
| वन क्षेत्रको भौगोलिक संरचना तथा जैविक संयोजनमा परिवर्तन | १ | १ | २ | ३ | ३ | १ | १ | १ | | | | १.१८ |
| वन पारिस्थितिकीय सेवाहरूमा गिरावट | २ | २ | २ | ३ | ३ | २ | २ | २ | | | | १.६३ |
| **जम्मा** | ६ | ८ | १० | १५ | १२ | ६ | ६ | ६ | ० | ० | ० | ६.२६ |

वनका पारिस्थितिकीय प्रणालीहरू जैविक विविधता, जल, माटो, र वातावरणको सन्तुलन कायम राख्ने महत्वपूर्ण प्रणाली हुन्, तर पछिल्लो समय यी प्रणालीमा विविध जोखिमहरू देखा परेका छन्। जलबायु परिवर्तन, मानवीय अतिक्रमण, र जैविक हस्तक्षेपका कारण वनस्पति प्रजातिमा परिवर्तन भइरहेको छ, जसले स्थानीय प्रजातिको नाश वा बसाइँसराइ गराउने अवस्था सिर्जना गरेको छ। साथै, गैरदेशीय र आक्रामक प्रजातिको तीव्र प्रसारले मौलिक वन संरचना अस्थिर बनाएको छ। बोटबिरुवाको वृद्धिदर र बीउ उत्पादनमा कमी आउँदा वनको पुनर्जनन प्रक्रियामा अवरोध पुगेको छ।

त्यस्तै, वन्यजन्तु प्रजातिमा परिवर्तन, बासस्थानको क्षति, र खाद्य शृंखलाको असन्तुलनले जीवजन्तुहरूको संख्या घट्दै गएको छ। रूख काट्ने, आगलागी, चरन दबाब, र कीट प्रकोपजस्ता कारणले वनको अवस्था र गुणस्तरमा गिरावट आएको छ, जसले माटोको पोषण तत्त्वमा ह्रास र क्षरण निम्त्याएको छ। वन क्षेत्रको भौगोलिक र जैविक संरचनामा आएको परिवर्तन तथा एकै जातको अत्याधिक विस्तारले (Mono-Dominance) जैविक विविधताको सन्तुलन बिगारिरहेको छ। परिणामस्वरूप, पानी स्रोतको संरक्षण, कार्बन सञ्चय, जडीबुटी उत्पादन, जलवायु सन्तुलन र फोहोर शोषणजस्ता वन

पारिस्थितिकीय सेवाहरूमा गिरावट आएको छ। यसले सामुदायिक जीविकोपार्जन र संस्कृति संरक्षणमा समेत नकारात्मक प्रभाव पारिरहेको छ।

### पारिस्थितिकय प्रणालीमा परेको तुलनात्मक रुपमा जोखिम विश्लेषण

पारिस्थितिकीय प्रणालीमा पर्ने तुलनात्मक रूपमा जोखिम विश्लेषणको उद्देश्य विभिन्न प्रणालीहरू, जस्तै कृषि, जल, र वनमा देखिने जोखिमहरूको पहिचान, तुलना र प्राथमिकता निर्धारण गर्नु हुन्छ, ताकि दीगो समाधान र नीतिगत हस्तक्षेपको आधार तयार गर्न सकियोस । यस विश्लेषणमार्फत कुन प्रणाली कति जोखिममा रहन्छ भन्ने थाहा पाइने छ, जसले स्रोत व्यवस्थापन र अनुकूलन रणनीति निर्माणमा मार्गदर्शन गर्दै जानेछ। विश्लेषण गरिएका सूचकहरूलाई सरोकारवालाहरूबाट संकलन गरिने मूल्याङ्कनको आधारमा अंक प्रदान गरी ती अंकहरूलाई समष्टिगत रूपमा संकलन गरी जम्मा अंक र औसत अंक निर्धारण पछि ती मानहरूको तुलनाबाट प्रणालीहरूबीचको जोखिमको निम्नानुसार स्तर स्पष्ट पारिएको छ, जसले नीतिगत निर्णयमा निरन्तर सहायता पुऱ्याउने छ।

*तालिका ५३: पारिस्थितिकय प्रणालीहरुको तुलनात्मक जोखिम*

| क्र.सं. | पारिस्थितिकीय प्रणाली | जम्मा अंक | औशत अंक |
|---|---|---|---|
| १ | कृषि पारिस्थितिकीय प्रणाली | ७१ | ६.४२ |
| २ | जल पारिस्थितिकीय प्रणाली | ५५ | ४.९९ |
| ३ | वनका पारिस्थितिकीय प्रणाली | ६९ | ६.२६ |

उपरोक्त तुलनात्मक विश्लेषणले देखाउँछ कि तीनवटै पारिस्थितिकीय प्रणालीहरू — कृषि, जल, र वन — जोखिमको चपेटामा परेका छन्, तर ती जोखिमको स्तरमा केही भिन्नता देखिन्छ। प्राप्त तथ्यांकअनुसार, कृषि पारिस्थितिकीय प्रणालीमा सबैभन्दा उच्च जोखिम रहेको छ, जहाँ जम्मा अंक ७१ र औसत अंक ६.४२ पाइन्छ। यसले देखाउँछ कि जलवायु परिवर्तन, माटो क्षरण, सिँचाइ अस्थिरता, र बाली सम्बन्धी समस्याहरूले कृषि प्रणालीलाई गहिरो रूपमा असर गरिरहेका छन्। वन पारिस्थितिकीय प्रणाली पनि त्यस्तै उच्च जोखिममा देखिन्छ, जम्मा अंक ६९ र औसत ६.२६ रहेको छ, जसले वनस्पति र वन्यजन्तुमा परिवर्तन, मानवीय अतिक्रमण, र जैविक विविधताको ह्रासजस्ता समस्याहरूलाई संकेत गर्छ। तुलनात्मक रूपमा जल पारिस्थितिकीय प्रणालीको जोखिम स्तर केही कम देखिन्छ, जसको जम्मा अंक ५५ र औसत ४.९९ रहेको छ, तर यो पनि महत्त्वपूर्ण चुनौतीहरूसँग जुधिरहेको छ जस्तै पानीको गुणस्तरमा गिरावट, जैविक असन्तुलन, र जल स्रोतको अनियमितता आदि।

# परिच्छेद चार – जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका रणनीतिहरुको पहिचान

## ४.१. अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन योजना

रामारोशन गाउँपालिका जलवायुजन्य विविध प्रकोपहरूबाट प्रभावित हुँदै आएको छ, जसले प्राकृतिक, भौतिक, आर्थिक, मानवीय र सामाजिक स्रोतहरूमा प्रत्यक्ष असर पारिरहेको छ। खडेरीको कारण खेती प्रणालीमा परिवर्तन, पानीका मुहान सुक्दै जानु, तथा महिलाको कार्यबोझ बढ्न पुगेको छ। समुदायले खानेपानी स्रोत संरक्षण, नयाँ जातको खेती, वर्षा पानीको संकलनजस्ता उपायहरू अपनाए तापनि ती स्थायी र पर्याप्त छैनन्। रोगकिरा प्रकोपले तरकारी, फलफूल, वनस्पति र पशुमा नयाँ रोग फैलिन थालेको छ। किटनाशक औषधि प्रयोग गरिए पनि समस्या समाधान भएका छैनन्, र दीगो समाधानका लागि जैविक उपाय र प्राविधिक चेतना आवश्यक छ। मिचाहा प्रजातिहरूले माटोको गुणस्तरमा ह्रास, वन तथा घाँसपातमा असर र पशुपालनमा ह्रास ल्याएको छ; केही हदसम्मको नियन्त्रण प्रयास भए तापनि दिगोपनाको अभाव छ।

पहिरोले कृषि, वन, सडक र घरहरूमा क्षति पुऱ्याएको छ, जस्का लागि वृक्षारोपण, तटबन्धन तथा साना पहिरो नियन्त्रण प्रयास भए पनि पर्याप्त छैनन्। वन्यजन्तुको आक्रमणबाट खेती र पशुपालनमा असर हुँदा कृषिमा वितृष्णा बढेको छ, र अहिलेको प्रतिक्रिया उपायहरू अपूरक छन्। हावाहुरी, आगलागी र असिनाबाट कृषिलाई ठुलो क्षति पुगेको छ, र टनेल तथा गुम्च खेती, अग्नि रेखा सफा जस्ता अभ्यासले केही मात्रमा काम गरे पनि दीगो समाधान छैन।

बाढीले खेतबारी, कुलो, भौतिक संरचना, खानेपानी स्रोतमा असर पुऱ्याएको छ। तटबन्ध र कुलो मर्मतले केही राहत दिएको भए पनि थप कार्य आवश्यक छ। चट्याङ्गको घटनाले मानव र विद्युतीय उपकरणमा क्षति पुऱ्याएको छ भने, सावधानीका उपायहरू अपनाइए पनि प्रभावकारी छैनन्। यी सबै प्रकोपका सन्दर्भमा दीगो अनुकूलनका लागि सामुदायिक जागरुकता, पूर्वसूचना प्रणाली, पूर्वाधारको सुदृढीकरण, जैविक उपायहरूको प्रवर्द्धन र स्थानीय स्रोतमा आधारित दीगो योजना आवश्यक देखिन्छ।

रामारोशन गाउँपालिकामा देखिएका विभिन्न विपद् जोखिमहरू र जलवायु परिवर्तनका असरहरूलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्दै सुरक्षित र सहज जीवनयापन सुनिश्चित गर्ने अवस्था सिर्जना गर्नु यस प्रक्राको मुख्य उद्देश्य हो। यसका लागि स्थानीय आवश्यकताका आधारमा अल्पकालीन र दीर्घकालीन अनुकूलन रणनीतिहरू अपनाइन सक्नेछ। यिनै रणनीति र उपायहरूलाई व्यवहारमा उतार्न गाउँपालिकाले तयार पारेको जलवायु परिवर्तन अनुकूलन कार्ययोजना सबै सरोकारवालाहरूको सहकार्य र सहभागितामार्फत कार्यान्वयन गरिनेछ।

*तालिका ५४: जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका रणनीतिहरुको पहिचान*

| प्रकोपहरू | प्रभावित जीविकोपार्जनका स्रोतहरू | प्रकोपका असरहरू | समुदायले अपनाएका जुध्ने उपायहरू | के ती उपायहरूले काम गरेका छन् ? | के ती उपायहरू दिगो छन् ? | वैकल्पिक अनुकूलन तथा विपद् जोखिम न्यूनिकरणका उपायहरू |
|---|---|---|---|---|---|---|
| अत्यधिक वर्षा | प्राकृतीक, भौतिक, आर्थिक | बाली नष्ट, घर र बाटोमा क्षति, जमिन कटान | नाली सफा गर्ने, अस्थायी रोकथाम बाँध | सीमित छन् | सीमित/अलि अलि छन् | पहिरो रोकथामको लागि जैविक प्रविधि, दिगो भौतिक संरचना निर्माण |
| खडेरी | प्राकृति, भौतिक, आर्थिक, मानवीय, सामाजिक | उत्पादनमा कमी, मुहान सुक्ने, संरचना अव्यवस्थित, महिलामा कार्यभार, रोजगारीमा असर | पानी संरक्षण, नयाँ जाति, पानी संकलन, वन संरक्षण | सीमित | सीमित | वृक्षारोपण, संरक्षण पोखरी, रिचार्ज पोखरी, थोपा सिञ्चाइ, लिफ्ट सिञ्चाइ, आकाशे पानी संकलन |
| बाढी | प्राकृति, भौतिक, आर्थिक, मानवीय, सामाजिक | खेत/सडक/पुलमा असर, माटो गुणस्तरमा ह्रास | तटबन्धन, कुलो मर्मत | सीमित | सीमित | जैविक तटबन्धन, पूर्व-सूचना प्रणाली, जोखिम आँकलनसहितको पूर्व संरचना निर्माण |
| पहिरो | प्राकृति, भौतिक, आर्थिक, मानवीय, सामाजिक | घर, कुलो, सडकमा क्षति, वन क्षेत्रमा असर | तटबन्धन, वृक्षारोपण, कुलो मर्मत | छैन | छैन | जैविक तटबन्धन, भल कटान, सानो पहिरो नियन्त्रण, दिगो सडक निर्माण |
| आगलागी | प्राकृति, भौतिक, आर्थिक, मानवीय, सामाजिक | वनको गुणस्तरमा ह्रास, प्रदूषण, स्वास्थ्यमा असर | अग्नी रेखा सफाइ, डढेलो निभाउने प्रयास | सीमित | छैन | जनचेतना, नियमीत सफाइ, कारबाही, डढेलो नियन्त्रण योजना, उपकरण सहयोग |

| प्रकोपहरू | प्रभावित जीविकोपार्जनका स्रोतहरू | प्रकोपका असरहरू | समुदायले अपनाएका जुध्ने उपायहरू | के ती उपायहरूले काम गरेका छन् ? | के ती उपायहरू दिगो छन् ? | वैकल्पिक अनुकूलन तथा विपद् जोखिम न्यूनिकरणका उपायहरू |
|---|---|---|---|---|---|---|
| हुरीबतास | प्राकृति, भौतिक, आर्थिक, मानवीय, सामाजिक | बाली/घर/विद्यालयमा असर, आर्थिक भार | छाना मजबुत बनाउने | सीमित | सीमित | संरचना मजबुत बनाउने, बस्ती नजिक प्रतिक्षालय निर्माण |
| चट्याङ | प्राकृति, भौतिक, आर्थिक, मानवीय, सामाजिक | जनधनको क्षति, विद्युतीय उपकरण क्षति | अर्थिङ्ग, सतर्कता | छैन | छैन | जनचेतना, अर्थिङ्ग अनिवार्य, होर्डिङ बोर्ड स्थापना |
| असिना | प्राकृति, भौतिक, आर्थिक, मानवीय | बाली/घरमा क्षति, उत्पादनमा कमी | टनेल खेती, गुम्च खेती | सीमित | सीमित | जालीको प्रयोग, बिमा कार्यक्रम, उन्नत प्रविधि प्रयोग |
| महामारी | प्राकृति, भौतिक, आर्थिक, मानवीय, सामाजिक | रोजगारीमा असर, स्वास्थ्य जोखिम | स्वास्थ्य सतर्कता, टोल स्तरीय प्रयास | सीमित | सीमित | स्वास्थ्य केन्द्र सुदृढीकरण, आपतकालीन तयारी, आय आर्जन कार्यक्रम |
| बाली रोग/किरा | प्राकृति, भौतिक, आर्थिक, मानवीय, सामाजिक | तरकारी/फलफूलमा असर, पशु/मानव स्वास्थ्यमा असर | कीटनाशक औषधी प्रयोग | सीमित | छैन | जैविक विषादी तालिम, उन्नत बिउ सहयोग, कृषिबाली बीमा, एग्रोभेट सञ्चालन |

| प्रकोपहरू | प्रभावित जीविकोपार्जनका स्रोतहरू | प्रकोपका असरहरू | समुदायले अपनाएका जुध्ने उपायहरू | के ती उपायहरूले काम गरेका छन् ? | के ती उपायहरू दिगो छन् ? | वैकल्पिक अनुकूलन तथा विपद् जोखिम न्यूनिकरणका उपायहरू |
|---|---|---|---|---|---|---|
| मिचाहा प्रजाती | प्राकृति, भौतिक, आर्थिक, मानवीय, सामाजिक | उत्पादनमा ह्रास, चरन क्षेत्र क्षय, वनको गुणस्तर घटाउने | कम्पोष्ट मल, उखेल्ने प्रयास | सीमित | छैन | जैविक मल, वायो ब्रिकेट, वन व्यवस्थापन, निरन्तर गोडमेल |
| वन्यजन्तु आतंक | प्राकृति, भौतिक, आर्थिक, मानवीय, सामाजिक | बाली/पशुपालनमा क्षति, कृषिमा वितृष्णा | खेतबालीमा परिवर्तन, वन्यजन्तु धपाउने प्रयास | सीमित | छैन | पशु बिमा, कानुनी सचेतना, राहत व्यवस्था, खोर निर्माण, गोठ सुधार |
| पशु रोग | आर्थिक, सामाजिक | पशु मृत्यु, आम्दानीमा गिरावट | खोप, औषधोपचार | छन् | सीमित छन् | नियमित खोप कार्यक्रम, पशु स्वास्थ्य सेवा सुधार |

## ४.२. अनुकुलन तथा जोखिम न्युनीकरणका कार्यहरूको प्राथमिकीकरण

रामारोशन गाउँपालिकामा जलवायु परिवर्तनका प्रभावहरू तीव्र रुपमा देखापरेका छन् । बाढी, पहिरो, खडेरी, डढेलो, असिनापात, अत्यधिक वर्षा र असमय वर्षा जस्ता प्रकोपहरूका कारण कृषिजन्य उत्पादनमा गिरावट, खानेपानीको संकट, सिँचाइ अभाव, भौतिक संरचनामा क्षति, र सामाजिक-आर्थिक असुरक्षा जस्ता विविध समस्या देखिएका छन् । यस्ता जोखिम र तिनका प्रभावहरूलाई मध्यनजर गर्दै, लाभ लागत अनुपात, लाभान्वित वर्गहरू, र कार्यान्वयनको व्यवहारिकतामा आधारित रहेर गाउँपालिकाले अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका उपायहरूको प्राथमिकीकरण तय गरेको छ ।

प्राथमिकीकरणको प्रक्रिया प्रभावकारिता, खर्चको मितव्ययिता, सम्भाव्यता तथा महिलाप्रति संवेदनशीलता जस्ता मापदण्डहरूमा आधारित छ । हरेक मापदण्डमा १ देखि ३ सम्मको अङ्क प्रदान गरिएको छ । जहाँः

अनुकूलन कार्यहरूको प्राथमिकिकरण प्रक्रियामा पहिचान गरिएका जलवायुजन्य जोखिम तथा प्रकोपहरूको प्रभाव, तिनको सामाजिक—आर्थिक असर, र समुदायमा पर्ने लाभ-लागत अनुपातको आधारमा विश्लेषण गरिएको छ। यस विश्लेषणमा प्रभावकारिता, खर्चको मितव्ययिता, सम्भाव्यता, लक्षित समूहको पहुँच, र लैङ्गिक संवेदनशीलता जस्ता सूचकहरूलाई मापनका आधार बनाइएको छ। प्रत्येक सूचकमा अङ्क १ देखि ३ सम्म निर्धारण गरिएको छ, जहाँ अङ्क १ ले न्यून प्रभाव वा कमजोरी जनाउँछ भने अङ्क ३ ले उच्च प्रभावकारिता वा समावेशीपनलाई जनाउँछ।

- प्रभावकारितामा कार्यले जोखिम न्यूनीकरणमा कत्तिको प्रभाव पार्दछ भनेर मूल्याङ्कन गरिएको (१-३),
- खर्चको मितव्ययितामा कम लागत लाग्ने उपायलाई उच्च अङ्क (३) र धेरै खर्चिलो उपायलाई न्यून अङ्क (१) दिइएको,
- सम्भाव्यताले कार्यान्वयनको व्यवहारिक सम्भावनालाई जनाउँछ, जहाँ उच्च सम्भाव्यता भएका उपायलाई उच्च अङ्क दिइएको,
- लक्षित समूह सूचकले योजना कति धेरै प्रभावित वर्ग वा समुदायमा लक्षित छ भन्ने निर्धारण गर्दछ, बढी समेटिने उपायलाई उच्च अङ्क (३) दिइएको,
- लैङ्गिक संवेदनशीलतामा महिलालक्षित वा लैङ्गिक समावेशी उपायहरूलाई प्राथमिकता दिइएको।

यी सबै सूचकहरूको संयुक्त अङ्कको आधारमा प्रत्येक उपायको कुल प्राप्तांकको आधारमा तिनलाई निम्न तीन श्रेणीमा वर्गीकृत गरिएको छ :

- १४-१५ अङ्क : तत्काल र अत्यावश्यक रूपमा कार्यान्वयन गर्नुपर्ने उपायहरू (प्रथम श्रेणी),
- १२-१३ अङ्क : उच्च आवश्यकताका उपायहरू, मध्यमकालीन रणनीतिमा समेटिने (द्वितीय श्रेणी),
- ११ वा सोभन्दा कम अङ्क : आवश्यक उपायहरू, दीर्घकालीन योजना अन्तर्गत कार्यान्वयन हुने (तृतीय श्रेणी) ।

यस प्रक्रियाले स्रोतको उचित परिचालन, दीगो विकास सुनिश्चितता, र जलवायु अनुकूलनका कार्यहरूलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न टेवा पुऱ्याउने विश्वास लिइएको छ। यस प्राथमिकिकरण विधिबाट रामारोशन गाउँपालिकाको जोखिम न्यूनीकरण र जलवायु अनुकूलन रणनीतिहरूलाई व्यवहारिक, समावेशी र दीगो बनाउने अपेक्षा गरिएको छ। यसले स्रोत परिचालनको प्राथमिकता निर्धारण गर्न, परियोजना छनोटमा मार्गदर्शन गर्न र समुदायको दिगो विकासमा योगदान पुर्याउनेछ ।

*तालिका ५५: जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण योजनाहरुको प्रथमिकिकरण*

| SN | अनुकूलन उपायहरू | प्रभावकारिता (क) | खर्चको मितव्ययिता (ख) | सम्भाव्यता (ग) | लक्षित समूह (घ) | लैंगिक संवेदनशीलता (ङ) | जम्मा (क+ख+ग+घ+ङ) | प्राथमिकिकरण |
|---|---|---|---|---|---|---|---|---|
| अत्यधिक वर्षा | | | | | | | | |
| १ | पहिरो न्यूनीकरण संरचना निर्माण | ३ | १ | २ | २ | २ | १० | तृतीय |
| २ | वर्षातको पानीको उचित निकास व्यवस्थापन | २ | ३ | ३ | ३ | १ | १२ | द्वितीय |
| ३ | टेरेसिङ (Terracing) प्रविधिको प्रयोग | २ | ३ | ३ | ३ | २ | १३ | द्वितीय |
| ४ | भू-संरक्षण बाली रोपण | २ | ३ | २ | ३ | ३ | १३ | द्वितीय |
| ५ | उचाइयुक्त र सुरक्षित बासस्थान विकास | २ | २ | २ | २ | ३ | ११ | तृतीय |
| ६ | बाढी र पहिरो जोखिम नक्शा तथा योजना बनाउने | ३ | २ | १ | २ | ३ | ११ | तृतीय |
| ७ | खेतीमा बहुवैकल्पिक बाली प्रणाली | ३ | ३ | २ | ३ | ३ | १४ | प्रथम |
| ८ | सडक तथा पूर्वाधारको जल-निरोधी डिजाइन | ३ | १ | २ | २ | २ | १० | तृतीय |
| ९ | स्थानीय चेतना तथा पूर्व सूचना प्रणाली विकास | ३ | १ | १ | २ | ३ | १० | तृतीय |
| १० | विपद् बीमा प्रणाली प्रवर्द्धन | ३ | १ | २ | २ | २ | १० | तृतीय |
| | | | | | | | | |
| खडेरी | | | | | | | | |
| १ | सुख्खा सहन सक्ने प्रजातीहरु लगाउने | ३ | २ | २ | २ | ३ | १२ | द्वितीय |

| SN | अनुकूलन उपायहरू | प्रभावकारिता (क) | खर्चको मितव्ययिता (ख) | सम्भाव्यता (ग) | लक्षित समूह (घ) | लैंगिक संवेदनशीलता (ङ) | जम्मा (क+ख+ग+घ+ङ) | प्राथमिकिकरण |
|---|---|---|---|---|---|---|---|---|
| २ | आकाशे पानी संकलन | २ | ३ | ३ | २ | ३ | १३ | द्वितीय |
| ३ | सिँचाई पोखरी निर्माण | ३ | १ | ३ | ३ | ३ | १३ | द्वितीय |
| ४ | संरक्षण पोखरी तथा रिचार्ज पोखरी निर्माण | ३ | १ | ३ | ३ | ३ | १३ | द्वितीय |
| ५ | वृक्षारोपण | ३ | ३ | ३ | ३ | २ | १४ | प्रथम |
| ६ | पानीको मुहान मर्मत तथा संरक्षण | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |
| ७ | सिँचाई कुलो निर्माण तथा मर्मत | ३ | २ | २ | ३ | ३ | १३ | द्वितीय |
| ८ | नया खानेपानी योजना | ३ | १ | २ | ३ | ३ | १२ | द्वितीय |
| ९ | खानेपानी लाइन मर्मत | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |
| १० | थोपा सिँचाई प्रविधिमा सहयोग | २ | २ | ३ | ३ | २ | १२ | द्वितीय |
| ११ | लिफ्टिङ सिँचाई योजना | ३ | १ | २ | २ | २ | १० | तृतीय |
| १२ | लिफ्टिङ खानेपानी योजना | ३ | १ | २ | २ | २ | १० | तृतीय |
| १३ | जुठेल्नो सुधार कार्यक्रम | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |
| १४ | पानी बचत सचेतना अभियान | १ | ३ | २ | ३ | ३ | १२ | द्वितीय |
| १५ | सूचना प्रणाली विकास | ३ | १ | २ | ३ | १ | १० | तृतीय |
| १६ | बहु उपयोगी जल स्रोत प्रणाली (MUS) | ३ | १ | २ | ३ | २ | ११ | तृतीय |
| १७ | कृषिमा मल्चिङ प्रविधि | २ | ३ | ३ | ३ | ३ | १४ | प्रथम |

| SN | अनुकूलन उपायहरू | प्रभावकारिता (क) | खर्चको मितव्ययिता (ख) | सम्भाव्यता (ग) | लक्षित समूह (घ) | लैंगिक संवेदनशीलता (ङ) | जम्मा (क+ख+ग+घ+ङ) | प्राथमिकिकरण |
|---|---|---|---|---|---|---|---|---|
| १८ | कृषि बीमा | २ | १ | ३ | ३ | ३ | १२ | द्वितीय |
| | | | | | | | | |
| बाढी | | | | | | | | |
| १ | जैविक तटबन्धन | २ | २ | २ | ३ | ३ | १२ | द्वितीय |
| २ | वृक्षारोपण | ३ | ३ | ३ | ३ | २ | १४ | प्रथम |
| ३ | भल कटान | २ | ३ | ३ | ३ | ३ | १४ | प्रथम |
| ४ | सिँचाइ कुलो मर्मत | ३ | ३ | २ | ३ | ३ | १४ | प्रथम |
| ५ | सडकहरूमा नालीको उचित व्यवस्थापन | २ | ३ | ३ | ३ | ३ | १४ | प्रथम |
| ६ | भौतिक संरचना बनाउनुअघि जोखिम मूल्याङ्कन | २ | २ | ३ | ३ | ३ | १३ | द्वितीय |
| ७ | बाढी पूर्वानुमान तथा सूचना प्रणाली | ३ | १ | २ | ३ | ३ | १२ | द्वितीय |
| ८ | बाढीबाट प्रभावित हुने घरहरूलाई उच्च आधारमा सार्ने कार्यक्रम | १ | १ | २ | ३ | ३ | १० | तृतीय |
| ९ | सुरक्षित बासस्थान पहिचान र पूर्वतयारी | ३ | १ | २ | ३ | ३ | १२ | द्वितीय |
| १० | बाढी प्रतिरोधी कृषि प्रणाली | २ | २ | २ | ३ | ३ | १२ | द्वितीय |
| ११ | स्थानीय बाढी आपतकालीन समिति गठन | २ | २ | २ | ३ | ३ | १२ | द्वितीय |
| १२ | बाढी क्षति बीमा प्रणालीमा पहुँच | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |
| | | | | | | | | |

| SN | अनुकूलन उपायहरू | प्रभावकारिता (क) | खर्चको मितव्ययिता (ख) | सम्भाव्यता (ग) | लक्षित समूह (घ) | लैंगिक संवेदनशीलता (ङ) | जम्मा (क+ख+ग+घ+ङ) | प्राथमिकिकरण |
|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | | | | | | |
| १ | पहिरो नियन्त्रणका लागि तटबन्ध | ३ | १ | २ | २ | २ | १० | तृतीय |
| २ | जैविक तटबन्धन | २ | २ | २ | ३ | ३ | १२ | द्वितीय |
| ३ | Retaining Wall का माध्यमबाट पहिरो नियन्त्रण | ३ | १ | १ | ३ | ३ | ११ | तृतीय |
| ४ | पहिरोको जोखिम हुन सक्ने क्षेत्रहरू तथा पहिरो क्षेत्रहरूमा वृक्षारोपण | २ | ३ | २ | ३ | ३ | १३ | द्वितीय |
| ५ | भल कटान गर्ने | २ | ३ | ३ | ३ | ३ | १४ | प्रथम |
| ६ | स्थानीय स्रोत साधन प्रयोग गरेर पहिरो नियन्त्रण | २ | २ | २ | ३ | ३ | १२ | द्वितीय |
| ७ | कम खर्चिला भू संरक्षण प्रविधि सम्बन्धी तालिम | २ | २ | २ | ३ | ३ | १२ | द्वितीय |
| ८ | पहिरो जोखिम नक्साङ्कन तथा निगरानी प्रणाली विकास | ३ | १ | १ | ३ | ३ | ११ | तृतीय |
| ९ | स्थानीय आपतकालीन पूर्वतयारी समूह गठन | २ | ३ | २ | ३ | ३ | १३ | द्वितीय |
| १० | पूर्वचेतावनी प्रणाली (Early Warning System) | २ | १ | १ | ३ | ३ | १० | तृतीय |
| ११ | जग्गा उपयोग योजना (Land Use Plan) | २ | २ | ३ | ३ | ३ | १३ | द्वितीय |
| १२ | सामुदायिक श्रमद्वारा संरक्षण कार्य | ३ | १ | १ | ३ | ३ | ११ | तृतीय |
| १३ | विद्यालयमा विपद् शिक्षाको समावेशीकरण | ३ | १ | १ | ३ | ३ | ११ | तृतीय |
| १४ | पुनर्वास योजना | १ | १ | २ | ३ | ३ | १० | तृतीय |
| | | | | | | | | |

| SN | अनुकूलन उपायहरू | प्रभावकारिता (क) | खर्चको मितव्ययिता (ख) | सम्भाव्यता (ग) | लक्षित समूह (घ) | लैंगिक संवेदनशीलता (ङ) | जम्मा (क+ख+ग+घ+ङ) | प्राथमिकिकरण |
|---|---|---|---|---|---|---|---|---|
| वन्यजन्तु आतंक | | | | | | | | |
| १ | वनमा फलफूलका बिरुवा रोपण | १ | २ | २ | ३ | ३ | ११ | तृतीय |
| २ | कृषि बाली बीमा | २ | २ | ३ | ३ | ३ | १३ | द्वितीय |
| ३ | पशु बीमा | २ | २ | ३ | ३ | ३ | १३ | द्वितीय |
| ४ | गोठ सुधार कार्यक्रम | २ | २ | ३ | ३ | ३ | १३ | द्वितीय |
| ५ | वन्यजन्तुका क्षतीका लागि स्थानीय राहत व्यवस्था | १ | १ | ३ | ३ | ३ | ११ | तृतीय |
| ६ | मानव-वन्यजन्तु द्वन्द्व सम्बन्धि कानुनी अभिमुखीकरण | २ | ३ | १ | ३ | ३ | १२ | द्वितीय |
| ७ | वन्यजन्तुका वासस्थानको उचित व्यवस्थापन | ३ | १ | १ | ३ | ३ | ११ | तृतीय |
| ८ | पक्की खोर निर्माणका लागि सहयोग | १ | १ | १ | ३ | ३ | ९ | तृतीय |
| ९ | सौर्य बत्ती वा एलईडी बत्ती जडान | २ | १ | २ | ३ | ३ | ११ | तृतीय |
| १० | बिजुली तार/जाली बार (Electric or Mesh Fencing) | ३ | १ | २ | ३ | ३ | १२ | द्वितीय |
| ११ | सामुदायिक वन्यजन्तु सतर्कता समूह गठन | २ | ३ | ३ | २ | ३ | १३ | द्वितीय |
| १२ | सजगता र ध्वनि प्रणाली प्रयोग | २ | १ | ३ | ३ | ३ | १२ | द्वितीय |
| १३ | समान्तर बाली प्रणाली (Buffer crops) | २ | २ | २ | ३ | ३ | १२ | द्वितीय |
| १४ | GPS आधारित ट्र्याकिङ (यदि सम्भव छ भने) | ३ | १ | १ | ३ | २ | १० | तृतीय |
| १५ | वन्यजन्तु संग सम्बन्धित स्थानीय नीति निर्माण | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |

| SN | अनुकूलन उपायहरू | प्रभावकारिता (क) | खर्चको मितव्ययिता (ख) | सम्भाव्यता (ग) | लक्षित समूह (घ) | लैंगिक संवेदनशीलता (ङ) | जम्मा (क+ख+ग+घ+ङ) | प्राथमिकिकरण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| आगलागी तथा बन डढेलो | | | | | | | | |
| १ | वन डढेलो सम्बन्धि जनचेतना (समुदाय तथा विद्यालय स्तरमा) | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |
| २ | सडक तथा खोला खोल्सा लाई प्राकृत अग्नि रेखा बनाउन सरसफाइ | ३ | ३ | २ | ३ | ३ | १४ | प्रथम |
| ३ | डढेलो लगाउने व्यक्तिको पहिचान र कारबाही | २ | ३ | १ | ३ | ३ | १२ | द्वितीय |
| ४ | सचेतना बोर्ड/होर्डिङ बोर्ड राख्ने | २ | ३ | २ | ३ | ३ | १३ | द्वितीय |
| ५ | सामुदायिक वन सञ्जालमार्फत छलफल तथा योजना | ३ | ४ | ५ | ६ | ७ | २५ | प्रथम |
| ६ | सामुदायिक वनमा अग्नि नियन्त्रणका साधनहरू उपलब्ध गराउने | २ | १ | २ | ३ | ३ | ११ | तृतीय |
| ७ | डढेलोको जोखिम नक्साङ्कन र वर्गीकरण | ३ | १ | २ | ३ | ३ | १२ | द्वितीय |
| ८ | डढेलो अनुगमन तथा प्रारम्भिक सूचना प्रणाली (Early Detection System) | ३ | १ | २ | ३ | ३ | १२ | द्वितीय |
| ९ | डढेलो प्रतिकार्य अभ्यास (Mock Drill) | ३ | २ | २ | ३ | ३ | १३ | द्वितीय |
| १० | स्वयंसेवक अग्नि नियन्त्रण समूह गठन | २ | २ | २ | ३ | ३ | १२ | द्वितीय |
| ११ | सामुदायिक बीमा कोष स्थापनाको पहल | २ | २ | २ | ३ | ३ | १२ | द्वितीय |
| १२ | डढेलो रोक्ने प्राकृतिक प्रविधिको प्रयोग | २ | २ | २ | ३ | ३ | १२ | द्वितीय |
| १३ | ग्रामिण भान्साघरमा सुरक्षित चुलो प्रवर्द्धन | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |
| १४ | पशुचरन नियमन | ३ | ३ | २ | ३ | ३ | १४ | प्रथम |

| SN | अनुकूलन उपायहरू | प्रभावकारिता (क) | खर्चको मितव्ययिता (ख) | सम्भाव्यता (ग) | लक्षित समूह (घ) | लैंगिक संवेदनशीलता (ङ) | जम्मा (क+ख+ग+घ+ङ) | प्राथमिकिकरण |
|---|---|---|---|---|---|---|---|---|
| १५ | आगलागी सम्बन्धि सचेतना | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |
| १६ | विद्युतीय सामाग्री प्रयोग तथा आगलागी सम्बन्धमा सचेतना | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |
| १७ | विद्युतीय वायारिङ को नियमित चेकजाँच र सचेतना | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |
| | | | | | | | | |
| हुरीबतास | | | | | | | | |
| १ | सामुदायिक भवन तथा घरहरू बलिया गरी बनाउन सचेतना तथा सहयोग | २ | २ | २ | ३ | ३ | १२ | द्वितीय |
| २ | नियमित बाटो तर बस्ती नभएका ठाउँमा प्रतिक्षालय बनाउने | ३ | १ | २ | ३ | ३ | १२ | द्वितीय |
| ३ | कृषि वन प्रणाली (Forest Agro System) अपनाउने | २ | १ | ३ | ३ | ३ | १२ | द्वितीय |
| ४ | पूर्वचेतावनी प्रणाली विकास | ३ | १ | १ | २ | ३ | १० | तृतीय |
| ५ | सुरक्षात्मक वृक्षारोपण (Windbreak Plantation) | २ | २ | २ | ३ | ३ | १२ | द्वितीय |
| ६ | फसल संरक्षण संरचना (Crop Shelter) | २ | १ | २ | ३ | ३ | ११ | तृतीय |
| ७ | स्थानीय आपतकालीन प्रतिक्रिया टोली गठन | १ | ३ | ३ | ३ | ३ | १३ | द्वितीय |
| ८ | बीमा कार्यक्रम | २ | २ | ३ | ३ | ३ | १३ | द्वितीय |
| ९ | खुला संरचना सुरक्षित बनाउने तालिम | २ | २ | २ | ३ | ३ | १२ | द्वितीय |
| १० | हावाहुरी प्रभावित संरचना (जस्तैः टिनको छाना) को नियमित मर्मत | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |
| चट्याङ | | | | | | | | |

| SN | अनुकूलन उपायहरू | प्रभावकारिता (क) | खर्चको मितव्ययिता (ख) | सम्भाव्यता (ग) | लक्षित समूह (घ) | लैंगिक संवेदनशीलता (ङ) | जम्मा (क+ख+ग+घ+ङ) | प्राथमिकिकरण |
|---|---|---|---|---|---|---|---|---|
| १ | चटयाङ सम्बन्धी विद्यालय तथा समुदाय स्तरमा चेतनामूलक अभिमुखीकरण कार्यक्रम | ३ | ३ | २ | ३ | ३ | १४ | प्रथम |
| २ | घर/भवनमा अर्थिङ्ग वा लाइटनिङ अरेस्टर अनिवार्य गराउने | ३ | १ | २ | ३ | ३ | १२ | द्वितीय |
| ३ | चटयाङबाट बच्न उपायका बारेमा होर्डिङ्ग बोर्डहरू राख्ने | | | | | | ० | तृतीय |
| ४ | चटयाङ पूर्वानुमान सूचना प्रणाली प्रवर्द्धन | २ | १ | २ | ३ | ३ | ११ | तृतीय |
| ५ | चटयाङ Arrestor जडानका लागि अनुदान/सहयोग | ३ | १ | ३ | ३ | ३ | १३ | द्वितीय |
| ६ | चटयाङ जोखिम नक्साङ्कन | २ | २ | ३ | ३ | ३ | १३ | द्वितीय |
| ७ | सुरक्षित बसोबासको प्रबर्द्धन | ३ | १ | २ | ३ | ३ | १२ | द्वितीय |
| ८ | विद्यालय पाठ्यक्रममा चटयाङ सुरक्षाबारे समावेश | २ | ३ | ३ | ३ | ३ | १४ | प्रथम |
| ९ | सामुदायिक स्वयंसेवक समूह तयार पार्ने | २ | २ | २ | ३ | ३ | १२ | द्वितीय |
| | | | | | | | | |
| असिना | | | | | | | | |
| १ | टनेल खेती | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |
| २ | गुम्च खेती | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |
| ३ | बिशेष खेतीमा असिना छेक्न जालीको प्रयोग | ३ | १ | २ | ३ | ३ | १२ | द्वितीय |
| ४ | बाली बीमा | २ | २ | २ | ३ | ३ | १२ | द्वितीय |
| ५ | असिना पूर्वानुमान र चेतावनी प्रणाली | ३ | १ | १ | २ | ३ | १० | तृतीय |

| SN | अनुकूलन उपायहरू | प्रभावकारिता (क) | खर्चको मितव्ययिता (ख) | सम्भाव्यता (ग) | लक्षित समूह (घ) | लैंगिक संवेदनशीलता (ङ) | जम्मा (क+ख+ग+घ+ङ) | प्राथमिकिकरण |
|---|---|---|---|---|---|---|---|---|
| ६ | कृषक तालिम (संरक्षित खेती प्रणाली) | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |
| ७ | मल्चिङको प्रयोग | २ | ३ | ३ | ३ | ३ | १४ | प्रथम |
| ८ | सिजनअनुसार बाली छनोट | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |
| ९ | संवेदनशील क्षेत्रको नक्साङ्कन | २ | २ | ३ | ३ | ३ | १३ | द्वितीय |
| १० | संवेदनशील किसानहरूको बीमा सहजीकरण | २ | २ | ३ | ३ | ३ | १३ | द्वितीय |
| ११ | संरक्षण खेतीका लागि सहुलियत ऋण वा उपकरण अनुदान | २ | १ | २ | ३ | ३ | ११ | तृतीय |
| | | | | | | | | |
| बालीमा रोग किरा | | | | | | | | |
| १ | रोगकिरा पहिचान तथा नियन्त्रणका लागि प्राविधिक सचेतना कार्यक्रम | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रथम |
| २ | जैविक विषादी तथा झोल मल बनाउन तालिम तथा सामग्री वितरण | २ | ३ | २ | ३ | ३ | १३ | द्वितीय |
| ३ | बाली विविधीकरण तथा मिश्रित बाली लगाउने | २ | ३ | २ | ३ | ३ | १३ | द्वितीय |
| ४ | अगुवा कृषक पहिचान गरी तालिम दिने | २ | ३ | ३ | ३ | ३ | १४ | प्रथम |
| ५ | कृषि तथा पशुपालन सम्बन्धि CTEVT को समन्वयमा विभिन्न प्राविधिक तालिम दिने | २ | ३ | ३ | ३ | ३ | १४ | प्रथम |
| ६ | कृषिबाली बीमा सम्बन्धि अभिमुखीकरण तथा सहयोग | २ | ३ | ३ | ३ | ३ | १४ | प्रथम |
| ७ | वडामा एग्रोभेटहरू सञ्चालनका लागि सहयोग | २ | १ | २ | ३ | ३ | ११ | तृतीय |
| ८ | किटनाशक औषधी तथा रासायनिक मल सहयोग र प्रयोग सचेतना | २ | १ | २ | ३ | ३ | ११ | तृतीय |

| SN | अनुकूलन उपायहरू | प्रभावकारिता (क) | खर्चको मितव्ययिता (ख) | सम्भाव्यता (ग) | लक्षित समूह (घ) | लैंगिक संवेदनशीलता (ङ) | जम्मा (क+ख+ग+घ+ङ) | प्राथमिकिकरण |
|---|---|---|---|---|---|---|---|---|
| ९ | उन्नत जातका बिउबिजनहरू सहयोग | २ | २ | ३ | ३ | ३ | १३ | द्वितीय |
| १० | एकीकृत कीरा व्यवस्थापन (IPM) प्रविधिको प्रवर्द्धन | ३ | २ | २ | ३ | ३ | १३ | द्वितीय |
| ११ | नियमित कृषि सेवा शिविर सञ्चालन | ३ | २ | २ | ३ | ३ | १३ | द्वितीय |
| १२ | कृषक दर्ता तथा अनुगमन प्रणाली विकास | २ | २ | ३ | ३ | ३ | १३ | द्वितीय |
| १३ | फसल चक्र (Crop Rotation) को प्रवर्द्धन | ३ | २ | २ | ३ | ३ | १३ | द्वितीय |
| १४ | डिजिटल सूचना प्रवाह प्रणाली (SMS/वाट्सएप/रेडियो) | १ | ३ | ३ | ३ | ३ | १३ | द्वितीय |
| १५ | कृषक समूह/सहकारीमार्फत सामूहिक रोगकिरा नियन्त्रण कार्यक्रम | २ | ३ | ३ | ३ | ३ | १४ | प्रथम |
| | | | | | | | | |
| **मिचाहा प्रजाती** | | | | | | | | |
| १ | कम्पोष्ट मल बनाउने | २ | ३ | ३ | ३ | ३ | १४ | प्रथम |
| २ | बायो ब्रिकेट बनाउन तालिम तथा उपकरण सहयोग | २ | ३ | ३ | ३ | ३ | १४ | प्रथम |
| ३ | झोल मल बनाउन तालिम तथा सामग्री सहयोग | २ | ३ | २ | ३ | ३ | १३ | द्वितीय |
| ४ | निरन्तर रूपमा वन रेखदेख गर्ने | ३ | ३ | १ | २ | ३ | १२ | द्वितीय |
| ५ | समुदायमा जनचेतना कार्यक्रम सञ्चालन | ३ | ३ | २ | ३ | ३ | १४ | प्रथम |
| ६ | स्थानीय मिचाहा प्रजाती पहिचान तथा सूचीकरण | २ | ३ | २ | ३ | ३ | १३ | द्वितीय |
| ७ | सामूहिक हटाउने अभियान | १ | ३ | २ | ३ | ३ | १२ | द्वितीय |

| SN | अनुकूलन उपायहरू | प्रभावकारिता (क) | खर्चको मितव्ययिता (ख) | सम्भाव्यता (ग) | लक्षित समूह (घ) | लैंगिक संवेदनशीलता (ङ) | जम्मा (क+ख+ग+घ+ङ) | प्राथमिकिकरण |
|---|---|---|---|---|---|---|---|---|
| ८ | मिचाहा प्रजातीबाट हस्तकला / बनौटी सामान उत्पादन तालिम | २ | २ | २ | ३ | ३ | १२ | द्वितीय |
| ९ | प्राकृतिक शत्रु (Biological Control) परिचय | २ | ३ | २ | ३ | ३ | १३ | द्वितीय |
| १० | जैविक खरपतवार नाशक प्रवर्द्धन | २ | २ | २ | ३ | ३ | १२ | द्वितीय |
| ११ | मिचाहा प्रजाती सम्बन्धी नीतिगत सरोकार सम्बोधन | २ | ३ | २ | ३ | ३ | १३ | द्वितीय |
| | | | | | | | | |
| पशु रोग | | | | | | | | |
| १ | खोप तथा नियमित रोग परीक्षण | ३ | २ | २ | ३ | ३ | १३ | द्वितीय |
| २ | सन्तुलित आहार तथा पोषण व्यवस्थापन | ३ | १ | २ | ३ | ३ | १२ | द्वितीय |
| ३ | पशु आवास सुधार | २ | २ | २ | ३ | ३ | १२ | द्वितीय |
| ४ | पानीको सरसफाइ र पोषक तत्वयुक्त पानी उपलब्धता | ३ | १ | २ | ३ | ३ | १२ | द्वितीय |
| ५ | गोठ सफाइ र फोहोर व्यवस्थापन | ३ | १ | २ | ३ | ३ | १२ | द्वितीय |
| ६ | कीट-नियन्त्रण तथा बाह्य परजीवीको नियन्त्रण | २ | १ | २ | ३ | ३ | ११ | तृतीय |
| ७ | चरन व्यवस्थापन | २ | ३ | २ | ३ | ३ | १३ | द्वितीय |
| ८ | स्थानान्तरणीय गोठ वा सुरक्षित स्थानमा स्थानान्तरण | ३ | १ | २ | ३ | ३ | १२ | द्वितीय |
| ९ | स्थानीय ज्ञान र परामर्श प्रयोग | २ | ३ | ३ | ३ | ३ | १४ | प्रथम |

# परिच्छेद पाँच – जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण मुलप्रवाहिकरण

जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण (DRR) जस्ता जटिल तथा बहुआयामिक विषयहरूलाई दिगो र प्रभावकारी रूपमा कार्यान्वयन गर्न नीति, योजना र बजेट तहमा यसको समावेशीकरण (मूलप्रवाहिकरण) गर्नु अत्यन्त आवश्यक छ। यस्तो मूलप्रवाहिकरण भनेको नीतिगत निर्णय, विकास योजना, बजेट निर्माण प्रक्रिया तथा सेवा प्रवाहमा जलवायु तथा विपद् सन्दर्भलाई संस्थागत रूपमा समेट्नु हो, जसले दीर्घकालीन समाधान र जोखिम न्यूनीकरण प्रणालीलाई सुदृढ गर्छ। यस कार्यमा संघ, प्रदेश र स्थानीय सरकारबीचको ठाडो समन्वयले एकीकृत नीतिहरूको निर्माण र कार्यान्वयनलाई सुनिश्चित गर्छ भने एउटै तहमा रहेका विभिन्न मन्त्रालय, निकाय तथा सरोकारवालाबीचको तेर्सो समन्वयले योजनाहरूलाई समन्वित, उद्देश्यकेन्द्रित र प्रभावकारी बनाउँछ। संघीय तहमा नीति निर्माण, प्रदेशस्तरमा प्राविधिक र स्रोत सहयोग तथा स्थानीय तहमा योजना कार्यान्वयनमार्फत यी तहहरूले परिपूरक भूमिका निर्वाह गर्छन्। यस्तै, वातावरण, जलस्रोत, कृषि, पूर्वाधार लगायतका मन्त्रालयबीच समन्वय भएमा स्रोतको दोहोरो प्रयोग घटाई साझा उद्देश्यअनुसार काम गर्न सकिन्छ। जलवायु अनुकूलन तथा DRR लाई नीति, आवधिक योजना तथा वार्षिक कार्ययोजनामा स्पष्ट प्राथमिकता दिई समावेश गर्नु अनिवार्य छ, जसमा दीर्घकालीन दृष्टिकोण, वातावरणीय प्रभाव मूल्यांकन, र स्थानीय अनुकूलन योजना (जस्तै LAPA, LDCRP) सँगको समन्वय आवश्यक हुन्छ। साथै, NGOs/INGOs, सामुदायिक संस्था, निजी क्षेत्र र शैक्षिक/अनुसन्धान संस्थाहरूले तालिम, स्रोत, नवप्रवर्तन तथा सूचना प्रवाहमार्फत महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन्। यस्तो बहुआयामिक समन्वयले समावेशी, वातावरणमैत्री र जोखिम न्यूनीकरणमुखी विकास सुनिश्चित गर्ने आधार तयार गर्छ, जसका लागि सबै तह र क्षेत्रका सरोकारवालाबीच संस्थागत, रणनीतिक र निरन्तर समन्वय अपरिहार्य हुन्छ।

## ५.१ आवधिक योजना तथा विकासका नीतिहरुमा मूलप्रवाहीकरण

रामारोशन गाउँपालिकामा स्थानीय अनुकूलन कार्ययोजना (LAPA) निर्माणको प्रक्रिया जलवायु परिवर्तनसँग सम्बन्धित स्थानीय सन्दर्भ, जोखिमको अवस्था, उपलब्ध स्रोतसाधन, तिनको गुणस्तर तथा पहुँच, र समुदायका अनुकूलन एवं जोखिम न्यूनीकरणका आवश्यकताका स्पष्ट पहिचानमा आधारित हुनेछ।

हालसम्म पालिकाले Municipal Profile, Periodic Plan, वा Transportation Management Plan जस्ता आधारभूत नीति तथा योजना दस्तावेजहरू निर्माण नगरेको भए पनि, विपद् व्यवस्थापनसम्बन्धी संरचना भने स्थापना भइसकेको छ। पालिकामा अध्यक्षको संयोजकत्वमा गठन भएको विपद् व्यवस्थापन समिति

र वातावरण तथा विपद् व्यवस्थापन समिति LAPA निर्माण देखि यसको कार्यान्वयन, मूलप्रवाहीकरण र मूल्याङ्कनका लागि महत्त्वपूर्ण संस्थागत माध्यमका रूपमा क्रियाशील हुनेछन्।

LAPA तर्जुमाको प्रक्रियामा नेपाल सरकारको राष्ट्रिय जलवायु नीति, राष्ट्रिय तथा प्रादेशिक योजना आयोगका आधारपत्र, र दीर्घकालीन विकास लक्ष्यहरूलाई मार्गदर्शकका रूपमा लिइएको छ । यसमा जलवायु परिवर्तनको प्रत्यक्ष प्रभावमा रहेका परिवार, समुदाय, वडा वा पालिकालाई आफ्ना प्राथमिकता र आवश्यकता स्पष्ट रूपमा अभिव्यक्त गर्न सशक्त बनाइनेछ, जसलाई आवधिक योजना र विकास नीतिहरूमा संस्थागत रूपमा समावेश गरिनेछ।

कार्ययोजनाहरूको प्रभावकारी कार्यान्वयनका लागि सरकारी, गैरसरकारी, विकास साझेदार तथा निजी क्षेत्रका स्रोत र क्षमताहरू समन्वय गरी परिचालन गरिनेछ। जलवायु अनुकूलन तथा जोखिम न्यूनीकरणसम्बन्धी प्राविधिक रूपमा जटिल तथा उच्च स्रोतसाधन आवश्यक हुने कार्यक्रमहरू बहुवर्षीय तथा दीर्घकालीन योजना अन्तर्गत समायोजन गरिनेछन्।

त्यस्तै, संघीय, प्रदेश तथा स्थानीय तहबीचको समन्वय आवश्यक पर्ने जलवायु सम्बन्धी परियोजनाहरूलाई आवधिक योजनामा एकीकृत गरी कार्यान्वयन सहज बनाइनेछ।

हालका दिनहरूमा जिल्ला तथा स्थानीय तहमा कार्यरत विभिन्न संघ-संस्थाहरू द्वारा सञ्चालित जनचेतना र क्षमता अभिवृद्धि कार्यक्रम (जस्तै, नेपाली सेनाको टोलीद्वारा सञ्चालित भूकम्प, पहिरो, आगलागी र चट्याङसम्बन्धी जनचेतना अभ्यास) हरूले विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन र उत्थानशील समाज निर्माणको पूर्वाधार तयार गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन्।

अन्ततः, विपद् व्यवस्थापन समिति र वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजनमा LAPA कार्यान्वयन, मूलप्रवाहीकरण, अनुगमन र मूल्याङ्कन प्रक्रियाहरूलाई संस्थागत बनाइनेछ। यसले जलवायु परिवर्तन र विपद् व्यवस्थापनका कार्यक्रमहरूलाई रामारोशन गाउँपालिकाको वार्षिक, आवधिक तथा दीर्घकालीन योजनामा स्थायीत्वका साथ समावेश गर्ने आधार सुनिश्चित गर्नेछ।

## ५.२ स्थानीय तहको वार्षिक योजना, बजेट तर्जुमा र अनुगमन तथा मूल्यांकन प्रक्रियामा मूलप्रवाहीकरण

रामारोशन गाउँपालिकामा स्थानीय अनुकूलन कार्ययोजना (LAPA) को निर्माण प्रक्रिया जलवायु परिवर्तनसँग सम्बन्धित जोखिम, स्थानीय सन्दर्भ र स्रोत साधनको अवस्थाको विश्लेषणमा आधारित छ। यो कार्ययोजना केवल एक पृथक दस्तावेज नभई, पालिकाको वार्षिक योजना, बजेट तर्जुमा तथा अनुगमन र मूल्याङ्कन प्रणालीमा मूलप्रवाहीकरण गरिनुपर्ने नीति साधनको रूपमा अघि बढाइएको छ।

LAPA को प्रभावकारी कार्यान्वयन र संस्थागत स्वामित्वको सुनिश्चितताका लागि वडा, टोल र बस्ती स्तरदेखि नै एकीकृत योजना तर्जुमा समिति, जनप्रतिनिधि, राजनीतिक दल, सामाजिक संस्था, सामुदायिक वन उपभोक्ता समूह, र अन्य सरोकारवालाहरू सँग चरणबद्ध छलफल र सहकार्य गरिएको छ। यस प्रक्रियाबाट प्राप्त सुझावहरूका आधारमा वडा-स्तरीय अनुकूलन प्राथमिकता समेटेर LAPA को प्रारूप तयार गरिएको छ, जसलाई गाउँसभाबाट अनुमोदनपछि कार्यान्वयनमा ल्याउने तयारी भइरहेको छ।

LAPA मा पहिचान गरिएका क्रियाकलापहरू गाउँपालिकाको वार्षिक योजना र बजेटमा समावेश गर्नका लागि विषयगत सेवा प्रदायक निकायहरूसँग प्रस्तुतीकरण र समन्वय गरिएको छ। साथै, ती कार्यक्रमहरू योजना सूचीमा समावेश नभएमा नियमित योजना तर्जुमा चक्रमार्फत जिल्ला समन्वय समिति, विषयगत कार्यालयहरू, र अन्य साझेदार निकायहरू समक्ष प्रस्तुत गरी स्रोत परिचालन र कार्यान्वयनको पहल गरिनेछ।

## भविष्यका रणनीतिहरू र समायोजन प्रक्रिया

रामारोशन गाउँपालिकाको आगामी आवधिक योजना, वार्षिक नीति, तथा रणनीतिहरूमा LAPA लाई उच्च प्राथमिकता दिइनेछ। यसका प्राथमिकताहरूलाई संघीय सरकारको "रातो किताब" मा समावेश गराउन वातावरण मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग समन्वय गरी पहल गरिनेछ, जसबाट LAPA सम्बन्धी कार्यक्रमहरू राष्ट्रिय विकास कार्यक्रम सँग जोडिन सक्नेछन्।

## मूलप्रवाहीकरणका लागि पहिचान गरिएका प्रमुख कार्यहरू

### क) तत्काल गर्नुपर्ने कार्यहरू

- LAPA र यस अन्तर्गतका क्रियाकलापहरूबारे जनस्तरमा सचेतना अभिवृद्धि गर्ने;
- योजना पुस्तिका तथा प्राथमिकता प्राप्त क्रियाकलापहरूलाई सम्बन्धित विषयगत निकायहरूसँग समन्वय गरी सहयोगको लागि पैरवी गर्ने।

### ख) योजना तर्जुमा प्रक्रियामा समायोजन गर्नुपर्ने पक्षहरू

समुदाय-आधारित सहभागितामूलक योजना निर्माण प्रक्रियालाई संस्थागत गर्दै स्थानीय शासन प्रणालीमा समावेश गर्नु स्थानीय विकास योजनाको प्रभावकारिता सुनिश्चित गर्ने प्रमुख आधार हो। टोल/बस्तीस्तरको अभ्यासलाई औपचारिक संरचनामा रुपान्तरण गरी सामाजिक समावेशिता, समान पहुँच र स्थानीय स्वामित्व प्रवर्द्धन गरिन्छ। योजना तर्जुमा प्रक्रियामा साक्ष्य-आधारित निर्णय प्रणाली अपनाई प्राथमिकताको स्पष्ट ढाँचा विकास गरिन्छ, जसले पारदर्शिता, जवाफदेहिता र औचित्यता सुनिश्चित गर्छ। साथै, उत्तरदायित्वको विकेन्द्रीकरणमार्फत प्रतिनिधिहरूले योजना माथिल्लो तहसम्म लैजाने जिम्मेवारी निर्वाह गरी लोकतान्त्रिक निर्णय प्रणाली र "तलबाट माथि" शासन प्रणालीको व्यवहारिक अभ्यासलाई संस्थागत गरिन्छ।

*तालिका ५६: योजना तर्जुमा प्रक्रियामा समायोजन गर्नुपर्ने पक्षहरू*

| पक्षहरू | योजना तर्जुमाको स्तर | आवश्यक तयारी | जिम्मेवारी |
|---|---|---|---|
| **टोल/बस्ती स्तर** | - टोल/बस्ती सभाको आयोजना<br>- समुदायको सरोकार समेट्ने प्रक्रिया | - स्थानीय आवश्यकताको पहिचान<br>- LAPA सँग सम्बन्धित प्राथमिकता संकलन | - स्थानीय समूह प्रतिनिधि (जस्तै उपभोक्ता समूह/सञ्जाल) - टोल संयोजक |
| **वडा स्तर** | - वडास्तरीय योजना मेला<br>- योजनाको समष्टिगत संकलन | - वडास्तरीय योजना फारम तयार<br>- प्राथमिकताको वर्गीकरण | - वडा अध्यक्ष/वडासभा सदस्यहरू<br>- योजना संयोजक |
| **नगरपालिका स्तर** | - पालिकास्तरीय समन्वय समिति/योजना शाखा मार्फत योजनाहरूको एकीकरण | - बहुवर्षीय योजना पुस्तिका, बजेट विनियोजन ढाँचा तयार गर्ने | - योजना शाखा, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत |
| **विषयगत क्षेत्रका योजनाहरू** | - विषयगत समिति/शाखा मार्फत योजना तर्जुमा | - विषयगत आवश्यकता निर्धारण र विश्लेषण<br>- रणनीतिक योजना पुस्तिका तयारी | - विषयगत शाखा प्रमुखहरू<br>- सरोकारवाला निकायको प्रतिनिधित्व |
| **विभिन्न परियोजनाहरू** | - परियोजना अनुसार योजना समायोजन प्रक्रिया अपनाउने<br>- क्षेत्रीय/संघीय मापदण्ड अनुसार | - परियोजनागत गाइडलाइन अनुसार प्रारम्भिक योजना मूल्यांकन<br>- समन्वयात्मक कार्ययोजना | - परियोजना संयोजक, अनुगमन समिति<br>- साझेदार संस्था/संघसंस्थाहरू |

उल्लेखित व्यवहारिक कुरालाई सैद्धान्तिक भाषामा व्याख्या गर्नुहोस :

- टोल/बस्तीस्तरको योजना तर्जुमा अभ्यासलाई संस्थागत बनाउने।
- प्राथमिकता निर्धारणको स्पष्ट ढाँचा विकास गरी समुदायबाट योजना संकलन गर्ने।
- उत्तरदायित्व स्पष्ट पार्ने: बस्तीबाट प्रतिनिधित्व गर्ने सदस्य, सरोकारवाला व्यक्ति वा विषयगत संयोजकहरूले योजनालाई पालिकास्तरसम्म लैजाने जिम्मेवारी निर्वाह गर्ने।

## परिच्छेद छ – अनुगमन तथा मुल्याङ्कन योजना

रामारोशन गाउँपालिकाको अनुकूलन कार्ययोजनामा समेटिएका घरधुरी, स्थानीय समुदाय, उपभोक्ता समूह, सरोकारवाला निकायहरू, तथा विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन उपसमिति, कार्यपालिका सदस्यहरू लगायत सबैको सक्रिय सहभागितामा कार्यान्वयनको प्रभावकारी अनुगमन गरिनेछ। गाउँपालिका स्तरको अनुगमन तथा मूल्याङ्कन समितिको नेतृत्वमा कार्यान्वयनको नियमित अनुगमन गरिनेछ, जसका लागि पूर्वतः अनुगमनको स्पष्ट कार्ययोजना (खाका) तयार गरिनेछ।

अनुगमन गर्नुअघि समितिका पदाधिकारीहरूलाई आवश्यक अभिमुखीकरण तथा प्रशिक्षण प्रदान गरिनेछ, ताकि उनीहरूले योजनाको उद्देश्य, सूचक, उपलब्धि, तथा कमजोरीको यथार्थ मूल्याङ्कन गर्न सकून्। अनुगमनका क्रममा संकलन गरिएका तथ्य, फिडब्याक, र निरीक्षणलाई अभिलेखिकृत गरी व्यवस्थित रिपोर्ट तयार गरिनेछ, जुन आगामी योजनाको संशोधन र सुधारको आधार बन्नेछ।

प्रत्येक आर्थिक वर्षको अन्त्यमा वार्षिक मूल्याङ्कन गरिनेछ भने कार्ययोजनाको समापनमा अन्तिम मूल्याङ्कन गरिनेछ। यस मूल्याङ्कनमार्फत कार्यक्रमको प्रभावकारिता, सहनशीलता निर्माणमा परेको योगदान, चुनौती र सिकाइ पहिचान गरिनेछ, जसले आगामी कार्ययोजनाहरू थप प्रभावकारी बनाउन सहयोग पुऱ्याउनेछ।

कार्यक्रमको गुणस्तर र उद्देश्य सुनिश्चित गर्न लाभान्वित वर्ग (जस्तै महिला, विपन्न समुदाय, कृषक समूह आदि) र सरोकारवाला संस्थाहरूबाट प्राप्त सुझाव तथा गुनासोलाई योजनाको कार्यान्वयन प्रक्रियामा समावेश गरिनेछ। साथै, वडा, गाउँपालिका र सम्बन्धित समूहहरूले स्वअनुगमन र मूल्याङ्कन गर्नेछन्, साथै आवश्यक परेमा विकास साझेदार तथा सहयोगी निकायहरूसँग संयुक्त अनुगमन तथा मूल्याङ्कन गरिने व्यवस्था गरिनेछ।

योजनाको पारदर्शिता तथा जवाफदेहिता सुनिश्चित गर्न कार्यान्वयन सम्पन्न भएपछिको चरणमा सम्बन्धित क्रियाकलापको सार्वजनिक लेखा परीक्षण (social audit) गरिनेछ। यसले योजनामा सहभागी सबै पक्षलाई उत्तरदायी बनाउनेछ र समुदायको विश्वास र स्वामित्व पनि बढाउनेछ।

*तालिका ५७: अनुगमन तथा मूल्यांकन योजना खाका*

| अनुगमन तह | किन | कसले | कहिल | कसरी |
|---|---|---|---|---|
| वडा तहको अनुगमन (क्रियाकलाप तहमा) | पारदर्शीता र अपनत्व कायम गर्न अनुकूलन कार्यहरुको प्रभावकारी कार्यान्वयन गर्न | वडा समिति वडा स्तरिय अनुगमन समिति | हरेक कार्यक्रम सञ्चालन पूर्व, सञ्चालनका क्रममा र सम्पन्न भएको १ महिनाभित्र | सार्वजनिक लेखा परिक्षण, स्वः अनुगमन तथा मूल्याङ्कन, होर्डिंग वोर्ड अवलोकन |
| नगरपालिका तहका अनुगमन (प्रक्रिया र प्रगतिहरु तहमा) | कार्यक्रमको गुणस्तर कायम गर्न, योजना र प्रगतिको लेखाजोखा गर्न, कार्यक्रमको प्रभावकारीता वृद्धि गर्दै समयमा कार्य सम्पन्न गर्न | कार्यपालिका सदस्य, अनुगमन समिति, वातावरण तथा विपद व्यवस्थापन समिति, विपद व्यवस्थापन समिति, स्थानिय पत्रकार, कर्मचारी तथा सहयोगी निकायहरु | अर्धवार्षिक रुपमा (पौष र असारमा) | समिक्षा तथा योजना तर्जुमा वैठक तथा गोष्ठी |
| | | | त्रैमासिक | फिल्ड अनुगमन भ्रमण |
| | | | त्रैमासिक | संकटासन्न वर्गहरुसँग अन्तरक्रिया |
| | | | नियमित | फोटो तथा घटना सकलन |
| | | | वार्षिक | वार्षिक प्रगति पतिवदन |
| जिल्ला तहका अनुगमन | अन्तर पालिका समन्वयन तथा अभ्यास/सिकाइ आदान प्रदान गर्न पारदर्शिता र प्रभावकारिता अभिवृद्धि गर्न | समन्वयन समितिका पदाधिकारीहरु | अर्धवार्षिक / वार्षिक | फिल्ड अनुगमन भ्रमण |
